नेपालमा दृष्टिविहीन विधार्थी मैत्री मुल्यांकन प्रणाली

प्रकाशनः

नेत्रहीन युवा संघ नेपाल (बायन)

अध्यायन एवं लेखनः

समन्यायिक कानुनी सेवा तथा अनुसन्धान केन्द्र. प्रा.लि.

दृष्टी सम्बन्धी अपांगता भएका व्यक्तिको शैक्षिक मुल्यांकन पद्दती सम्बन्धी एक अध्ययन

भाद्र २०८२

<u>नेपालमा दृष्टिविहीनमैत्री मुल्यांकन प्रणाली, एक अध्ययन</u>

प्रकाशनः

नेत्रहीन युवा संघ नेपाल (बायन)

प्रतिवेदकः

समन्यायिक कानुनी अनुसन्धान तथा सेवा केन्द्र. प्रा.लि.

अनामनगर, काठमाण्डौं, नेपाल

प्रतिवेदन लेखनः

अधिवक्ता जीवनकुमार आचार्य

अधिवक्ता सुस्मा ढकाल

सन्दीप थापा

अलका वाग्ले

सम्पर्कः

फोनः 9861292120, 9867757912

ई-मेल: Law.samanyayik@gmail.com

वेबसाइटः https://www.samanyayik.com/

भाद्र २०८२

नेपालमा दृष्टिविहीनमैत्री मूल्याङ्कन प्रणाली।

प्राककथनः

नेपालले शिक्षालाई आधारभुत मौलिक हकको रुपमा संविधानतः अहरणीय नैसर्गीक हकको रुपमा ब्यवस्था गरेको देखिन्छ । संविधानको सो ब्यवस्था एवं नेपालद्वारा अनुमोदित बिभिन्न अन्तराष्ट्रिय सन्धी एवं महासन्धि तथा अन्य राष्ट्रिय कानुन एवं नीतिगत ब्यवस्थामार्फत नेपालले दृष्टी सम्बन्धी अपांगता भएका व्यक्तिको शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चित गरेको पाइन्छ। शिक्षाको हक केवल पढ्न पाउने अधिकार मात्र रहेको अर्थमा संकुचित रूपले बुझ्ीनु हुदैन । बरू कुनै पनि व्यक्तिले आफ्नो रुची, क्षमता, दक्षता र चहाना अनुरुप, प्रचलित राष्ट्रिय शिक्षा प्रणालीमा मुल प्रवाहिकरणसहित पहुँचयुक्त माध्यम, तरिका र पद्दतीअन्तर्गत हासिल गर्न पाउने समग्र शैक्षिक अधिकारको अर्थमा यसलाई ब्यापक रुपमा बुझ्नु आवश्यक छ ।

विद्यार्थीको सिकाइ स्तरको अवस्था मापन गरी सिकाइ रणनीति तय गर्न शैक्षणिक मुल्यांकनको महत्वपुर्ण भुमिका हुन्छ । यसका आधारमा विद्यार्थीले भविष्यमा हासिल गर्न सक्ने संभाव्य सिकाइ उपलब्धी एवं शैक्षिक प्रदर्शनको प्रक्षेपण गर्न सकिन्छ। मुल्यांकनलाई विद्यार्थीको ज्ञान, सीप र क्षमताको यथार्थपरक मापन गर्ने साधनको रुपमा पनि लिने गरेको पाइन्छ। तर मूल्याङ्कन प्रणाली सबैका लागि समान, पहुँचयुक्त र विद्यार्थी केन्द्रित नहुँदा त्यसबाट विद्यार्थीको क्षमता उजागर हुनुको सट्टा उनीहरूका लागि एक संरचनागत अवरोध सिर्जना गर्दछ। नेपालमा दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थीले लामो समयदेखि यही अवरोध र असमानताको सामना गर्दै आइरहेका छन्। यही परिद्रिष्यलाई मध्यनजर गर्दै नेत्रहीन युवा संघ नेपाल (बायन)ले "नेपालमा दृष्टिविहीनमैत्री मुल्यांकन प्रणाली" सम्बन्धी यो अध्ययन सम्पन्न गरेको छ। यस अध्ययन एवं प्रतिवेदन तयारीका लागी समन्यायिक कानुनी सेवा तथा अनुसन्धान केन्द्र प्रा.लि.लाई छनौट गरेकोमा हामी नेत्रहीन युवा संघ नेपालप्रती आभार प्रकट गर्दछौँ। यो प्रतिबेदन मानव अधिकार र सामाजिक न्याय र त्यसमा पनि विशेष गरी अपाङ्गता भएका व्यक्तिलगायत सीमान्तकृत समुदायको अधिकार प्रवर्द्धन गर्ने हाम्रो संस्थागत प्रतिबद्धताको एक हिस्साको रूपमा रहने छ ।

हामीले नेपालको विद्यमान परीक्षा प्रणालीले दृष्टिविहीन तथा न्यून दृष्टियुक्त विद्यार्थीमाथि पारेको बहुआयामिक प्रभावको विश्लेषण गर्दै उनीहरूका जीवन्त अनुभव, चुनौती, भोगाइ एवं भावी सपनालाई समेत अभिलेखीकरण गरेका छौं। यो प्रतिवेदन लक्षित समूह छलफल, सर्वेक्षण, राष्ट्रिय एवं अन्तराष्ट्रिय अभ्यासको अध्ययन, विभिन्न लेख रचना तथा सोधपत्रको विश्लेषण, र सम्बन्धित सरोकारवालासँगको गहन छलफलको समष्टी हो। यसमा विद्यार्थिका भावना जरुर छन्, तर केवल भावनाको अभिलेखिकरण

अध्ययनको उद्देश्य भने होइन । बरू, दृष्टिविहीन विद्यार्थीको मुल्यांकन र परिक्षा प्रणालीका सन्दर्भमा रहेका समस्याको पहिचान गरी एक ठोस एवं कार्यान्वयनयोग्य समाधान प्रस्तुत गर्नु यसको मुख्य उद्देश्य हो। यसैअनुरूप हामीले सिकाइको सर्वाङ्कुलित ढाँचा (Universal Design for Learning - UDL) र मूल्याङ्कनको सर्वाकुलित ढाँचा (UDA) का सिद्धान्तमा आधारित "दृष्टिविहीन-मैत्री मूल्याङ्कन प्रणालीको प्रस्तावित नमुना फ्रेमवर्क" समेत तय गरेका छौँ।

आफ्ना व्यक्तिगत र पीडादायी अनुभव हामीसँग बाँडेर यो अध्ययनलाई सार्थक बनाउन सहयोग गर्ने तमाम दृष्टिविहीन विद्यार्थीप्रति हामी हार्दिक आभार व्यक्त गर्न चाहन्छौं। सन्जिवनी नमुना माध्यमिक विद्यालयमा अध्यनरत विद्यार्थी, नेपाल नेत्रहीन संघमा कम्प्युटर प्रशिक्षणमा सहभागी माध्यमिक शिक्षा उत्तीर्ण परिक्षामा सम्मिलित देशका बिभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थी लगायत अनलाइन सर्वेक्षणमा भाग लिने एवं समुह लक्षित छलफलमा सक्रियतापुर्वक सहभागीता जनाउने सम्पुर्ण विद्यार्थी धन्यवादका पात्र हुनुहुन्छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रअन्तर्गत समावेशी शिक्षा शाखामा शाखा अधिकृतको रुपमा कार्यरत दिपक माझी, राष्ट्रिय परिक्षा बोर्डका अध्यक्ष महाश्रम शर्मा लगायतले यस प्रतिबेदन तयारीका क्रममा उपलब्ध गराउनुभएको सहायता र सुचनाप्रति हामी आभारी छौं। सिकाइको सर्वाकुलित ढाँचाका सम्बन्धमा बिज्ञता हासिल गर्नुभएका रमेश बराल, दृष्टिविहीन विद्यार्थीलाई विशेष शिक्षा प्रदान गर्ने नेपालको एकमात्र विद्यालय पुर्वाञ्चल ज्ञानचक्षु माध्यमिक विद्यालय धरानका प्रधान अध्यापक प्रमोद भंडारी लगायत सम्पुर्णमा हामी आभार प्रकट गर्दछौं। प्रतिवेदन तयार गर्दै गर्दा हामीलाई आफ्ना धारणा तथा सुझाव उपलब्ध गराउने नेत्रहिन युवासंघ नेपालका पदाधीकारी तथा कर्मचारिहरू प्रति हामी आभार नरहिरहँन सक्दैनौँ।

समन्यायिक कानुनी सेवा तथा अनुसन्धान केन्द्र प्रा.लि. नेपालमा सीमान्तकृत, अल्पसंख्यक र जोखिममा परेका समुदायका लागि मानव अधिकार र सामाजिक न्यायको प्रवर्द्धन गर्ने उद्देश्यसहित युवा कानुन व्यवसायी एवं कानुन अध्ययनरत विद्यार्थीको संयुक्त पहलमा कम्पनी ऐन २०६३ अन्तर्गत स्थापित कम्पनी हो । यसले कानुनी सेवाको उपलब्धता, सामाजिक न्यायमा पहुँच अभिवृद्दीका लागी आवश्यक वकालत एवं पैरवी, तथा अध्ययन अनुसन्धान र परामर्श गरी मुख्यतः तीन क्षेत्रमा काम गर्दै आएको छ। समन्यायिक कानुनी सेवाका अधिवक्ता जीवनकुमार आचार्य, अधिवक्ता सुस्मा ढकाल, सन्दीप थापा तथा अलका वाग्लेको सामुहिक प्रयत्नबाट यो प्रतिबेदन तयार भएको छ । प्रतिबेदन अध्ययनपश्चात यहाँलाई लागेका विषय, सुझाव सल्लाह, रचनात्मक समालोचना एवं टिप्पणी कम्पनीको ई-मेल ठेगानाः law.samanyayik@gmail.com मा उपलब्ध गराइदिनुभएमा हामी पाठकहरूसंग अनुग्रिहित हुनेछौँ । यो प्रतिवेदन नीति-निर्माता, राष्ट्रिय परीक्षा बोर्ड, पाठ्यक्रम विकास

केन्द्र, विश्वविद्यालय, स्थानीय सरकार र शिक्षा क्षेत्रका सरोकारवालाका लागि एक महत्त्वपूर्ण साधन बन्नेमा हामी आशावादी छौँ। यसमा प्रस्तावित सिफारिसको इमानदार कार्यान्वयनले नेपालको शैक्षिक मूल्याङ्कन प्रणालीलाई वास्तवमै समावेशी, न्यायोचित र समतामूलक बनाउने दिशामा प्रगतीशील भुमिका निर्वाह गर्ने कुरामा समेत हामी विश्वस्थ छौँ।

धन्यवादः

समन्यायिक कानुनी सेवा तथा अनुसन्धान केन्द्र परिवार

अनामनगर, काठमाण्डौं, नेपाल

मिति: १७ भाद्र, २०८२,

तदअनुसार: २ सेप्टेम्बर, २०२५

विषय सुची

प्राककथनः 2
अध्याय १. पृष्ठभुमी 1
१.१ अपाङ्गता भएका व्यक्तिको शैक्षिक मूल्याङ्कनमा पहुँचयुक्तता तथा उपयुक्त अनुकुलता 2
१.२ अपाङ्गता भएका विद्यार्थिका निम्ति परिक्षाको स्तरीकरण, अनुकुलन, परिमार्जन र सर्वाकुलित ढाँचा....4
१.३ दृष्टिसम्बन्धि अपाङ्गता भएका विद्यार्थिको शैक्षिक मुल्याङ्कन 8
१.४ नेपालमा द्रिष्टिसम्बन्धि अपाङ्गता भएका विद्यार्थिको शैक्षिक मूल्याङ्कन....10
१.५ प्रतिवेदनका उद्देश्य....12
१.५.१ विशिष्ट उद्देश्यः 12
अध्याय २. राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी ब्यवस्थाको संक्षिप्त सिंहावलोकन....13
२.१ सलामांका स्टेटमेन्ट (UNESCO Salamanca Statement, 1994....13
२.२ अपांगता भएका ब्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी 13
२.३ दिगो बिकास लक्ष्य....14
२.४ नेपालको संविधान....14
२.५ अपांगता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐन....14
२.६ अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली 15
२.७ अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७४....16
२.८ शिक्षा नियमावली २०५९ 16
२.९ विशेष शिक्षा सञ्चालन सम्बन्धी निर्देशिका २०६० 17
२.१० माध्यमिक शिक्षा उत्तीर्ण (एस.एल.सी) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६८....18
२.११ राष्ट्रिय शिक्षा नीति २०७६....19
अध्याय ३. अध्ययनको नतिजा 20
३.१ अध्ययनको पृष्ठभूमि तथा विधि (Background and Methodology)....20
३.२ सिकाइ माध्यम तथा पाठ्यसामग्रीको पहुँच (Learning Mediums and Access to Textbooks)....21
३.२.१ पहुँचयुक्त पाठ्यसामग्रीको अभाव....22
३.३ परिक्षामा सहभागिता तथा मूल्याङ्कन विधि (Participation in Examination and Assessment Methods) 23
३.३.१ मौखिक विधिबाट दिइने परीक्षा (Oral Examination)....24
३.३.२ ब्रेल लिपिमा परीक्षा (Braille Exams)....25
३.३.३ मानव वाचकः (Human Reader) 27
३.३.४ लेखन सहयोगीः (Ascribes) 28
३.३.५ कम्प्युटर प्रयोग गरी दिइने परीक्षा(Computer-Based Examination)....35
३.४ परिक्षामा उपलब्ध हुने उपयुक्त अनुकुलता(Reasonable Accommodation in Examination) 36

३.४.१ उपयुक्त अनुकुलतामा असन्तुष्टी 38

३.५ सहायक प्रविधीको पहुँच (Access to assistive Technology))..38

३.६ अतिरिक्त समयको एकरुपताको अभाव 40

३.७ दृष्टिविहीन परिक्षार्थीका हकमा चित्रात्मक तथा ज्यामितीय प्रश्न...42

३.८ न्युन दृष्टियुक्त परिक्षार्थीका सवाल..44

३.९ अन्य चुनौती 45

३.१० परिक्षार्थीको रोजाइको परिक्षाको माध्यमः कम्प्युटर आधारित परिक्षा 46

३.११ नतिजामा समस्या..48

३.१२ दृष्टिविहीन परिक्षार्थीका हकमा विद्यालयका प्रयोगात्मक परीक्षा..48

३.१३ परिक्षामा होम सेन्टर...49

अध्याय ४. राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास...50

४.१ दृष्टिविहीन विद्यार्थीको शैक्षिक मुल्यांकनमा प्रचलित अन्तराष्ट्रिय अभ्यास..50

४.१.१ संयुक्त राज्य अमेरिका 50

४.१.२ भारत 52

४.२ अतिरिक्त समयसम्बन्धि केहि अन्तराष्ट्रीय अभ्यास..55

४.२.१ संयुक्त अधिराज्य बेलायत..55

४.२.२ अष्ट्रेलिया...56

४.२.३ दक्षिण अफ्रिका...56

४.३ दृष्टिविहीन विद्यार्थीको मुल्यांकन सम्बन्धी नेपालमा प्रचलित अभ्यास..56

अध्याय ५. दृष्टिविहीन-मैत्री मूल्याङ्कन प्रणाली सम्बन्धी प्रस्तावित नमुना फ्रेमवर्क...61

५.१ फ्रेमवर्क लागु हुने क्षेत्र...61

५.२ मूल्याङ्कनका मार्गदर्शक सिद्धान्त 61

५.३ परीक्षार्थीका अधिकार..62

५.४ संस्थागत संयन्त्र तथा जिम्मेवारी 63

५.५ मूल्याङ्कनको माध्यम, स्वरूप तथा सहजीकरण 66

५.६. मानव तथा प्राविधिक सहायताको व्यवस्थापन...69

५.७ पहुँचयुक्त परीक्षा सामग्रीको मापदण्ड र व्यवस्थापन...72

५.८ कम्प्युटर-आधारित मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्था..74

५.९ प्रयोगात्मक, मौखिक तथा अन्य मूल्याङ्कन विधि 76

५.१० परीक्षा केन्द्र, मूल्याङ्कन प्रकृया र नतिजा प्रकाशन...78

५.११ गुनासो सुनुवाइ, अनुगमन तथा क्षतिपूर्ति..80

५.१२ जनचेतना, क्षमता विकास र आकस्मिक व्यवस्थापन...81

अध्याय ६. निकायगत कार्यमूलक सिफारिस 82

६.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (MOEST) का लागि सिफारिस 82
६.२ पाठ्यक्रम विकास केन्द्र (CDC) आदिका लागि सिफारिस........ 83
६.३ शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) का लागि सिफारिस 84
६.४ राष्ट्रिय परीक्षा बोर्ड (NEB) का लागि सिफारिस........ 85
६.५ स्थानीय सरकार (गाउँपालिका/नगरपालिका) का लागि सिफारिस 86
अध्याय ७. सारांश 88
अध्याय ८. सन्दर्भ सामग्री 93

अध्याय -१
पृष्ठभुमी

शिक्षण सिकाइको अभिन्न अङ्ग रहेको मूल्याङ्कन प्रकृयाले विद्यार्थीको शैक्षिक प्रगति परिक्षण गर्न र उनीहरूको प्रतिभा पहिचान गरी विद्यालयका सबै प्रकारका गतिविधिमा उत्कृष्ट उपलब्धि हासिल गर्न उत्प्रेरित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ।[1] यसले शिक्षकलाई उत्तम शिक्षण-सिकाइ रणनीति बनाउन समेत सहयोग पुर्याउँछ । मूल्याङ्कन विद्यार्थीले आफ्नो शैक्षिक अनुभवको परिणामस्वरूप जानेका तथा बुझेका कुरा र आफ्नो ज्ञान प्रयोग गरी गर्न सक्ने कामको स्थिति परिक्षण गर्नका लागि विविध स्रोतबाट जानकारी सङ्कलन गरी अध्ययन गर्ने प्रकृया हो। मूल्याङ्कनबाट प्राप्त परिणाम सिकाइ सुधार गर्न प्रयोग गरिन्छ । यसै अनुरूप, शैक्षिक मूल्याङ्कनलाई सिकाइ तथा विकासमा अभिवृद्धि गर्ने प्रयोजनका लागि सञ्चालन गरिएका शैक्षिक कार्यक्रम बारेको जानकारीको व्यवस्थित सङ्कलन, समीक्षा र प्रयोगको रूपमा समेत परिभाषित गरिएको छ । तसर्थ, शिक्षार्थीको मूल्याङ्कनलाई कुनै विद्यार्थीको बारेमा सान्दर्भिक शैक्षिक जानकारी सङ्कलन गर्ने र पहिचान गर्ने व्यवस्थित प्रकृयाको रूपमा परिभाषित गर्न सकिन्छ ।[2] यसले विद्यार्थीको सिकाइको बारेमा उनीहरूले अपेक्षित उपलब्धि हासिल गरि रहे वा नरहेको सम्बन्धमा प्रमाण उपलब्ध गराई अत्यावश्यक जानकारी प्रदान गर्दछ । यसका अतिरिक्त, सङ्कलित जानकारीले शैक्षिक तथा संस्थागत सुधारका निम्ति मार्गदर्शन गर्न सक्दछ । तथापि, मूल्याङ्कन विधि मूल्याङ्कनको उद्देश्य, सन्दर्भ, तथा विद्यार्थीको आवश्यकतासँग उपयुक्त र सुसङ्गत हुनुपर्दछ । गुणस्तरीय समावेशी शिक्षाले अपाङ्गता भएका विद्यार्थीले सामना गर्ने अवरोधलाई ध्यानमा राखी विद्यार्थीको प्रगति मूल्याङ्कन तथा अनुगमन गर्ने विधिको माग गर्दछ । यसर्थ विद्यार्थी र विद्यालय दुवैको सफलताको एकमात्र सूचकको रूपमा मानकीकरण गरिने परीक्षाफलको अङ्कलाई प्रयोग गर्ने मूल्याङ्कनका परम्परागत प्रणालीले अपाङ्गता भएका विद्यार्थीलाई प्रतिकूल अवस्थामा पार्न सक्दछन् । [3]

1 Mallik Prasanta and Mishra Sudarshan, Evaluation Practices of Visually Impaired Students at Elementary School Level Teacher Perception, , Solid State Technology Volume: 64 Issue: 2, p. 1, published in 2021, https://www.researchgate.net/publication/351657253

2 SARAH NDUME MUYOMA, GRADE TWELVE NATIONAL EXAMINATION ASSESSMENTS PRACTICES FOR LEARNERS WITH VISUAL IMPAIRMENTS IN SELECTED SCHOOLS IN MWENSE AND LUSAKA DISTRICTS, ZAMBIA, The University of Zambia, 2019, P. 27

3 CRPD committee general comment 4, Para 74

१.१ अपाङ्गता भएका व्यक्तिको शैक्षिक मूल्याङ्कनमा पहुँचयुक्तता तथा उपयुक्त अनुकुलता

विभिन्न अन्तर्राष्ट्रिय महासन्धिमा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षाको मान्यतालाई आधारभूत मानव अधिकारको रूपमा स्विकार गरिएको छ । दिगो विकास लक्ष्य (SDGs) को लक्ष्य ४.१ ले सन् २०३० भित्र सबैका लागि 'निःशुल्क, समान तथा गुणस्तरीय प्रारम्भिक र माध्यमिक शिक्षा' सुनिश्चित गर्ने परिकल्पना गरेको छ[4] । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धि समितिले टिप्पणी नम्बर १३ (general comment13) मा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धि महासन्धिको धारा १३, शिक्षाको हकलाई व्याख्या गर्ने क्रममा शिक्षाको उपलब्धता, स्विकार्यता, पहुँचयुक्तता र अनुकुलयुक्तता गरी 4 As (availability, acceptability, accessibility and adaptability) जस्ता पूर्वसर्त सुनिश्चित हुनु पर्ने भनी व्याख्या गरेको छ ।[5] सोहि कुरालाई अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि अन्तराष्ट्रीय महासन्धिको समिति (CRPD समिति) ले टिप्पणि नम्बर ४ मा अपाङ्गता भएका विद्यार्थिका निम्ति थप व्याख्या गरेको छ ।[6] 'स्वीकार्यताको' अर्थ शिक्षा प्रणालीको स्वरूप र सारवस्तुसँग सम्बन्धित हुन्छ । यस अन्तर्गत पाठ्यक्रम तथा अध्यापन पद्धति समावेश हुन्छन् । साथै यसमा सकारात्मक विभेद (affirmative action) सम्बन्धी उपाय समेत समावेश हुन सक्छन् । 'अनुकूलनयोग्यता' (adaptability) को अर्थ विद्यार्थीको आवश्यकता अनुसार लचिलो तथा प्रतिक्रियाशील शिक्षा हो ।[7]

अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी समिति (CRPD समिति)ले पहुँचयोग्यता र अनुकूलनयोग्यतालाई 'सिकाइको सर्वांकुलित ढाँचा (Universal Design for Learning) सँग सम्बन्धित हुने भनी व्याख्या गरेको छ । अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि अन्तराष्ट्रीय महासन्धी को धारा ९, परिच्छेद १(क) ले विद्यालय पहुँचयोग्य हुनुपर्ने भनी स्पष्ट उल्लेख गरेको छ । तर त्यस्तो पहुँचको दायरा केवल विद्यालय भवन वा निर्मित वातावरणमा मात्र सीमित नभई विद्यालय पाठ्यक्रम, अध्यापन पद्धति तथा मूल्याङ्कन विधिमा समेत लागु हुन्छ । CRPD समितिले यसलाई स्पष्ट पार्दै महासन्धिको धारा ९ तथा पहुँचयुक्तता सम्बन्धी समितिको सामान्य टिप्पणी नं. २ (२०१४)[8] सँग सुसंगत रही शैक्षिक संस्थान तथा तिनका कार्यक्रम विना भेदभाव सबैका निम्ति पहुँचयोग्य हुनुपर्ने,

4 United Nations. (2015). Transforming our world: The 2030 agenda for sustainable development. https://sdgs.un.org/goals

5 See further analysis on the four dimensions (availability, accessibility, acceptability, and adaptability) of the right to education by the UN Committee on Economic, Social and Cultural Rights (CESCR) 'General Comment No 13' (1999) UN Doc CESCR E/C 12/1999/1 0 para 6

6 CRPD Committee, 'General Comment No 4' (n 5) paras 20, 21, 23, 24, 25.

7 BANTEKAS at all, The UN Convention on the Rights of Persons with Disabilities A Commentary› Oxford University Press, United Kingdom, Page 756 —

8 See CRPD committee, General Comment 2 on Accessibility, 2014

सम्पूर्ण शिक्षा प्रणाली-भवन, सूचना तथा सञ्चारका उपकरण (जस अन्तर्गत वातावरणीय वा फ्रिक्वेन्सी मोडुलेशन जस्ता सहायक प्रणाली), पाठ्यक्रम, शैक्षिक सामग्री, अध्यापन पद्धति, मूल्याङ्कन प्रणाली, भाषा तथा सहयोगी सेवा-सबैमा पहुँच सुनिश्चित हुनुपर्ने[9] भनी व्याख्या गरेको छ ।

समितिले पहुँचयुक्तता सम्बन्धी दायित्व र उपयुक्त अनुकुलता (reasonable accommodation) उपलब्ध गराउने दायित्वबीचको भिन्नतालाई थप व्याख्या गरेको छ । जसका अनुसार 'पहुँचयुक्तता (accessibility) सम्बन्धित हुन्छ भने उपयुक्त अनुकुलता (reasonable accommodation) व्यक्तिसँग सम्बन्धित हुन्छ' र यो पहुँचयुक्तता सम्बन्धी दायित्वको पूरक हो । यी दुई अवधारणालाई थप विस्तारमा उल्लेख गर्दा, पहुँचयुक्तता जनसङ्ख्याका समुहलाई लाभान्वित गर्ने अवधारणा हो, जुन क्रमशः कार्यान्वयन गरिने निश्चित मापदण्डको आधारमा स्थापित हुन्छ । पहुँचयुक्तता उपलब्ध गराउन असफल भएको अवस्थाको बचाउ गर्न असमानुपातिक वा अनुचित भार (disproportionate burden or undue burden) को दाबी गर्न सकिँदैन । उपयुक्त अनुकुलता भनेको व्यक्तिगत स्तरमा लागु हुने अवधारणा हो, जुन पहुँचयुक्तता सम्बन्धी दायित्वको पूरक स्वरूपमा रहन्छ र व्यक्तिको मागदावी पश्चात सक्रिय हुन्छ । राज्य पक्षले आफ्नो पहुँचयुक्तता सम्बन्धी दायित्व पुरा गरिसकेको स्थितिमा समेत व्यक्तिले वैधानिक रूपमा उपयुक्त अनुकुलता सम्बन्धी उपायको माग गर्नसक्छ ।[10] पहुँचयुक्तता क्रमशः प्रगतिशील रूपमा कार्यान्वयन गरिन्छ । अर्थात् राज्यसँग स्रोतसाधन उपलब्ध हुँदै जाँदा क्रमशः पहुँचयुक्तता लागु गरिने गरिन्छ तर यसको विपरित उपयुक्त अनुकुलता उपलब्ध गराउने राज्यको दायित्व Ex Nunc Duty हो, जसको अर्थ कुनै पनि अपांगता भएका व्यक्तिलाई कुनै विशिष्ट अवस्थामा (उदाहरणका लागि कार्यस्थल वा विद्यालयमा) यसको आवश्यकता पर्ने क्षणदेखि नै यो दायित्व कार्यान्वयनयोग्य हुन्छ ।

CRPD समितिले विभिन्न देशका प्रतिवेदनउपर टिप्पणि (Concluding Observation) गर्दै शिक्षामा उपयुक्त अनुकुलताको अश्वीकारलाई भेदभावको एक स्वरूप (अपांगताको आधारमा हुने भेदभाव) को रूपमा मान्यता दिनुपर्ने भनी व्याख्या गरेको छ ।[11] समितिका अनुसार उपयुक्त अनुकुलता उपलब्ध गराउँदा अपांगता भएका विद्यार्थीले कुनै पनि प्रकारको लागत व्यहोर्नु पर्ने स्थिति आउनु हुँदैन ।[12]

CRPD Committee, 'General Comment No 4', paras 22.

10 Ibid, para 30

11 ibid, paras 29 40; Tennessee v Lane et al, 541 US 509 124 S Ct 1978 (2004). eg CRPD Committee, 'Concluding Observations on the Initial Report of Ethiopia' CRPD/C/ETH/CO/1 (4 November 2016) para 9; CRPD Committee, 'Concluding Observations on the Initial Report of Luxembourg' CRPD/C /LUX/C O/1 (10 October 2017) para 10; CRPD Committee, 'Concluding Observations on the Initial Report of Serbia' CRPD/C/SRB/CO/1 (23 May 2016) para 50.

12 CRPD Committee, 'General Comment No 4' (n 5) para 24; see also CRPD Committee, 'General Comment No 2' (n 145) para 25.

ब्राजिलले पेस गरेको प्रारम्भिक प्रतिवेदनउपर टिप्पणि गर्दै समितिले CRPD अन्तर्गतको उपयुक्त अनुकुलता सम्बन्धी प्रावधान केवल सार्वजनिक मात्र नभई निजी शैक्षिक संस्थामासमेत लागु हुने भनी व्याख्या गरेको छ ।[13] साथै, समितिले राज्य पक्षले शिक्षाका सबै तहमा उपयुक्त अनुकुलता उपलब्ध गराउने सुनिश्चित गर्नुपर्ने र यस्ता सुविधाको अधिकार कानूनी रूपमा कार्यान्वयनयोग्य तथा न्यायालयसमक्ष न्यायिक निर्णयका लागि प्रस्तुत गर्न सकिने (justiciable) हुनुपर्ने भनी सिफारिस गरेको छ ।[14]

१.२ अपाङ्गता भएका विद्यार्थिका निम्ति परिक्षाको स्तरीकरण, अनुकुलन, परिमार्जन र सर्वांकुलित ढाँचा

सफल शिक्षा तथा रोजगारीका लागि व्यक्तिले पाठ्यक्रमका परीक्षा, स्तरिकृत परीक्षा (standardized test), तथा व्यावसायिक प्रमाणीकरण परीक्षा लगायत विभिन्न प्रकारका परीक्षा दिनुपर्ने हुन्छ । अपाङ्गता भएका व्यक्तिलाई ती परीक्षामा अनुकुलनताको आवश्यकता पर्दछ । जसमा परीक्षा सामग्रीको लागि फरक ढाँचा, वैकल्पिक स्थानमा परीक्षा दिने व्यवस्था, वा परीक्षा दिनको लागि थप समय जस्ता व्यवस्था समावेश हुन्छन् ।[15] यसर्थ शैक्षिक मुल्याङ्कनको सन्दर्भमा स्तरीकरण (Standardization), अनुकुलनता (Accommodation), र परिमार्जन (Modification) जस्ता शब्दको प्रयोगलाई गहन रूपले बुझ्नु आवश्यक छ। परिक्षाको स्तरिकरणले सबै परीक्षाका लागि समान विषयवस्तु निर्धारण गर्ने, समान तवर्ले परीक्षा सञ्चालन गर्ने, र अङ्क प्रदान गर्ने प्रकृयालाई जनाउँछ। स्तरीकरण गर्दा परीक्षार्थी बीचको कुनै पनि भिन्नतालाई परीक्षा प्रकृयामा भएको भिन्नताको साटो व्यक्तिगत भिन्नतामा आधारित रहेको मानिन्छ ।[16] परीक्षाको सन्दर्भमा स्तरीकरण शब्द परिभाषा अनुसार नै, अनुकुलनता शब्दसँग अन्तरविरोधमा रहेको हुन्छ । सामान्यतया, अनुकुलता भन्नाले अपाङ्गता भएका विद्यार्थीका लागि परीक्षालाई थप पहुँचयोग्य बनाउन र उनीहरूले परीक्षाबाट हासिल अङ्कको थप वैध व्याख्या गर्नका लागि परीक्षा प्रकृया वा ढाँचामा जानाजानी गरिएको परिवर्तन हो ।[17]

---

13 CRPD Committee, 'Concluding Observations on the Initial Report of Brazil' CRPD/C /BRA/CO/1 (29 September 2015) para 45.

14 CRPD Committee, 'Concluding Observations on the Initial Report of Germany' CRPD/C/DEU/CO/ 1 (13 May 2015) para 46(c).

15 Jonathan Lazar, The Use of Screen Reader Accommodations by Blind Students in Standardized Testing: A Legal and Socio-Technical Framework, 48 J.L. & EDUC. 185 (2019), p. 1.

16 Ibid, Page 3

17 Ibid, Page 4

अन्य विद्यार्थिलाई लक्षित गरी तयार गरिएको शैक्षिक मुल्याङ्कन प्रणालिले अपाङ्गता भएका विद्यार्थिलाई न्याय गर्न नसक्ने हुन सक्छ ।[18]

अपाङ्गता भएका विद्यार्थिका निम्ति आम परिक्षा पहुँचयुक्त नहुने वा व्यक्ति विशेषको उपयुक्त अनुकुलताको आवश्यकतालाई समग्र विद्यार्थिलाई लक्षित परिक्षाले सम्बोधन नगर्ने सम्भावना रहन्छ । यसर्थ उल्लिखित परिस्थितिको सम्बोधन गरी अपाङ्गता भएका विद्यार्थिलाई समान शैक्षिक अवसर प्रदान गरी उनिहरूको वास्तविक मुल्याङ्कन गर्ने प्रयोजनले सर्वाकुलित ढाँचाको सिद्धान्तका आधारमा परिक्षालाई अपाङ्गता भएका वा नभएका दुवै समुहका निम्ति पहुँचयुक्त बनाउने गरिन्छ। एकै स्वरूपको परिक्षा प्रणालिले अपाङ्गता भएका विद्यार्थिको अपाङ्गताको प्रकृतिबमोजिमको पृथक आवश्यकता र व्यक्तिगत अनुकुलताको मागलाई यथोचित सम्बोधन नगर्ने सम्भावना रहन्छ । यसैले अपाङ्गता भएका विद्यार्थिका अपाङ्गताको भिन्नता अनुरुपका पहुँचयुक्तता तथा उपयुक्त अनुकुलता आवश्यकतालाई सम्बोधन गर्न परिक्षामा अनुकुलनता (Adaptation/Accommodation) तथा परिक्षा प्रणालिको परिमार्जन (Modification) गर्ने गरिन्छ ।

परिमार्जन (Modifications) भन्नाले परीक्षाको विषयको मूल संरचना (Construct) मा नै गरिने सामग्रीगत तथा सूचनागत परिवर्तन हुन्, जबकी अनुकुलता (Accommodations) भन्नाले परीक्षा कसरी, कहिले, कति समयसम्म, वा कहाँ सञ्चालन गरिन्छ भन्ने प्रकृयामा गरिने परिवर्तनलाई बुझाउँछ । परिक्षा परिमार्जनको अवधारणा अन्तर्गत सिकाई सम्बन्धि अपाङ्गता वा बौद्धिक अपाङ्गता भएका व्यक्तिलाई परीक्षाको विषयवस्तु वा मूल संरचनामा नै फेरबदलको आवश्यकता पर्न सक्दछ ।[19] अपाङ्गता भएका व्यक्तिको शैक्षिक मूल्याङ्कनका क्रममा अवलम्वन गर्नु पर्ने उपयुक्त अनुकुलतामा परीक्षाको विषयवस्तु वा मूल संरचनामा परिवर्तन नगरी उक्त परिक्षा सञ्चालन विधिमा परिवर्तन गरिन्छ । यसको उद्देश्य परिक्षामा विद्यार्थीको प्रदर्शनलाई अधिकतम बनाइ उनिहरूको वास्तविक क्षमता सम्बन्धी यथार्थपरक चित्र प्राप्त गर्नु हो। मूलतः उपयुक्त अनुकुलतामार्फत परीक्षाको उद्देश्य वा भावनामा परिवर्तन नगरी अपाङ्गता भएका विद्यार्थीलाई परीक्षाका विषयवस्तुमा अन्य विद्यार्थि सरह समान पहुँच प्रदान गर्न समान अवसर सुनिश्चित गरिन्छ ।[20] सामान्यतया, दृष्टिसम्बन्धी वा शारीरिक अपाङ्गता भएका

18 Iqbal, K., Ashraf, S., Shaheen, S. & Ashfaq, A. (2024). Exploring Equity in Existing Assessment Practices for Visually Impaired Students at Higher Education Level. Sustainable Business and Society in Emerging Economies, 6 (1), 29-42. DOI: https://doi.org/10.26710/sbsee.v6i1.2904

19 Jonathan Lazar, The Use of Screen Reader Accommodations by Blind Students in Standardized Testing: A Legal and Socio-Technical Framework, 48 J.L. & EDUC. 185 (2019), p. 2

20 SARAH NDUME MUYOMA, GRADE TWELVE NATIONAL EXAMINATION ASSESSMENTS PRACTICES FOR LEARNERS WITH VISUAL IMPAIRMENTS IN SELECTED SCHOOLS IN MWENSE AND LUSAKA DISTRICTS, ZAMBIA, The University of Zambia, 2019, p. 29 —

व्यक्तिलाई परीक्षाको ढाँचा वा सञ्चालन प्रकृयामा परिवर्तन आवश्यक पर्न सक्दछ । उदाहरणका लागि दृष्टिविहीन विद्यार्थिलाई ब्रेल वा श्रव्य ढाँचामा परीक्षा आवश्यक पर्न सक्दछ । ह्वीलचेयर प्रयोगकर्ताले पहुँचयोग्य भवन सुविधाहरू प्रयोग गरेर परीक्षा दिनुपर्ने हुन्छ । यदि एक दृष्टिविहीन विद्यार्थीलाई कागजमा विज्ञानको परीक्षा दिन लगाइयो भने उपयुक्त अनुकुलताको अभावमा उसले अत्यन्त न्यून अङ्क प्राप्त गर्ने सम्भावना रहन्छ । तर उसले प्राप्त गरेको न्युन अङ्कले परीक्षाको मुख्य केन्द्रविन्दु रहेको विषयवस्तुप्रतिको विद्यार्थिको वास्तविक बुझाइ वा अवधारणालाई मापन गरिरहेको हुँदैन । बरु कागजमा दिइने परीक्षाको ढाँचाले विद्यार्थीको देख्ने क्षमताको मापन गरिरहेको हुन्छ । त्यसकारण विद्यार्थीको विज्ञानसम्बन्धी ज्ञान मापन गर्ने एकमात्र न्यायोचित तरिका भनेको उसलाई आफ्नो ज्ञान प्रदर्शन गर्न सक्षम बनाउने ढाँचामा परीक्षा सञ्चालन गर्नु हो । जस्तो कि स्क्रिन रिडर आउटपुटको प्रयोग गरी परिक्षाको ढाँचा परिवर्तन गरी विद्यार्थिलाई परिक्षा दिन लगाउन सकिन्छ । [21] अनुकुलताको अर्को उदाहरणका निम्ति चित्रात्मक तथा नक्सात्मक प्रश्नको विकल्पमा सोहि विषयमा केन्द्रित रही अन्य प्रश्न दिइने गरेको अभ्यासलाई समेत लिन सकिन्छ । नेपालमा कक्षा १० को अन्तिम परिक्षा (SEE) मा चित्रात्मक, नक्सात्मक तथा ज्यामेतीय रेखा चित्रजन्य प्रश्नको विकल्पमा सोहि मूल संरचनासंग सम्बन्धित वैकल्पिक प्रश्न दिइने अभ्यास हालसालै सुरु भएको छ ।

विज्ञहरूले परिक्षा प्रणालि सर्वाकुलित ढाँचामा निर्माण (Universal test design) गरिनु पर्ने कुराको वकालत गर्ने गरेका छन् । यस्तो अवधारणाले सबै परीक्षा लचकतालाई ध्यानमा राखी तर्जुमा गरिनुपर्ने वकालत गर्दछ । सर्वांकुलित सिद्धान्तको आधारमा निर्मित एकै नासको परिक्षा प्रणालिले अपाङ्गता भएका र नभएका दुवै विद्यार्थिलाई आफ्नो सीप र ज्ञानको स्तर समान रूपले प्रदर्शन गर्ने वातावरण सिर्जना गर्छ । सिकाइका लागि सर्वांकुलित ढाँचा (Universal Design for Learning - UDL) को वकालत गर्ने विद्वानका अनुसार अपाङ्गता भएका विद्यार्थीका लागि अनुकुलता राम्रो कुरा हो । तर एउटै किसिमको अनुकुलताले कतिपय अवस्थामा उस्तै आवश्यकता भएका अन्य विद्यार्थीका आवश्यकता सम्बोधन नगर्ने संभावना समेत रहन्छ । त्यसैले सबै विद्यार्थीको सीपको सही मापन गर्न सक्ने गरी विभिन्न परीक्षण र मूल्याङ्कनका साधन तथा परीक्षामा सुधार गरिनु आवश्यक रहन्छ ।[22] परिक्षा मूल्याङ्कनको लागि सर्वांकुलित ढाँचा (Universal Design for Assessment) को दृष्टिकोणमा निम्न कुरा समावेश गरिएको हुनु पर्दछ ।

21 Jonathan Lazar, The Use of Screen Reader Accommodations by Blind Students in Standardized Testing: A Legal and Socio-Technical Framework, 48 J.L. & EDUC. 185 (2019), p. 5

22 Ibid, Pp. 5-6

(क) मूल्याङ्कन गरिनु पर्ने एक समावेशी समुह,

(ख) स्पष्ट रूपमा परिभाषित अवधारणा वा परिक्षाको मूल संरचना,

(ग) पहुँचयोग्य, निष्पक्ष विषयवस्तु,

(घ) अनुकुलता प्रदान गर्न मिल्ने विषयवस्तु,

(ङ) सरल, स्पष्ट, र सहज निर्देशन,

(च) बोधगम्य भाषा,

(छ) अधिकतम पठनीयता।[23]

उल्लिखित विवेचनाको आधारमा के निस्कर्ष निकाल्न सकिन्छ भने, हाल एकै स्वरूपमा स्तरिकृत रहेको परिक्षा प्रणालिले विभिद आवश्यकता भएका पृथक-पृथक समुह, जसमा विशेष गरी अपाङ्गता भएका विद्यार्थिको मौलिक आवश्यकतालाई सम्बोधन गर्न सक्दैन। त्यसैले सम्पूर्ण शैक्षिक मूल्याङ्कन सबै विद्यार्थिका निम्ति समान रूपले पहुँचयुक्त गराई समान अवसर प्रदान गर्न सर्वांकुलित ढाँचामा निर्माण गर्नु पर्दछ । तर यसक्रममा विद्यार्थिको आवश्यकताका आधारमा अनुकुलता कायम गरी अपाङ्गता भएका विद्यार्थिको परिक्षा सञ्चालन गरिनु पर्दछ। यस्तो अनुकुलता कायम गर्दा परिक्षाको मर्यादा, स्तर र मूल संरचना अन्य विद्यार्थिको परिक्षाभन्दा कम स्तरको गराइनु हुँदैन । साथै शैक्षिक प्रस्तुतिमा अपाङ्गता भएका विद्यार्थिमार्फत गरिने अपेक्षा अन्य विद्यार्थिको तुलनामा न्युन स्तरको हुनु हुँदैन। तर अनुकुलता कायम गरेर मात्र अपाङ्गता भएका विद्यार्थिको उचित मूल्याङ्कन गर्न नसकिने कुरालाई समेत उत्तिकै ध्यान दिनु पर्दछ। विशेषतः सिकाइ सम्बन्धि अपाङ्गता वा बौद्धिक अपाङ्गता भएका विद्यार्थिको शैक्षिक मूल्याङ्कन गर्न मूल्याङ्कन प्रणालिमा नै परिमार्जन गर्नु पर्ने हुन्छ। अर्थात, परिक्षा प्रणालिमा नै फेरबदल गर्नु पर्दछ। अपाङ्गता भएका विद्यार्थीले आफ्ना समकक्षीको तुलनामा कुनै किसिमको प्रतिकूल व्यवहार भोग्नु नपर्ने कुराको सुनिश्चित गर्ने र उनीहरूले आफ्नो क्षमता प्रदर्शन गर्नका लागि उपयुक्त अनुकुलता वा परिमार्जन प्राप्त गरेको सुनिश्चित गर्नु परीक्षाका निकायको दायित्व हो। यो दायित्व सिकाई, शिक्षण तथा मूल्याङ्कनका सबै पक्षमा समान रूपले लागु हुन्छ।[24]

23 Ibid, page 6

24 SARAH NDUME MUYOMA, GRADE TWELVE NATIONAL EXAMINATION ASSESSMENTS PRACTICES FOR LEARNERS WITH VISUAL IMPAIRMENTS IN SELECTED SCHOOLS IN MWENSE AND LUSAKA DISTRICTS, ZAMBIA, The University of Zambia, 2019, p. 29

यस प्रतिवेदनमार्फत नेपालमा माध्यमिक तहमा अध्ययनरत दृष्टिसम्बन्धि अपाङ्गता भएका विद्यार्थिको शैक्षिक मूल्याङ्कनको वर्तमान स्थितिबारे अध्ययन गरी मूल्याङ्कनका उपयुक्त मापदण्ड सिफारिस गर्न खोजिएकाले उपरान्त छलफल उनिहरूको पहुँचयुक्त तथा उपयुक्त अनुकुलता सहितको मुल्याङ्कन प्रणालिमा केन्द्रित रहनेछ।

१.३ दृष्टिसम्बन्धि अपाङ्गता भएका विधार्थिको शैक्षिक मुल्याङ्कन

दृष्टिसम्बन्धी अपाङ्गता आँखाको त्यो कार्यात्मक सीमितता हो, जसको निवारण चश्मा वा कन्ट्याक्ट लेन्स जस्ता दृष्टि-सुधारका माध्यम वा शल्यक्रिया वा अन्य कुनै चिकित्सा पद्धतिबाट गर्न सकिँदैन। यसको मुख्य विशेषता भनेको अपरिवर्तनीय दृष्टि क्षति/ह्रास वा सङ्कुचित दृष्टि क्षेत्र हो, जसले गर्दा रंगको भिन्नता (Contrast) छुट्याउने क्षमतामा कमी , चमक (Glare) प्रति अतिसंवेदनशीलता र पठन-लेखन जस्ता दैनिक क्रियाकलाप सम्पादन गर्ने क्षमतामा ह्रास आउँछ।[25] यस शब्दावलीभित्र न्युन दृष्टियुक्तता र पूर्ण दृष्टिविहीनता दुवै अवस्था समेटिन्छन्। जसले दृष्टि-तीक्ष्णता (Acuity)को कमी, केन्द्रीय(Central) वा परिधीय (Peripheral)दृष्टिमा क्षति, रङ्ग पहिचान क्षमताको ह्रास, र पूर्ण दृष्टि ह्रास जस्ता विभिन्न कार्यात्मक प्रभावलाई जनाउँछ। [26]

शैक्षिक मूल्याङ्कनका सन्दर्भमा दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थिलाई वृहत रूपमा वर्गीकरण गर्न पूर्ण 'दृष्टिविहीनता' र 'न्यून दृष्टियुक्त' समुहमा राखिन्छ। पूर्ण 'दृष्टिविहीनता' शब्दले ती विद्यार्थीलाई बुझाउँछ जो कुनै पनि दृश्य उद्दीपक (Stimuli) ग्रहण गर्न पूर्णत असमर्थ हुन्छन्। त्यस्तै न्यून दृष्टियुक्त भन्नाले ती विद्यार्थीलाई जनाउँछ, जसमा केही मात्रामा दृष्टि बाँकी त हुन्छ, तर त्यो अन्य ब्यक्ति सरह सामान्य छापाका सामग्री प्रभावकारी रूपमा प्रयोग गर्नका लागि पर्याप्त हुँदैन। दृष्टिसम्बन्धी अवस्थाको प्रकृति, गम्भीरता र उक्त अवस्था प्रारम्भ भएको उमेरका आधारमा केही विद्यार्थीहरू मूलतः दृश्य माध्यमबाटै सिक्ने गर्दछन् भने, अन्य श्रवण वा स्पर्शका माध्यमबाट सिक्ने हुन्छन् र धेरैजसोले इन्द्रीयहरूको मिश्रित प्रयोग गर्दछन्।[27]

दृष्टिविहीन वा न्यून दृष्टि भएका विद्यार्थीका लागि मूल्याङ्कनमा उपयुक्त अनुकुलताको आवश्यकता पर्दछ। कुनै पनि विद्यार्थीका लागि मूल्याङ्कनको अनुकूलन तय गर्दा उसको दृष्टिविहीनता, न्यून दृष्टि

---

25 Diasse, M. D., & Kawai, N. (2024). Evidence-Based Practices for Students with Visual Impairments in Regular Settings: An Integrated Review. International Journal of Special Education, 39(2), 75-86. https://doi.org/10.52291/ijse.2024.39.23

26 ibid

27 Supporting Inclusive Schools: Educational Assessment: Considerations for Students Who Are Blind/Visually Impaired (BVI) — p. 1

वा कर्टिकल भिजुअल इम्पेयरमेन्ट (Cortical Visual Impairment)ले पार्ने असरलाई गम्भीरतापूर्वक विचार गरिनुपर्छ ।[28] शैक्षिक मूल्याङ्कनको प्रकृयामा रहेका दृष्टिविहीन वा न्यून दृष्टियुक्त विद्यार्थीलाई सामग्रीगत अनुकूलन (जस्तैः ब्रेल, ठूलो छापा, श्रव्य सामग्री, स्पर्श रेखाचित्र (Tactile Graphics), उठेको धर्सा भएको कागज, एबाकस, बोल्ने ग्राफिङ क्याल्कुलेटर, कम्प्युटरका लागि स्क्रिन रिडर सफ्टवेयर) वा यी ढाँचाको कुनै संयोजन र वातावरणीय अनुकूलन (जस्तैः अतिरिक्त थप समय, पहुँचयुक्त परीक्षाको स्थान) दुवैको आवश्यकता हुन्छ । [29] कुनै एक विद्यार्थीलाई ब्रेल, ठूलो छापा, वा श्रव्य ढाँचामा परीक्षा तथा सम्बन्धित सामग्रीको व्यवस्था, विद्यार्थीको व्यक्तिगत शैक्षिक आवश्यकता तथा अव्यस्तता पहिचान गरिए बमोजिम निज विद्यार्थीले प्रयोग गर्ने माध्यममा आधारित हुनुपर्दछ ।[30]

दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थीको शिक्षाका लागि उच्च अपेक्षा कायम राख्नुपर्दछ । सिक्ने अवसर उपलब्ध भएमा विद्यार्थीले नक्सा तथा रेखाचित्र पढ्ने, ग्राफ र चार्ट निर्माण गर्ने, प्राविधिक सामग्रीहरू पढ्ने, वा उन्नत गणितको गणना गर्ने जस्ता कठिन तथा जटिल सीप सहजै सिक्न सक्छन् ।[31] केवल दृष्टिसम्बन्धी अपाङ्गता भएको कारणले मात्र विद्यार्थीलाई कठिन सीप सिक्ने अधिकारबाट वञ्चित गर्न मिल्दैन । यिनै कठिन सीप नै गणित र विज्ञानमा विद्यार्थीको प्रगति मापन गर्ने अधिकांश परिक्षामा नियमित रूपमा गरिन्छ । त्यसैले उपयुक्त अनुकुलताको माध्यमबाट दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थीले आफ्नो ज्ञान र सीपलाई सहि तरिकाले प्रस्फुटन गर्न सक्छन् । तर त्यस्ता अनुकुलता विद्यार्थीलाई कुनै अनुचित लाभ वा हानि बिना नै मूल्याङ्कनमा पहुँच प्रदान गर्ने खालको हुनु पर्दछ। साथै विद्यार्थीलाई उपलब्ध गराइने अनुकुलताको प्रयोग विधिबारे उनिहरूलाई यथेष्ट तालिम दिइनुपर्छ । उदाहरणका लागि, यदि कुनै विद्यार्थीले मौखिक सामग्री सुनेर वा मूल्याङ्कनका लागि कम्प्युटर प्रयोग गरेर परीक्षा दिने तालिम पाएको छैन भने, उसलाई योग्य व्यक्तिमार्फत तालिम नदिई मौखिक रूपमा वा कम्प्युटरमा परीक्षा दिन लगाउँदा त्यसको परिणाम उल्टै प्रतिकुल हुन सक्छ । त्यस्तै परीक्षाका प्रश्न विकास गर्ने क्रममा दृष्टिसम्बन्धी अपाङ्गता विशेषज्ञ शिक्षक सँग परामर्श गरिनुपर्छ । विशेष गरी अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धि अन्तराष्ट्रीय महासन्धीको धारा ४ (३) अनुरुप,

---

28ibid,

29 Jonathan Lazar, The Use of Screen Reader Accommodations by Blind Students in Standardized Testing: A Legal and Socio-Technical Framework, 48 J.L. & EDUC. 185 (2019), p. 1

30 Allman, C. (2009). Making Tests Accessible for Students with Visual Impairments: A Guide for Test Publishers, Test Developers, and State Assessment Personnel. (4th edition.) Louisville, KY: American Printing House for the Blind. Available from http://www.aph.org.

31 ibid

समावेशी शिक्षा सम्बन्धी नीतिको योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका सम्पूर्ण पक्षमा अपाङ्गता भएका व्यक्ति, अपाङ्गता भएका बालबालिकालाई समेत उनीहरूका प्रतिनिधिमूलक संस्थामार्फत अनिवार्य रूपमा परामर्श तथा सक्रिय रूपमा सहभागी गराउनु पर्दछ ।[32] अपाङ्गता भएका व्यक्ति र उपयुक्त अवस्थामा उनीहरूका परिवारलाई केवल शिक्षाको प्रापकको रूपमा मात्र नभई, एक महत्त्वपूर्ण साझेदारको रूपमा मान्यता दिइनुपर्छ ।

हालको समयमा दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थीको मूल्याङ्कन गर्नका लागि उपलब्ध विधिलाई दुई श्रेणीमा राख्न सकिन्छ । पहिलो श्रेणीमा परम्परागत विधि पर्दछन् भने दोस्रोमा नवीनतम प्राविधिक उपलब्धिको उपयोग गर्ने विधि समाविष्ट छन् । पहिलो श्रेणीका अधिकांश विधि मौखिक परीक्षामा आधारित हुन्छन् । परीक्षकले विद्यार्थीलाई प्रश्न सोध्ने वा क्यासेटमा रेकर्ड गरेर उपलब्ध गराउने र उत्तर समेत सोही माध्यमबाट प्राप्त गर्ने गरिन्छ । यस्तै लेखन सहयोगीलाई प्रश्न पढ्न लगाई दृष्टिसम्बन्धि अपाङ्गता भएका विद्यार्थिले बोलेर उत्तर उक्त लेखन सहयोगीलाई टिपाउने विधिलाई समेत यसै अन्तर्गत राख्न सकिन्छ । परम्परागत विधि अन्तर्गत ब्रेलको प्रयोगलाई समेत यसै श्रेणिमा लिन सकिन्छ, तर यस ढाँचामा पारस्परिक सञ्चार कायम गर्नका लागि परीक्षक स्वयंलाई ब्रेल लिपिको ज्ञान हुनु अनिवार्य हुन्छ ।

समकालीन वा आधुनिक विधि अन्तरगत कम्प्युटर र तिनमा आधारित सफ्टवेयरको प्रयोग गरिन्छ, जस्तै स्क्रिन-रिडिङ सफ्टवेयर, म्याग्निफिकेसन सफ्टवेयर, तथा ब्रेल प्रिन्टर, ब्रेल डिस्प्ले, CCTV जस्ता अन्य सहायक उपकरण यस श्रेणीमा राख्न सकिन्छ । [33]

१.४ नेपालमा द्रिष्टिसम्बन्धि अपाङ्गता भएका विद्यार्थिको शैक्षिक मूल्याङ्कन

नेपालको संविधान, नेपाल पक्ष राष्ट्र रहेको अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धी तथा अन्य अन्तराष्ट्रिय मानवअधिकार कानुनका दस्तावेज, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन २०७४, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धि ऐन २०७५, राष्ट्रिय शिक्षा निति, दिगो विकासको लक्ष्य (४) लगायत कानुनले अपाङ्गता भएका व्यक्तिका निम्ति नेपालमा समावेसी शिक्षाको अधिकार स्पष्ट व्यवस्था गर्दै शैक्षिक मूल्याङ्कन तथा शिक्षा प्रणालिका सम्पूर्ण पक्षमा समान पहुँच, सहभागिता तथा समान उपभोगको अधिकार प्रत्याभुत गरेका छन् । उल्लिखित

32 CRPD Committee, General comment 4, Para 7

33 Papadopoulos at all, University Examination System for Students with Visual Impairments Article in Lecture Notes in Computer Science · July 2014, page 3, , https://www.researchgate.net/publication/271586827

राष्ट्रीय तथा अन्तराष्ट्रिय प्रतिबद्धताका बावजुत नेपालको विद्यमान परीक्षा प्रणाली पूर्ण दृष्टिविहिन तथा न्युन दृष्टियुक्त लगायत अपाङ्गता भएका विद्यार्थिका निम्ति हालसम्म पूर्ण रूपमा समावेशी, पहुँचयुक्त तथा उपयुक्त अनुकुलतायुक्त बन्न सकेको छैन । उदाहरणका लागि कमल लामिछानेद्वारा गरिएको सर्वेक्षण (२०१३) मा उच्च माध्यमिक विद्यालयका विद्यार्थीमा गरिएको अध्ययन अनुसार दृष्टि र श्रवण सम्बन्धी अपाङ्गता भएका व्यक्तिले विद्यालयमा पर्याप्त सहयोग प्राप्त नगरेको देखिएको थियो ।[34]

नेपालमा पूर्ण दृष्टिविहिन तथा न्युन दृष्टियुक्त विद्यार्थिका निम्ति विद्यमान परिक्षा मूल्याङ्कन प्रणालि अत्यन्त चुनौतिपूर्ण रहेको पाइन्छ । पहुँचयुक्तता तथा उपयुक्त अनुकुलताको अधिकार रहेको भएतापनि दृष्टिसम्बन्धि अपाङ्गता भएका विद्यार्थि उक्त अधिकारबाट बञ्चित रहँदै केवल अपाङ्गताकै आधारमा उनिहरूको क्षमता अनुरुपको शैक्षिक प्रदर्शन गर्न तथा वास्तविक नतिजा हासिल गर्न सकिरहेका छैनन् । माध्यमिक शिक्षाअन्तर्गत कक्षा १० को अन्तिम परिक्षा (SEE) र कक्षा १२ को अन्तिम परिक्षामा केवल लेखन सहयोगीमार्फत उनिहरू परिक्षामा सम्मिलित हुन पाइरहेको स्थिति छ । विद्यालय स्तरीय आन्तरिक परिक्षामा समेत उनिहरूले आफुले चाहेको पहुँचयुक्त तथा अनुकुलित माध्यममार्फत शैक्षिक मूल्याङ्कनमा समावेस हुन सकिरहेको अवस्था छैन । ब्रेलमा आधारित मूल्याङ्कन, मौखिक परीक्षा, स्क्रिन रिडर मैत्री कम्प्युटर आधारित परीक्षा, वा स्पर्शात्मक चित्र सामग्रीजस्ता अन्य पहुँचयोग्य माध्यम हालसम्म औपचारिक रूपमा स्वीकृत वा संस्थागत गरिएका छैन्न[35] । वि.सं २०७७ देखि राष्ट्रिय परीक्षा बोर्ड (NEB) ले माध्यमिक शिक्षा परीक्षा (SEE) तहका केही विषयमा चित्रात्मक प्रश्नको विकल्पमा अन्य प्रश्न निर्माण गर्ने सकारात्मक व्यवस्थाको सुरुवात गरेको भएतापनि उक्त व्यवस्था विद्यालयस्तरीय आन्तरिक परीक्षा, कक्षा आठको अन्तिम आधारभूत तहको परीक्षा, र कक्षा १२ को अन्तिम परीक्षामा लागु गरिएको छैन [36]। यस्तो असंगत अभ्यासका कारण पूर्ण दृष्टिविहीन तथा न्युन दृष्टियुक्त विद्यार्थीको क्षमता अनुसारको ज्ञान र सीपलाई यथोचित रूपमा मापन नगरी जारि मूल्याङ्कन प्रकृयाबाट उनिहरू विरूद्ध प्रणालिगत एवम् संस्थागत विभेद कायम छ ।

यसै परिप्रेक्षमा दृष्टिविहीन मैत्री मूल्याङ्कन सम्बन्धी विश्वव्यापी तथा राष्ट्रिय उत्कृष्ट अभ्यासलाई अभिलेखबद्ध गर्दै विश्वव्यापी ढाँचा (Universal Design) र समावेशी शिक्षा सिद्धान्तमा आधारित

34 Lamichhane, Kamal, Disability and barriers to education: Evidence from Nepal. Scandinavian Journal of Disability Research, 15(4), 311-324, (2013). https://doi.org/10.1080/15017419.2012.703969

35 My Republica. (2016, March 31). Visually-impaired students call lack of Braille script in SLC unfair. https://myrepublica.nagariknetwork.com/news/visually-impaired-students-call-lack-of-braille-script-in-slc-unfair

36अन्नपुर्ण पोस्ट। (२०७३, चैत ४). दृष्टिविहीन विद्यार्थीको प्रश्न : गणित र विज्ञानमा चित्र कसरी बनाउने ? https://annapurnapost.com/story/66712/

रही एक नीतिगत संक्षेप तयार गर्ने उद्देश्यले यस प्रतिवेदन तयार पारिएको छ । नितिगत संक्षेपद्वारा दृष्टिसम्बन्धि अपाङ्गता भएका विद्यार्थिको मुल्याङ्कनको निम्ति एक नमूना मापदण्ड प्रस्तुत गर्ने प्रयास रहने छ। साथै उक्त नितिगत संक्षेपले नेपालको शिक्षा क्षेत्रका निकाय तथा सरोकारवालालाई मार्गदर्शन गर्ने स्पष्ट नीतिगत सिफारिस गर्ने छ । यसले अपांगता भएका व्यक्तिका संगठन तथा अन्य सरोकारवालाका निम्ति वकालतको साधनको रूपमा समेत कार्य गर्नेछ। उल्लिखित नितिगत सिफारिस बमोजिम शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र राष्ट्रिय परीक्षा बोर्ड जस्ता निति-निर्माता तथा निर्णयकर्ता संस्थासँग समन्वय गरी वर्तमान परीक्षा र मूल्याङ्कन प्रणालीलाई समावेशी र न्यायोचित बनाउने दिशामा सुधार गर्न प्रेरित गरिनेछ।

१.५ प्रतिवेदनका उद्देश्य

यस प्रतिवेदनको मुख्य उद्देश्य दृष्टिविहीन तथा न्युन दृष्टियुक्त विद्यार्थीको लागि न्यायोचित सिकाइ उपलब्धि सुनिश्चित गर्ने हेतुले "दृष्टिविहीन मैत्री मूल्याङ्कन प्रणालीसम्बन्धी नीतिगत संक्षेप" तयार गर्नु हो।

१.५.१ विशिष्ट उद्देश्य:

यस प्रतिवेदनका विशिष्ट उद्देश्य देहायबमोजिम रहेकाछन्।

• समावेशी र दृष्टिविहीन-मैत्री शैक्षिक मूल्याङ्कन प्रणालीसम्बन्धी विश्वव्यापी तथा राष्ट्रिय उत्कृष्ट अभ्यास अभिलेखबद्ध गर्नु।

• नेपालको वर्तमान शैक्षिक मूल्याङ्कन अभ्यासमा दृष्टि सम्बन्धि अपांगता भएका विद्यार्थीलाई प्रभावित गर्ने अवरोधको विश्लेषण गर्नु।

• समावेशी शिक्षा तथा सिकाइको सर्वांकुलित ढाँचा (Universal Design for Learning – UDL) का सिद्धान्तसँग सुसंगत, व्यावहारिक तथा सन्दर्भअनुकुल दृष्टिविहीन-मैत्री मूल्याङ्कनको नमूना मापदण्ड प्रस्ताव गर्नु।

• सरकारी निकाय विशेषगरी राष्ट्रिय परीक्षा बोर्ड, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा स्थानीय सरकारका निम्ति कार्यान्वयनयोग्य सिफारिस समेटिएको संक्षिप्त, प्रमाणमा आधारित र समाधानमुखी नीतिगत संक्षेप तयार गर्नु।

• नेपालमा पहुँचयुक्त र समावेशी मूल्याङ्कन सम्बन्धी नीतिगत सुधार र कार्यान्वयनमा प्रभाव पार्न सक्ने रणनीतिक वकालत माध्यमका रूपमा सरोकारवाला संस्थालाई सशक्त बनाउनु।

अध्याय -२
राष्ट्रिय तथा अन्तराष्ट्रिय कानूनी ब्यवस्थाको संक्षिप्त सिंहावलोकन

२.१ सलामांका स्टेटमेन्ट (UNESCO Salamanca Statement, 1994

युनेस्कोले सन् १९९४ मा स्पेनको सलामांकामा गरेको अन्तर्राष्ट्रिय सम्मेलनले सलामांका स्टेटमेन्ट (UNESCO Salamanca Statement, 1994) जारी गरी समावेशी शिक्षाको अबधारणालाई अगाडी सारिएको पाइन्छ[37] । त्यसपश्चात समाबेशी शिक्षाको मर्म र आबश्यकतालाई विश्वब्यापी रुपमा बोध गरिएको देखीन्छ । सालामांका स्टेटमेन्टले अपांगता भएका विद्यार्थीले नियमित मूलधारका विद्यालयमा अध्ययनको अवसर समान आधारमा प्राप्त गर्नुपर्ने, शिक्षण सिकाइ क्रियाकलापलाई विद्यार्थी केन्द्रित बनाउने र पाठ्यक्रम तथा मुल्यांकनमा समायोजन गर्न सकिने विषयलाई जोड दिएको पाइन्छ[38] । सन् १९९४ को जुन ७ देखी १० सम्म भएको विशेष आवश्यकता सम्बन्धी शिक्षा सम्मेलनमा नेपाल समेत सहभागी भइ सो स्टेटमेन्ट आत्मसाथ गर्ने ९२ मुलुकहरू मध्ये एक रहेको देखिन्छ ।

२.२ अपांगता भएका ब्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी

१३ डिसेम्बर २००६ मा संयुक्त राष्ट्र संघको ६१ औं महासभाबाट पारित भई नेपालको व्यवस्थापिका संसदद्वारा सन २०१० मे ७ मा अनुमोदन गरीएको[39] नेपाल पक्ष राष्ट्र रहेको अपांगता भएका ब्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी २००६ को धारा २४(१) बमोजिम नेपालले समेत सबै तह र जीवनपर्यन्त सिकाईमा समाबेशी शिक्षा प्रणाली सुनिश्चित गरेको अवस्था छ । सो महासन्धीको धारा २४ (२) को (ग) बमोजिम व्यक्तिको आवश्यकता अनुसारको उपयुक्त अनुकूलता उपलब्धताको सुनिश्चितता गर्ने दायित्व नेपाल सरकारमा निहित छ । सो उपधाराको (ङ) मा पक्ष राष्ट्रहरूले पूर्ण समावेशिपनको लक्ष्यसंग मेल खाने गरी प्राज्ञिक तथा सामाजिक विकास अधिकतम हुने वातावरणमा प्रभावकारी वैयक्तिक सहयोगका उपाय प्रदान गरीएको सुनिश्चित गर्नुपर्ने उल्लेख छ ।

महासन्धीको धारा २४ को उपधारा ३(ग) बमोजिम नेपालले शिक्षामा अपाङ्गता भएका व्यक्तिको पूर्ण र समान सहभागिता सहज बनाउनका निम्ति दृष्टिविहिन, बहिरा वा श्रवण दृष्टिविहिन व्यक्ति खासगरी बालबालिकालाई सबैभन्दा उपयुक्त भाषा र तरिका तथा सञ्चार माध्यमबाट शिक्षा प्रदान गरीएको

37 UNESCO. (1994). The Salamanca Statement and Framework for Action on Special Needs Education. UNESCO. https://unesdoc.unesco.org/ark:/48223/pf0000098427

38 UNESCO. (2020). Towards inclusion in education: Status, trends and challenges: The UNESCO Salamanca Statement 25 years on. https://reliefweb.int/report/world/towards-inclusion-education-status-trends-and-challenges-unesco-salamanca-statement-25

39 United Nations. (n.d.). Convention on the Rights of Persons with Disabilities: Status. United Nations Treaty Collection. https://treaties.un.org/pages/viewdetails.aspx?src=treaty&mtdsg_no=iv-15&chapter=4&clang=_en

सुनिश्चित गर्नुपर्ने हुन्छ । यस धाराको प्रभावकारी कार्यन्वेयनका लागी शिक्षाका सबै तह भन्नाले मुल्यांकन समेतलाई बुझ्नुपर्दछ र मुल्यांकन तथा परिक्षा प्रणाली समेतमा वैयक्तिक सहजता अनुरुपको उपयुक्त अनुकुलताको ब्यवस्था गर्नु अपरिहार्य हुन्छ । यस धारालाई ब्याख्या गर्ने क्रममा अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी समितिले साधरण सिफारिस नं. ४ को अनुच्छेद ३१ मा स्रोत तथा साधनलाई देखाएर उपयुक्त अनुकुलताको ब्यवस्था गर्नबाट उम्किन नमिल्ने तथा स्रोत तथा साधनको अभावलाई उपयुक्त अनुकुलताको अस्विकार्यताको कारण मान्न नमिल्ने स्पष्ट ब्याख्या गरेको छ[40] ।

२.३ दिगो बिकास लक्ष्य

दिगो बिकास लक्ष्य को लक्ष्य नं. ४ ले सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्धन गर्ने लक्ष्य राखेको छ । सन् २०३० सम्ममा सबै तहको शिक्षा तथा व्यावसायिक तालिममा अपांगता भएका बालबालिकाको समेत समान पहुँच सुनिश्चित गर्ने यसको लक्ष्य छ[41] ।

२.४ नेपालको संविधान

संविधानमार्फत समेत नेपालले समावेशी शिक्षालाई आत्मसाथ गरेको देखिन्छ । नेपालको संविधानको धारा ३१ ले शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । सो धाराको उपधारा (३) मा अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुने तथा उपधारा (४)मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने स्पष्ट ब्यवस्था गरिएको छ ।

२.५ अपांगता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐन

माथि उल्लेखित संवैधानिक दायित्व तथा नेपाल पक्ष राष्ट्र रहेको अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धीका ब्यवस्थालाई घरेलुकरण गर्ने गरी जारी गरिएको अपांगता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को परिच्छे ५ ले अपांगता भएका व्यक्तिको शिक्षा सम्बन्धी ब्यवस्था गरेको छ । सो ऐनको दफा २१(६) मा नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई शिक्षा

40 Committee on the Rights of Persons with Disabilities. (2016). General comment No. 4 (2016) on the right to inclusive education, CRPD/C/GC/4, para. 31. https://digitallibrary.un.org/record/1313836/files/CRPD_C_GC_4-EN.pdf

41 United Nations. (2015). Transforming our world: The 2030 agenda for sustainable development. https://sdgs.un.org/goals/goal4

हासिल गर्न सहज बनाउन उनीहरुको आवश्यकता बमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, सूचना प्रविधिको साधन र दौँतरीबाट सिक्ने जस्ता एकभन्दा बढी माध्यमबाट शिक्षा दिने व्यवस्था मिलाउनु पर्ने उल्लेख गरेको छ। सिकाइको सर्वांकुलित ढाँचा (Universal Design of Learning UDL) लाई स्पष्ट रुपमा उल्लेख नगरीए तापनि एक भन्दा बढी माध्यममा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने ब्यवस्थामार्फत सिकाइको सर्वांकुलित ढाँचाका ३ प्रमुख सिद्दान्तहरू मध्यको एक 'संलग्नताको बहुमाध्यम' लाई ऐनको सो ब्यवस्थाले आत्मसाथ गर्न खोजेको देखिन्छ।

सो ऐनको दफा २१ (७) मा नेपाल सरकारले दृष्टिविहीन, बहिरा, सुस्त श्रवण, श्रवण दृष्टिविहीन भएका अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त भाषा तरिका,लिपि, पाठ्यक्रम, पाठ्यपुस्तक, लगायतका पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिए बमोजिम शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्ने उल्लेख गरिएको छ। यस्तै सोही दफाको उपदफा (१०) ले नेपाल सरकारले अपाङ्गताको वर्गीकरणका आधारमा आवश्यकता अनुसार अपाङ्गता भएका विद्यार्थीको परीक्षा तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा छुट्टै व्यवस्था गर्ने उल्लेख गरेको छ। ऐनले मुल्यांकन र परिक्षाका सम्बन्धमा छुट्टै ब्यवस्था गर्ने स्पष्ट उल्लेख गरेता पनि ब्यबहारतः बहुमाध्यममा परिक्षा सञ्चालन भने गरिएको पाइँदैन। फलतः दृष्टिविहीन विद्यार्थी हालसम्म लेखन सहयोगीकै माध्यमबाट मानकिकृत एवं स्तरिकृत परिक्षामा सम्मिलित हुन बाध्य छन्[42]।

२.६ अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली

अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली २०७७ को नियम १८ को उपनियम (१) ले नेपाल सरकारले सूचना प्रविधिका माध्यम, प्रणाली वा तरिकाको अवलम्बन गरी दृष्टिविहिन, बहिरा, सुस्तश्रवण, श्रवण दृष्टिविहिन भएका अपाङ्गता भएका व्यक्तिलाई शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने उल्लेख गरेको छ। सो नियमको उपनियम (२) ले अपाङ्गता भएका व्यक्तिलाई शिक्षामा पहुँच सहज बनाउन नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गरी आवश्यक विशेष सफ्टवेयर सहितको कम्प्युटर वा उपकरण उपलब्ध गराउने वा अडियो, ब्रेल, सरल भाषा तथा चित्रात्मक, ठूलो छापा, भिडियो, सांकेतिक भाषा लगायतका ढाँचामा शैक्षिक सामग्री उपलब्ध गराउने उल्लेख गरेको छ। तर अपांगता भएका विद्यार्थीको मुल्यांकन प्रणालीका विषयमा भने नियमावलीले ठोस ब्यवस्था गरेको पाइँदैन।

42 Human Rights Watch. (2018, September 13). Nepal: Barriers to inclusive education. https://www.hrw.org/news/2018/09/13/nepal-barriers-inclusive-education

२.७ अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७४

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन २०७४ को दफा ३३ ले अपांगता भएका तथा दलित विद्यार्थीको विशेषाधिकारको ब्यवस्था गरेको छ। सो दफाको उपदफा (१) मा दृष्टिविहीन नागरिकलाई ब्रेल लिपी तथा स्वर एवं बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने अधिकार हुने उल्लेख छ।

२.८ शिक्षा नियमावली २०५९

दृष्टिविहीन विद्यार्थीको परिक्षामा सहजिकरण सम्बन्धमा शिक्षा नियमावली २०५९ मा ब्यवस्था भएको देखिन्छ। सो नियमावलीको नियम ४७ मा "अन्धा, बहिरा, सुस्त मनस्थिति भएका वा शारिरीक कारणले अपाङ्ग विद्यार्थीलाई अपाङ्गताको प्रकृति हेर्दा निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा बढीमा एक घन्टासम्म थप समय उपलव्ध गराउन सकिने" भनी उल्लेख गरिएको छ। यसको संसोधित ब्यवस्थामा दफा ४७ मा "अशक्त विद्यार्थीको लागि परीक्षामा विशेष व्यवस्था गर्न सकिने" भनी उल्लेख गरिएको छ। सो नियमको उपनियम (१) मा "अन्धा, वहिरा, लाटा, अपाङ्ग वा सुस्त मनस्थिति भएका विद्यार्थीका लागि निजले बुझ्ने सांकेतिक भाषामा परीक्षा दिने व्यवस्था गर्न सकिने" उल्लेख गरिएको छ।

पटक पटकको संशोधनका बाबजुद उक्त नियमावलिमा अपांगता भएका व्यक्तिलाई होच्च्याउन प्रयोग गरिने 'अन्धा, लाटा' जस्ता अपांगताद्वेषी शब्द हालसम्म नियमावलीबाट हट्न सकेको छैन। अपांगता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐनले 'अपांग' भन्ने शब्दलाई चिन्दैन। अधिकारमुखी ऐन आइसक्दा समेत शिक्षा नियमावलीमा रहेको अपांगताको कल्याणकारी एवं दयामुखी दृष्टिकोणका प्रावधान संशोधन हुन नसकेको देखिन्छ। उक्त नियमले दृष्टिविहीन विद्यार्थी, मनोसामाजिक अपांगता भएका विद्यार्थी लगायत सबैलाई सांकेतिक भाषामार्फत परिक्षामा सम्मिलित हुन सक्ने ब्यवस्था गरेको देखिन्छ। दृष्टिविहीनलाई सांकेतिक भाषामा परिक्षामा सम्मिलित गराउन सकिने ब्यवस्था आफैमा असङ्गत त छ नै, यसबाट नेपाल सरकार र नेपाल सरकार मातहतका कर्मचारीमा अपांगताको सामान्य बुझाई समेत नरहेको तथ्य उदाहरणसहित प्रस्ट भएको छ।

उक्त नियमावलिको नियम ४७ को उपनियम (२)मा उपनियम (१) बमोजिमका विद्यार्थीले निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा केन्द्राध्यक्षले बढीमा एक घण्टा तीस मिनेटसम्म थप समय उपलब्ध गराउन सक्ने उल्लेख गरिएको छ। तर केन्द्राध्यक्षले भने परिक्षार्थीलाई उक्त समय उपलब्ध नगराउने गरेको पाइन्छ। नियमावलीकै परिच्छेद ११ ले विशेष शिक्षा सम्बन्धी व्यवस्था गरेको छ। सो

नियमावलीको नियम ६० ले “अन्धा, बहिरा, सुस्त मनस्थिति भएका वा शारीरिक कारणले अपाङ्ग बालबालिकालाई विशेष शिक्षा प्रदान गर्न सकिने” भनी उल्लेख गरेको छ।

२.९ विशेष शिक्षा सञ्चालन सम्बन्धी निर्देशिका २०६०

शिक्षा नियमावलिको परिच्छेद ११, नियम ६० कार्यन्वयनका लागी नियम १९१ बमोजिम विशेष शिक्षा सञ्चालन सम्बन्धी निर्देशिका २०६० जारी गरी कार्यन्वयनमा ल्याइएको छ । उक्त निर्देशिकामा अपाङ्गता भएका व्यक्तिलाई सम्बोधन गर्ने क्रममा राखिएका पुरानै विभेदकारी शब्द हालसम्म समेत यथावथ रहेको पाइन्छ। यस निर्देशिकाको परिच्छेद ७ को बुदा नं. १९ मा “अपाङ्ग परीक्षार्थीहरूलाई परीक्षामा थप समय र अन्य आवश्यक सहयोग उपलब्ध गराउने” व्यवस्था उल्लेख छ। जसअन्तरगत १९.१ मा” दृष्टिविहीन, बहिरा तथा सुस्तश्रवण सुस्तमनस्थिति भएका वा शारीरिक कारणले अपाङ्ग विद्यार्थीलाई अपाङ्गताको प्रकृति हेर्दा निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा तोकिएको पदाधिकारीले तोकेबमोजिम बढीमा एक घण्टासम्म थप समय उपलब्ध गराउन सकिने” प्रावधान रहेको छ। बुदा नं. १९.१ (क) मा “कक्षागत परीक्षामा सम्मिलित अपाङ्ग परीक्षार्थीका लागि सम्बन्धित विद्यालयको प्र.अ. ले तोके बमोजिम हुने" भनी उल्लेख गरिएको छ भने १९.१ को (ख) मा जिल्लास्तरीय परीक्षा र एस.एल.सी. परीक्षामा सम्मिलित “अपाङ्ग परीक्षार्थीको लागि सम्बन्धित परीक्षा केन्द्रको केन्द्राध्यक्षले तोके बमोजिम हुने” भन्ने ब्यवस्था मार्फत समय तोक्ने वा नतोक्ने सम्पुर्ण अधिकार केन्द्राध्यक्षमा प्रत्यायोजन गरिएको देखिन्छ।

एकातिर शिक्षा नियमावलीले एक घण्टा तीस मिनेटसम्मको समय उपलब्ध गराउनुपर्ने कानुनी ब्यवस्था गरेको देखिन्छ भने अर्कोतर्फ सो नियमलाई कार्यन्वेयनका लागी जारी गरिएको निर्देशिकाले भने प्रत्यायोजित बिधायनको सिद्दान्तबिपरित हुने गरी नियमावलीले तोकिसकेको समयलाई आधा घण्टा कम हुने गरी केबल एक घण्टा मात्र अतिरिक्त समय थप गर्न सकिने ब्यवस्था गरेको छ। यस निर्देशिकाले नियमावली सिर्जित सारवान ब्यवस्थालाई विधायिकी सिद्धान्त बिपरित थप संकुचित गरेको त छ नै, नियमावलीको ब्यवस्थासंग निर्देशिकाको ब्यवस्था स्पष्टसंग बाझिएको अवस्था समेत छ।

सो निर्देशिकाको १९.२ ले परीक्षा केन्द्रमा “अपाङ्ग परीक्षार्थीहरूका लागि थप सहयोग उपलब्ध गराउन सकिने” ब्यवस्था गरेको छ । १९.२ (ख) मा दृष्टिविहीन परीक्षार्थीहरूको सहयोगका लागि परीक्षा दिने कक्षाभन्दा एक कक्षामुनिको लेखक सहयोगी राख्ने व्यवस्था गरिएको छ भने १९.२(ग) मा आंशिक दृष्टिविहीन परीक्षार्थीका लागि प्रकाशयुक्त कोठाको व्यवस्था गर्नुपर्ने प्रावधान उल्लेख गरिएको छ। यस ब्यवस्थाले स्पष्टसंग दृष्टिविहीन परिक्षार्थीका हकमा परिक्षा दिने कक्षा भन्दा मुनीको कक्षाका

विद्यार्थीलाई लेखन सहयोगीको रुपमा राख्न पाउने ब्यवस्था गरेको देखिन्छ । तर केन्द्राध्यक्षले एक कक्षा तलको नभइ निर्देशिका बिपरित एक तह मुनीको लेखन सहयोगी खोज्ने गरेको पाइएको छ । कतिपय अवस्थामा त एक कक्षा तलको लेखन सहयोगी मार्फत परिक्षामा सम्मिलित हुन गएका दृष्टिविहीन परिक्षार्थीका लेखन सहयोगीलाई परिक्षा लेख्न नै नदिएकाले तत्कालै एक तह मुनीको लेखन सहयोगीको ब्यवस्था गरी परिक्षामा सम्मिलित हुनुपरेको बाध्यात्मक अवस्था समेत विद्यमान छ ।

२.१० माध्यमिक शिक्षा उत्तीर्ण (एस.एल.सी.) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६८

तत्कालीन परीक्षा नियन्त्रण कार्यालयले एस.एल.सी परिक्षाका निम्ति माध्यमिक शिक्षा उत्तीर्ण (एस.एल.सी.) परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०६८ (चौथो संशोधन सहित) जारी गरी कार्यन्वयनमा ल्याएको देखिन्छ । सो निर्देशिकामा विशेष परीक्षार्थीहरूको लागि परीक्षासम्बन्धी विशेष व्यवस्था अन्तर्गत अपांगता भएका विद्यार्थीलाई परिक्षामा सहजिकरण गरिएको देखिन्छ ।

सो निर्देशिकाको दफा ११ को उपदफा (१) मा नियमावलीको नियम ४७ बमोजिम अपाङ्गता भएका परीक्षार्थीलाई निजको अपाङ्गताको प्रकृति हेरी निर्धारित समयभित्र परीक्षा दिन नसक्ने देखिएमा सम्बन्धित जिल्ला शिक्षा कार्यालयको निर्देशनमा सम्बन्धित केन्द्राध्यक्षले बढीमा १ घन्टा ३० मिनेटसम्म थप समय उपलब्ध गराउनुपर्ने ब्यवस्था छ । उपदफा (२) मा दृष्टिविहीन र लेख्न नसक्ने शारीरिक अपाङ्गता भएका परीक्षार्थीका हकमा सम्बन्धित विद्यालयको प्रधानाध्यापकले नियमित रूपमा बढीमा कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई लेखकको रूपमा जिल्ला शिक्षा कार्यालयबाट सिफारिस गरी पठाएमा केन्द्राध्यक्षले परीक्षार्थीले भनेका कुरा लेखकबाट लेखाउने व्यवस्था गर्नु पर्ने उल्लेख छ । यसरी लेख्न लगाउँदा लेखक विद्यार्थीको फोटो प्रमाणित गरी जिल्ला शिक्षा कार्यालयमार्फत सम्बन्धित केन्द्राध्यक्षकहाँ पठाउने जिम्मेवारी सम्बन्धित विद्यालय प्रधानाध्यापकको हुने उक्त निर्देशिकामा उल्लेख छ । त्यस्तो प्रकृया नपुर्‍याई लेखक विद्यार्थी राखेको पाइएमा नक्कली परीक्षार्थी सरह कारबाही गरिने समेत उल्लेख छ ।

माध्यमिक शिक्षा उत्तीर्ण परिक्षा एस.एल.सी. का लागी तय गरिएको सो निर्देशिका माध्यमिक शिक्षा परिक्षाका हकमा समेत प्रयोग भइरहेको छ । माध्यमिक शिक्षा उत्तीर्ण परिक्षा खारेज भइसकेको विध्यमान स्थितिमा राष्ट्रिय परिक्षा बोर्डले कक्षा १० तथा कक्षा १२ को अन्तिम परिक्षामा लेखन सहयोगी, अतिरिक्त समय लगायतका परिक्षा प्रणालीका विषयलाई नियमन गर्ने कानूनी ब्यवस्था भने हालसम्म गरेको देखिदैन ।

२.११ राष्ट्रिय शिक्षा नीति २०७६

नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६को (छ) ले समेत समावेशी र विशेष शिक्षा सम्बन्धी नीतिगत ब्यवस्था गरेको देखिन्छ । उक्त दस्ताबेजको नीति १०.२८ मा अपाङ्गता भएका बालबालिकाको सिकाइ आवश्यकता पूरा गर्न समावेशी शिक्षा एवं विशेष शिक्षाका अवसर प्रदान गर्ने र जीवनोपयोगी तथा व्यावसायिक सीप विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा अनुकूलन गर्ने विषय उल्लेख गरेको छ । सो नीति कार्यन्वेयनका लागी तय गरिएका कार्यनीतिमा अपांगता भएका ब्यक्तिको शिक्षा प्राप्ति एवं मुल्यांकन प्रणालीलाई पहुँचयुक्त बनाउनुपर्ने विषय उल्लेख गरेको पाइन्छ । सो नीतिको नीति नं. १०.२८.७ ले अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीमा विविधीकरण गरिने प्रावधान रहेको छ । १०.२८.९ ले अपाङ्गताको प्रकृति अनुसार लचिलो पाठ्यक्रम तथा पाठ्यपुस्तक, वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण विधिमा जोड दिनुको साथै विद्यार्थी मूल्याङ्कन प्रणालीलाई अपाङ्गता भएका बालबालिका अनुकूल बनाइने विषय स्पष्टतापुर्वक ब्यवस्थित गरेको देखिन्छ ।

२०७२ को संविधान जारी पश्चात आधारभुत तह तथा माध्यमिक तहको शिक्षाको संरचनामा नेपालको शिक्षा प्रणाली परिवर्तित भएको देखिन्छ । संविधानबमोजिम नेपालले अपांगताको कल्याणकारी द्रिष्टिकोणलाई प्रतिस्थापित गरी अधिकार आधारित दृष्टिकोण अवलम्वन गरिसकेको अवस्था छ । नेपालले अपांगता भएका ब्यक्तिको हकमा मुल्यांकन प्रणालीमा आवश्यकता अनुसार लचिलोपन कायम गर्ने सैद्धान्तिक मान्यता समेत अगाडी सारेको देखिन्छ । तर अपांगता भएका ब्यक्तिको अधिकार सम्बन्धी ऐनसंग सामन्जस्यता कायम हुने गरी नियमावली तथा निर्देशिकामा आवश्यक संशोधन भएको भने देखिदैन ।

नेपालको संघीय संरचनामा, आधारभूत र माध्यमिक तह (कक्षा १२ सम्म) को शिक्षाको व्यवस्थापन, सञ्चालन र नियमनको अधिकार स्थानीय तह (गाउँपालिका र नगरपालिका) लाई प्रदान गरिएको छ । यसअन्तर्गत आधारभूत तहको अन्त्यमा लिइने परीक्षा (कक्षा ८) को सञ्चालन र प्रमाणीकरण, तथा विद्यालयस्तरीय आन्तरिक परीक्षाको व्यवस्थापन पर्दछन् । तसर्थ, विद्यालय तहमा एकरूप र पहुँचयुक्त मूल्याङ्कन प्रणाली लागु गर्ने र त्यसका लागि आवश्यक स्रोत-साधन सुनिश्चित गर्ने प्रत्यक्ष कानूनी जिम्मेवारी स्थानीय सरकारको समेत रहेको देखिन्छ ।

अध्याय -३
अध्ययनको नतिजा

३.१ अध्ययनको पृष्ठभूमि तथा विधि (Background and Methodology)

यस प्रतिबेदन तयार पार्ने क्रममा प्रार्रथमिक एवं द्बितीय माध्यमको प्रयोग गरिएको थियो। मिश्रित रुपमा अध्ययन कार्य तथा तथ्यांक संकलन एवं विश्लेषण गरिएको थियो। पुर्व कार्यको समिक्षा, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी एवं नितीगत ब्यवस्थाको अध्ययन, लेख, रचना, तथा जर्नलको अध्ययन एवं विश्लेषण गरिएको थियो। यस्तै, समुह लक्षित छलफल, अन्तर्वार्ता, आदि पनि सम्पन्न गरिएको थियो। तथ्यांक संकलनका क्रममा गोपनीयता र सहभागीको सुचीत सहमतीजस्ता कुरामा प्रयाप्त ध्यान पुर्याइएको थियो ।

यस प्रतिवेदन तयार गर्ने क्रममा कानुनी तथा अन्तराष्ट्रीय अभ्यास अध्ययन पश्चात नेपालमा दृष्टिविहीन परिक्षार्थीको शैक्षिक मूल्याङ्कनका सम्बन्धमा विभिन्न विद्यालयमा अध्ययनरत परिक्षार्थीसँग विशेषतः परीक्षाका क्रममा उनीहरूको विद्यालयमा जारी अभ्यास तथा परिक्षार्थी स्वयंका अनुभवमा केन्द्रित रही ३ वटा छुट्टाछुट्टै लक्षित समुह छलफल गरिएको थियो । सञ्जीवनी नमुना माध्यमिक विद्यालय धुलिखेलका परिक्षार्थीसंग विद्यालयमै लक्षित समुह छलफल सञ्चालन गरिएको थियो । यस्तै नेपाल नेत्रहीन संघमा कम्प्युटर प्रशिक्षणमा सहभागी माध्यमिक शिक्षा परिक्षा दिइ बसेका ९ भिन्न भिन्न स्कुलका परिक्षार्थीसंग दोस्रो समुहलक्षित छलफल सञ्चालन गरिएको थियो । यस्तै देशका बिभिन्न ठाउँका समावेशी विद्यालयमा अध्ययन गरी हाल स्नातक तथा स्नातकोत्तरमा अध्ययनरत दृष्टिविहीन परिक्षार्थीसंग अनलाइनममार्फत तेस्रो छलफल सञ्चालन गरिएको थियो । यस लक्षित समुह छलफलमा कक्षा १० देखि स्नातकोत्तर सम्म अध्ययनरत समावेशी/समाहित शिक्षा कार्यक्रम सञ्चालित १२ ओटा विद्यालयमा अध्ययन गरिरहेका/गरिसकेका कूल २६ जना परिक्षार्थी सहभागी थिए ।

लक्षित समूह छलफलका अलावा जानकारी एवं तथ्यांक संकलनका लागी माइक्रोसफ्ट फर्ममार्फत प्रश्नावली निर्माण गरी दृष्टिविहिन व्यक्तिसंग अनलाईन सर्वेक्षण समेत गरिएको थियो । यस अध्ययनमा विश्लेषण गरिएको नेपालको परिमाणात्मक आकडा सोही तथ्यांकमा आधारित रही उल्लेख गरिएको छ । अनलाइन सर्वेक्षणमा ३५ जना पूर्ण दृष्टिविहीन र १८ जना न्यून दृष्टियुक्त व्यक्ति गरी कुल ५३ जना

परिक्षार्थी सहभागि भएका थिए। जसमध्ये २० जना महिला तथा ३२ जना पुरुष रहेका थिए भने १ जनाले आफ्नो लैङ्गिक पहिचान खुलाउन चाहेनन्। सर्व्यक्षणका सम्पूर्ण सहभागिलाई शैक्षिक तह अनुसार बिभाजन गर्दा कक्षा ६-१० सम्म अध्ययन गर्ने ६ जना, कक्षा ११/१२ मा अध्ययन गर्ने १५ जना, स्नातक तह अध्ययन गर्ने २९ जना र स्नातकोत्तर अध्ययन गर्ने ३ जना रहेका थिए। यसरी सर्व्यक्षणमा सहभागी स्नातक तथा स्नातकोत्तर तहका दृष्टिविहिन विद्यार्थिले आफु कक्षा १२ सम्म अध्ययनरत रहँदाको अनुभव उल्लेख गरेकाले उनीहरूको सहभागितालाई यस प्रतिवेदनमा स्थान दिइएको छ। दृष्टिविहीन तथा न्यून दृष्टियुक्त परिक्षार्थीका लागि परीक्षा प्रणालीको पहुँचयोग्यता र प्रभावकारिता मूल्याङ्कन गर्ने उद्देश्यले उपर्युक्तबमोजिम सञ्चालित सर्वेक्षण तथा लक्षित समुह छलफलबाट प्राप्त नतिजाको विश्लेषण यस अध्यायमा गरिने छ।

३.२ सिकाइ माध्यम तथा पाठ्यसामग्रीको पहुँच (Learning Mediums and Access to Textbooks)

यस प्रतिवेदन तयार गर्ने क्रममा अनलाइन सर्वेक्षणमा सहभागी ३४ जना (६४.१५%) ले आफ्नो सिकाइ र पढाइको प्राथमिक माध्यम अडियो पुस्तक रहेको बताएका छन्। त्यस्तै ब्रेल लिपीलाई सिकाइ तथा अध्ययनको प्राथमिक माध्यम बताउने ३२ जना अर्थात (६०.३८%) रहेका छन्। यस्तै सिकाइ एवं पढाइको प्रार्थमिक माध्यमका रुपमा स्क्रिन रिडरसहितको सुचना प्रविधिको सामग्री: ३० जना (५६.६०%) ; ठूलो छापा: १४ जना (२६.४२%) ; म्याग्निफिकेसन (ठूला अक्षर वा लेन्स): ७ जना (१३.२१%) रहेका छन्। अधिकांश सहभागीले एकभन्दा धेरै अनुकूल माध्यम (जस्तै अडियो, ब्रेल, स्क्रिन रिडर) प्रयोग गरेको पाइएको छ[43]।

43 Survey data collected by the author using Google Forms, June 2025.



३.२.१ पहुँचयुक्त पाठ्यसामग्रीको अभाव

अध्ययनका क्रममा अधिकांश परिक्षार्थीले परीक्षाको तयारीका लागि आवश्यक पर्ने किताब पहुँचयुक्त स्वरूप (जस्तैः ब्रेल, अडियो, वा डिजिटल) मा सजिलै संग नपाउने गरेको पाइएको छ । ४ जना (७.५५%) परिक्षार्थीले मात्र सबै पाठ्यसामग्री सहजै प्राप्त गर्ने बताएका छन् । केही सिमित पाठ्यसामग्री मात्र सहजै पहुँचयुक्त माध्यममा प्राप्त गर्ने २४ जना (४५.२८%) रहेका छन् । १६ जना (३०.१९%) ले पहुँचयुक्त पाठ्यसामग्री प्राप्त गर्न कठिनाइ हुने गरेको बताएका छन् । पहुँचयुक्त पाठ्यपुस्तक नै नपाउने र शिक्षकले कक्षामा पढाएको विषयवस्तु र स्वयंले बनाएको नोटमा भर पर्ने परिक्षार्थी ९ जना (१६.९८%) रहेका छन् । पाठ्यसामग्रीको रुपमा प्रयोग गरिने पुस्तक सहज पहुँचमा नरहेको तथा आफुले चाहेअनुसारको पाठ्यसामग्री प्राप्त नगर्ने अधिकांश परिक्षार्थीको गुनासो रहेको छ[44] ।

44 Ibid.



लक्षित समुह छलफलका क्रममा केही सहभागीले आफुले ९/१० कक्षामा पुगेपछि मात्र ब्रेल पुस्तक पाएको र त्यसपछि मात्र गणितका सङ्केत (symbols) को ब्रेल एनोटेसन डट नम्वर थाहा पाएको बताएका थिए। त्यसभन्दा पहिले परीक्षामा गणित तथा विज्ञानका symbol, जस्तै union, root over, Degree जस्ता सङ्केतलाई अक्षर/शब्दमा नै लेखेर उत्तरमा अभिव्यक्त गरेको उनीहरूको अनुभव छ[45] ।

३.३ परिक्षा सहभागिता तथा मूल्याङ्कन विधि (Examination Participation and Assessment Methods)

सर्वेक्षणमा सहभागि मध्य पछिल्लो २-३ वर्षमा विश्वविद्यालय तहको परीक्षा दिने सहभागी ३० जना (५६.६०%) रहेका छन् । कक्षा १२को बोर्ड परीक्षा दिने १६ जना (३०.१९%) रहेका छन् । सहभागीमध्य १५ जना (२८.३०%)ले विद्यालयका आन्तरिक परीक्षामा भाग लिएका छन् भने १४ जना (२६.४२%) ले कक्षा ११ बोर्ड परीक्षामा सहभागीता जनाएका छन् । माध्यमिक शिक्षा परिक्षा SEE परिक्षामा १३ जना (२४.५३%) सम्मिलित भएका छन् । स्थानीय तह कक्षा ८ परीक्षामा १० जना (१८.८७%) परिक्षार्थी पछिल्लो २-३ वर्षको समयावधीमा सम्मिलित भएका छन् भने शिक्षक सेवा आयोगका परीक्षामा सम्मिलित हुनेहरू ५ जना (९.४३%) रहेका छन् । २ जना (३.७७%) सहभागी यस बाहेकका अन्य प्रतियोगी परीक्षामा सम्मिलित भएको देखिन्छ । अधिकांश सहभागी एक

45 Focus group discussion on "Blind Friendly Assessment System in Nepal, in Higher Education," conducted by the authors via Google Meet, June 2025.

भन्दा बढी परिक्षामा सम्मिलित भएको देखिन्छ[46] । यसलाई तलको चार्टबाट यसरी प्रस्ट पार्न सकिन्छ



।

विद्यालयका आन्तरिक/त्रैमासिक परीक्षा, एकाइ परीक्षा (unit test) र अन्तिम परीक्षा (final/board exam) मा दृष्टिविहीन परिक्षार्थीले मूलतः चारवटा माध्यमबाट परीक्षा दिने गरेको पाइन्छ । जसमा,

*मौखिक विधिबाट दिइने परीक्षा,

* ब्रेलमा दृष्टिविहीन परिक्षार्थीले आफैं लेखेर दिइने परीक्षा,

* लेखन सहयोगी राखी आफूले बोलेर उत्तरपुस्तिकामा उत्तर टिपाउने गरी दिइने परीक्षा,

* कम्प्युटरको प्रयोग गरी दिइने परीक्षा

३.३.१ मौखिक विधिबाट दिइने परीक्षा

यस परीक्षा विधिमा विषयगत शिक्षक वा अन्य शिक्षकले दृष्टिविहीन परीक्षार्थीलाई प्रश्न सोधी परिक्षार्थीले मौखिक रुपमा उत्तर अभिव्यक्त गरेबमोजिम अङ्क (number/marks) प्रदान गर्ने गरेको पाइयो। छलफलमा सहभागी केही परिक्षार्थीले कक्षा ५ सम्म मौखिक विधिबाट परीक्षा दिएको बताएका थिए। तर कतिपय विद्यालयमा लेखन सहयोगी नपाइएको स्थितिमा कक्षा ९ र कक्षा ११ तथा १२ को आन्तरिक परीक्षा र एकाइ परीक्षामा समेत मौखिक परीक्षा लिइएको थियो ।

यस क्रममा अन्य परिक्षार्थीको परीक्षा सम्पन्न भएपश्चात् सबै परिक्षार्थीका सामुन्ने शिक्षकले कक्षामा प्रश्न सोधी उत्तर मूल्याङ्कन गर्ने परिक्षार्थीको अनुभव छ । सो क्रममा विषयशिक्षकले कक्षामा सबैका

46 Survey data collected by the authors using Google Forms, June 2025.

अगाडि आफूलाई मात्र प्रश्न सोधी उत्तर दिन लगाउँदा असहज महसुस हुने, आफ्नो मूल्याङ्कनको गोपनीयता कायम नरहने, अन्य सहपाठीले समेत उत्तर सुन्ने हुँदा उत्तर नआए अरूले के भन्लान भन्ने भावना आउने, लाज र डर दुवैका कारण असहज महसुस हुँदा आफूलाई आउने र जानेका प्रश्नका उत्तर समेत भन्न नसक्ने परिस्थिति रहने, विषय शिक्षकले नै परीक्षा लिने लिदा डर र धकका कारणले आफ्नो उच्चतम प्रस्तुती रहन नसक्ने अनुभव पाइयो[47] । मौखिक परीक्षामा शिक्षकले अनुहार हेरेर वा एउटा मात्र प्रश्न सोधेर मूल्याङ्कन गर्ने भएकाले सही मूल्याङ्कन नभएको कतिपयको अनुभव छ ।

३.३.२ ब्रेल लिपिमा परीक्षा (Braille Exams)

अध्ययनमा सहभागी अधिकांश पुर्ण दृष्टिविहीन परिक्षार्थी ब्रेल लिपीमा परिक्षामा सम्मिलित भएको देखिन्छ । तर २ जना अर्थातः (३.७%) लाई मात्र ब्रेल लिपीमा प्रश्नपत्र उपलब्ध गराइने गरेको पाइएको छ । अधिकांश परिक्षार्थीले विद्यालयका बिभिन्न निर्माणात्मक एवं निर्णयात्मक परिक्षामा ब्रेल लिपीमै प्रश्नपत्र पाउँदैनन्। उनीहरू या त लेखन सहयोगीको सहायतामा परिक्षामा सम्मिलित हुन्छन्, या त मानव वाचकको सहायताले ब्रेल लिपीमा उत्तर लेख्ने गर्छन् । लक्षित समुह छलफलमा सहभागी अधिकांश पूर्ण दृष्टिविहीन परिक्षार्थीले प्रश्नका उत्तर ब्रेल लिपिमार्फत लेखी परीक्षामा सहभागी भएको पाइयो । कक्षा ५ सम्म मौखिक विधिमार्फत मूल्याङ्कनमा सामेल परिक्षार्थीले सोपछिका कक्षामा ब्रेल लिपिमार्फत परीक्षा दिएको पाइयो । सो क्रममा कक्षा ८ SEE, कक्षा ११ र १२ का अन्तिम परीक्षामा सबैले लेखन सहयोगी राख्ने भए तापनि अधिकांश परिक्षार्थी विद्यालय तहका सम्पूर्ण आन्तरिक/त्रैमासिक तथा एकाइ परीक्षामा ब्रेल लिपिमार्फत सहभागी हुने गरेको पाइयो । कतिपय विद्यालयमा कक्षा आठको आधारभुत तहको परिक्षा समेत ब्रेल लिपीमै सञ्चालन हुने गरेका छन् । माध्यमिक शिक्षा परिक्षा र कक्षा १२ को परिक्षामा भने उनीहरूले चाहेर पनि ब्रेल लिपीमा परिक्षा दिन मिल्ने ब्यवस्था छैन[48] ।

ब्रेलमा परीक्षा दिने सम्पूर्ण परिक्षार्थीले स्लेटमा नै लेख्ने गरेकोपाइयो, उनीहरूले पर्किन्स ब्रेलर, ब्रेल टाइपराइटर वा अन्य विद्युतीय ब्रेल नोट टेकरलगायतको प्रयोग गरेको पाइएन । ब्रेल टाइपराइटर वा ब्रेल प्रिन्टर रहेका विद्यालयमा प्रश्नपत्र ब्रेलमा छापिने गरे तापनि अन्य विद्यालयमा भने सो सुविधा उपलब्ध रहेको पाइएन ।

47 Focus group discussion conducted by the authors in the National Association of the Blind with 10 computer-learning SEE students from across Nepal, June 2025.

48 बिबिसी. (2015, मार्च 19). ब्रेल लिपीबाट परिक्षा दिन पाउनुपर्ने माग. Retrieved from https://www.bbc.com/nepali/news/2015/03/150319_slc_blindstudent

ललितपुरस्थित नमुना मच्छिन्द्र विद्यालयमा कक्षा १० सम्म अध्ययन गरेका परिक्षार्थीका अनुसार महानगरपालिकाले सञ्चालन गर्ने विद्यालयस्तरीय अन्तिम परीक्षा (Final Exam) मा सो महानगरभित्रका दृष्टिविहीन परिक्षार्थीका निम्ति प्रश्नपत्र नेपाल नेत्रहीन संघसंगको सहकार्यमा ब्रेलमै आउने गरेको छ । तर महानगरपालिकाद्वारा सञ्चालित परीक्षामा नेपाल नेत्रहीन सङ्घद्वारा ब्रेलमा छापिने प्रश्न समयमा नआउने, प्रश्नपत्र परिक्षा सुरु भएको आधा घण्टा भन्दा ढिलो आउँदा समेत प्रश्नपत्र ढिलो पाएबापत ढिला सुरु भएको परिक्षाको समय गणना अन्य विद्यार्थीलाई प्रश्नपत्र बाँड्दाको समयका आधारमा गर्ने र कटौती भएको समयको भरपाइ परीक्षा निरीक्षक/शिक्षकले नगर्ने, ब्रेलमा आउने प्रश्न एकदमै गलत/अशुद्ध आउने, कुनै बेला छपाइमा त्रुटि भई ब्रेलका अक्षर एकआपसमा खप्टिएर (overlap) आउँदा प्रश्न बुझ्न कठिनाई हुने जस्ता समस्या भोग्नुपरेको अनुभव निजले सुनाएका थिए । कुनै बेला आधा प्रश्न मात्रै आएर परिक्षार्थीले त्यति नै प्रश्न आएको भन्ने बुझी परीक्षा दिएका कारण त्यसले नतिजामा नै गम्भीर प्रभाव पारेको परिक्षार्थीको अनुभव रहेको पाइयो[49] ।

परिक्षामा ब्रेल लिपिमार्फत गरिने गणित तथा विज्ञानका हिसाबमा आफूले लेखेका कुरा वा हिसाबको चरण पुनः हेर्दा ब्रेल उत्तरपुस्तिका स्लेटबाट झिकी हेर्नुपर्ने, पुनःस्लेटमा राखी अर्को चरणको गणीतिय कार्य गर्नुपर्ने हुँदा धेरै समय खर्च हुने, तथा बाँकी अन्य उत्तर लेख्न समय नपुग्ने गरेको सहभागीको अनुभव छ । यसरी हिसाब गर्दा पहिले नै लेखेको अक्षरमा खप्टिन गई गरिरहेको हिसाब बिग्रिएकाले पुनः सुरुदेखि गर्नुपर्ने समस्या आउने गरेको समेत देखिन्छ । परिक्षार्थी तथा शिक्षक दुबैलाई गणीतिय ब्रेल नोटेसनको प्रयाप्त जानकारी नहुने गरेको समेत देखिन्छ । दृष्टिविहीन शिक्षकले उत्तर वाचन गरी विषय शिक्षकले सुनेर उत्तर पुस्तिका परिक्षण गर्ने विद्यालयमा दृष्टिविहीण शिक्षकले परीक्षाका लागि कामचलाउ अस्थायी ब्रेल डट symbol/sign बनाएर दिने गरेको कतिपयको अनुभव छ[50] ।

लक्षित समुह छलफलका क्रममा परिक्षार्थीको भनाइबमोजिम मुख्यत: तीन प्रकारका अभ्यासमार्फत परीक्षार्थीका उत्तरपुस्तिका परीक्षण गरिएको पाइन्छ:

१. परीक्षार्थीले ब्रेलमा लेखेका उत्तर विद्यालयमा ब्रेल लिपि पढ्न सक्ने शिक्षकले मसिले लेखी कापीमा सारिदिएर विषय शिक्षकले जाँच्ने ।

२. ब्रेल लिपिको उत्तरपुस्तिका ब्रेल पढ्न सक्ने शिक्षक वा दृष्टिविहीन छात्रावासका स्रोत शिक्षक अथवा विद्यालयमा कार्यरत दृष्टिविहीन शिक्षकले विषय शिक्षकलाई पढेर सुनाएपश्चात सम्बन्धित विषय

49 Focus group discussion conducted by the authors in the National Association of the Blind with 10 computer-learning SEE students from across Nepal, June 2025.

50 Focus group discussion conducted by the authors via Google Meet with participants from various secondary schools across Nepal, July 2025. A specific remark was provided by a participant from Damkada Model Secondary School.

शिक्षकले मूल्याङ्कन गर्ने, (यसरी उत्तरपुस्तिका परीक्षण गर्दा सही मूल्यांकन नभएको महसुस भएको परिक्षार्थीको भनाइ थियो ।)

३. विद्यालयमा अध्ययनरत दृष्टिविहीन परिक्षार्थीलाई अन्य परिक्षार्थीको उत्तरपुस्तिका पढ्न लगाई मूल्यांकन गर्ने । यस क्रममा माथिल्लो कक्षाका परिक्षार्थीको उत्तरपुस्तिका तल्लो कक्षाका परिक्षार्थीले पढेर सुनाउने, र तल्लो कक्षाका परिक्षार्थीको माथिल्लो कक्षाका परिक्षार्थीले सम्बन्धित विषयशिक्षकलाई पढेर सुनाउने गरेको देखिन्छ । यसरी उत्तरपुस्तिका परीक्षण गर्दा माथिल्लो कक्षाका परिक्षार्थीले लेखेको तल्लो कक्षाका परिक्षार्थीले पढ्न नसकी परीक्षाको नतिजामै असर पारेको कतिपय परिक्षार्थीको भनाइ थियो[51] ।

कतिपय अवस्थामा कक्षा ११ र १२मा अध्ययन गर्ने दृष्टिविहीन परिक्षार्थी आफुमात्र एकजना रहेको विद्यालयमा आफुले ब्रेलमा लेखेको उत्तरपुस्तिका स्वेयं आफैले विषय शिक्षकलाई पढेर सुनाएका आधारमा मूल्याङ्कन हुने गरेको समेत देखिन्छ । उल्लिखित विधिमार्फत उत्तरपुस्तिका परीक्षण गर्दा कहिलेकाहीँ अन्य विद्यार्थिको नतिजा आइसक्दा समेत दृष्टिविहीन परिक्षार्थीको उत्तर ब्रेलबाट अनुवाद नहुने गरेको तथा नतिजा नै ढिला आउने गरेको कतिपय परिक्षार्थीको अनुभव थियो[52] ।

स्लेट तथा स्टाइलसमार्फत ब्रेलमा लेखेर परिक्षामा सहभागी हुने परिक्षार्थीको परिक्षा लेखनमा ब्रेल कागजको गुणस्तरले समेत प्रभाव पार्ने गरेको पाइएको छ । ब्रेल कागज बाक्लो हुँदा लेख्न गार्हो हुने तथा हात दुख्ने गर्छ भने सो कागजको मोटाइ पातलो हुँदा कागज नै च्यातिने तथा उचित तरिकाले अक्षर नबन्ने अवस्था सिर्जना हुन्छ । अनलाइन सर्वेक्षणका सहभागीमध्ये ब्रेल कागज धेरै बाक्लो वा पातलो हुँदा आफुलाइ समस्या हुने गरेको बताउने ८ जना (१५.०९%) रहेका छन् । यस्तै ब्रेल कागजको खराब गुणस्तरको हुँदा समस्या हुने गरेको बताउने ३ जना (५.६६%) रहेका छन् ।

३.३.३ मानव वाचकः

मानव वाचकले प्रश्न शुद्धसंग नपढिदिने, प्रश्नपत्र पढ्न झ्याउ मान्ने, प्रश्नपत्र पढिदिनुको सट्टा परिक्षार्थीला अन्य वैयक्तिक कुराकानीमा अल्झाउने गरेकाले परिक्षामा आफुलाइ डिस्टर्ब हुने गरेको लक्षित समुह छलफलमा सहभागी अधिकांश मानव वाचक प्रयोगकर्ताको गुनासो रहेको छ । विशेषतः ब्रेल टाइपराइटर वा ब्रेल प्रिन्टर नरहेका विद्यालयमा परीक्षामा खटिई आउने शिक्षक (invigilator/guard) ले बोलेर प्रश्न सुनाएका आधारमा परिक्षार्थीले उत्तर लेख्ने गरेको पाइयो । परीक्षा सञ्चालन हुने सबै

51 Focus group discussion conducted by the authors with participants from Sanjiwani Model Secondary School, Dhulikhel, July 2025.

52 FGD, various secondary schools (remark from alumnus of Laboratory Secondary School), July 2025.

कक्षाका सम्पूर्ण दृष्टिविहीन परिक्षार्थीलाई एउटै परीक्षा हलमा राखिने गरेको,र परीक्षा हलमा एक जनामात्र निरीक्षक (Invigilator/Guard) खटिई आउने हुँदा सबै कक्षाका परीक्षार्थीको प्रश्नको उत्तर परीक्षा निरीक्षकले समयमै वाचन गर्न नभ्याउँदा उत्तर लेखनका लागि समय व्यवस्थापनमा समस्या हुने, प्रश्नको समयमै हल गर्न नसक्ने र परिणामस्वरुप परीक्षार्थीको नतिजामै असर पर्ने गरेको समेत देखिन्छ । अनुच्छेद (Passage) मा आधारित प्रश्नहरूमा परीक्षा निरीक्षक/शिक्षकले पटक-पटक प्रश्न पढ्नुपर्ने हुनाले समय अभाव हुने,प्रश्न दोहोर्याउन मानव वाचकले आनाकानी गर्ने, अनुच्छेद नदोहोर्याइदिँदा कैयौँ प्रश्नको उत्तर नै नलेखी छोड्नुपर्ने समस्यासंग समेत परिक्षार्थी जुधेको देखिन्छ ।

प्रश्न वाचक ब्यक्ति सम्बन्धित विषय शिक्षक नहुँदा प्रश्न स्पष्ट नपढिदिँदा समेत परीक्षार्थीलाई समस्या परेको बुझियो । कतिपय अवस्थामा शिक्षक/परीक्षा निरीक्षकले प्रश्न पढिदिन नमान्ने, झन्झट मान्ने हुँदा तल्लो कक्षाका परिक्षार्थी राखी प्रश्न पढ्न लगाउनुपर्ने रहेको अनुभवसमेत पाइयो ।

३.३.४ लेखन सहयोगीः

छात्रावासमा बसी अध्ययन गर्ने कक्षा १० सम्मका दृष्टिविहीन परीक्षार्थीका लागि सबैजसो विद्यालयले नै लेखन सहयोगीको व्यवस्था गरिदिने गरेको पाइयो । सहयोगी उपलब्ध गराउँदा अधिकांश विद्यालयले आफ्नै विद्यालयका परिक्षार्थी उपलब्ध गराउने गरेको देखिन्छ । तर एक विद्यालयले भने विद्यालयका सबै विद्यार्थिको परिक्षा एकै पटक सञ्चालन भएको स्थितिमा नजिकको अर्को विद्यालयबाट लेखक सहयोगीको ब्यवस्था गरेको पाइन्छ[53] ।

परिक्षार्थीका अनुसार तल्लो कक्षाका लेखन सहयोगीले उनीहरूले भनेबमोजिम लेख्न सक्दैनन् । कुनै लेखन सहयोगी आफ्नै नाम समेत लेख्न नआउने खालका हुन्छन् । कतिपय स्थितिमा लेखन सहयोगीले लेख्न नसकेको कारणले परीक्षा बिग्रिन्छन् । ब्रेलमा लेख्ने तरिका र मसिले लेख्ने तरिका पूर्णतया फरक हुन्छ । तल्लो कक्षाका परिक्षार्थीले लामो प्रश्नहरू लेख्न गाह्रो मान्ने, उत्तर लामो लामो भयो भनी झन्झट मानिरहने गर्दछन् । उनीहरूले जटिल शब्द लेख्न नसक्दा सरल-सरल शब्द प्रयोग गरी उत्तर टिपाउनुपर्दा स्तरीय लेखनी कायम नहुने भई मूल्याङ्कनमा नै असर पर्छ। लेखन सहयोगीले सुस्त लेखिदिएर समय नपुगेर प्रश्न छुटेको र परीक्षा बिग्रेको अनुभव समुह लक्षित छलफलका सहभागीको रहेको छ[54] ।

तर परीक्षामा चित्रात्मक प्रश्न हल गर्न भने लेखन सहयोगी उपयोगी हुने कतिपयको अनुभव छ । लेखन सहयोगी राखी परीक्षामा सामेल हुँदा आफूले चाहेबमोजिमको उत्तर लेख्न नसक्ने समस्याका अतिरिक्त

53 Key informant interview with the principal of Purwanchal Gyanchakshu Secondary School, July 2025.

54 FGD, Sanjiwani Model Secondary School, Dhulikhel, June 2025.

लेखन सहयोगी राखेकै आधारमा दृष्टिविहीन परीक्षार्थीले लाञ्छना तथा पूर्वाग्रहपूर्ण व्यवहार सहनु परिरहेको लक्षित समुह छलफलमा सहभागी अधिकांश परिक्षार्थीको अनुभव रहेको पाइयो। कक्षाका अन्य सहपाठी साथी, स्वयं शिक्षक तथा विद्यालय प्रशासनका कर्मचारीले आफूहरूलाई 'परीक्षा लेखन सहयोगीले दिने हो, तिमीहरूले किन पढ्नुपर्‍यो' भन्ने गरेको कतिपयले बताएका थिए।

कक्षाका सहपाठी तथा शिक्षकले परीक्षामा उच्च अङ्क आएको खण्डमा 'राइटरले लेखिदिएर यति अङ्क आएको' भनी आफुलाई अपमानित गर्ने गरेको कतिपयको अनुभव छ। 'परीक्षा राम्रो भयो भने 'राइटरले लेखिदिएर भएको हो,' नराम्रो हुँदाचाहिँ 'तैँले गर्दा बिग्रेको हो' भन्ने भनाइ खानुपर्छ' छलफलमा सहभागी एक छात्राको अनुभव छ। अर्का परिक्षार्थीको अनुभवमा लेखन सहयोगीलाई उत्तर लेखाउने क्रममा परीक्षा निरीक्षकको निगरानीमा संयोगवश उत्तर सोँचिरहेको तथा नबोलिरहेको अवस्थामा 'यसले केही भन्दैन, राइटरले मात्र लेखिदिन्छ' भन्दै परिक्षास्थलमै आफुमाथी अमर्यादित टिप्पणी गरिएको थियो।[55]।

यस्तै लेखन सहयोगी राखी परीक्षा दिँदा धेरै दृष्टिविहीन परीक्षार्थीलाई एकै परीक्षा हलमा राखेको स्थितिमा अरू परीक्षार्थीले बोलेको सुनिरहनुपर्ने, र आफूले बोलेर उत्तर टिपाउँदा परीक्षाको गोपनीयता भङ्ग हुने गरेको परिक्षार्थीको अनुभव रहेको पाइयो।

माध्यमिक शिक्षा परिक्षा एसईईका निम्ति कतिपय विद्यालयले लेखन सहयोगी समेतलाई परिक्षाको पुर्व तयारी गराउने गरेको पाइएको छ। दृष्टिविहीन परिक्षार्थीलाई लेखन सहयोगीद्वारा सम्मिलित हुने परीक्षामा अभ्यस्त बनाउन लेखन सहयोगीलाई सम्बन्धित परिक्षार्थीको कक्षाको पाठ्यक्रमको ट्यूसन पढाउने गरेको सन्जिवनी नमुना मा.वि. का विद्यार्थीको भनाई छ। यस्तै पुर्वाञ्चल ज्ञानचक्षु माध्यमिक विद्यालय धरानले समेत मंग्सिर महिनादेखी शुक्रवार तथा सनिवारका दिन लेखन सहयोगी र परिक्षार्थीलाई माध्यमिक शिक्षा परिक्षाको तयारी संयुक्त रुपमा गराइने गरिएको पाइयो।

३.३.४.१ लेखन सहयोगीले प्रश्नहरू स्पष्टसँग नपढिदिने समस्या

परीक्षामा लेखन सहयोगी द्वारा प्रश्न पढिने तरिका सम्बन्धी अनुभवमा उल्लेखनीय विविधता देखिएको छ। अनलाइन सर्व्यक्षणमा सहभागिमध्ये केवल ९ जना (१६.९८%) सहभागीले मात्र लेखन सहयोगीले सधै स्पष्टसंग प्रश्न पढिदिने गरेको बताए। ११ जना (२०.७५%)ले प्रायः राम्रैसँग पढिदिने

55 Ebid.

प्रतिक्रिया दिएका छन् । तर सबैभन्दा धेरै संख्यामा अर्थात् ३३ जना (६२.२६%) सहभागीले लेखनसहयोगीको वाचन कहिलेकाहीँ बुझ्न गाह्रो हुने बताएका छन् ।

परिक्षार्थीको उत्तरलाई समेत लेखनसहयोगीले सही-सही लेख्न नसक्ने गरेको सहभागीको अनुभव छ। सर्वेक्षणमा सहभागी १२ जना सहभागी (२२.६४%) ले मात्र आफुले भनेको सबै कुरा सही र छिटो लेखिदिने बताएका छन् । यसबाट लेखन सहयोगीले उपलब्ध गराउने लेखनसेवाको गुणस्तर सन्तोषजनक नरहेको संकेत मिल्छ । अध्ययनमा सहभागीमध्ये ११ जना (२०.७५%)ले भने लेख्न त लेख्ने तर अलि ढिलो गर्ने बताएका छन् । तर , सबैभन्दा धेरै संख्यामा २३ जना सहभागी (४३.४० %)ले "कहिलेकाहीँ लेखनसहयोगीले आफुले भनेको कुरा नलेख्ने, लेख्दा गल्ती गर्ने वा लेख्नुपर्ने कुरा छुटाउने गरेको बताएका छन् । अध्ययनमा ७ जना (१३.२१%) ले लेखन सहयोगीले धेरै गल्ती गर्ने भएकाले उनीहरूले लेख्ने कुरामा विश्वास नगर्ने बताउँछन् ।

समुह छलफलको क्रममा परिक्षार्थीले परिक्षामा आफ्नो अध्ययनको तह भन्दा तल्लो तहका परिक्षार्थीलाई लेखन सहयोगी राख्नु पर्ने वाध्यात्मक अवस्था रहेकोप्रति गुनासो गरेको पाइयो । कतिपय अवस्थामा एकैपल्ट आफ्नो तथा तल्लो तहमा अध्ययनरत संभावित लेखन सहयोगीको समेत परिक्षा जुध्दा लेखन सहयोगी नै उपलब्ध हुन कठिनाइ रहेको देखिन्छ। लक्षित समुह छलफलका क्रममा नेपाली, सामाजिक जस्ता भाषा विषयका परिक्षाको समयमा आफुभन्दा तल्लो तहका लेखन सहयोगीलाई आफुले भनेका शब्दहरु शुद्द लेख्न नआएका कारण एक-एक शब्दबनोटको वर्ण विन्याश संरचना बुझाउनु पर्ने साथै कहिले काहि परिक्षा निरिक्षकको समेत सहयोग लिनु पर्ने र परिणामस्वरुप परिक्षा समयमा नसकिने जस्ता भोगाईहरु उल्लेख गरेका थिए । लेखन सहयोगीले आफुले भनेको कुरा नलेखिदिने, लामो उत्तर लेख्नु पर्ने प्रश्नको उत्तर लेख्न नमान्ने र नेपाली, सामाजिक जस्तो भाषा विषयमा उत्तीर्णांक बराबरको प्रश्न हल गरि सकेपश्चात 'यति गरिसकेपछी पास त भैहालिन्छ, किन धेरै लेख्नुपर्यो'? भन्दै थप उत्तर लेख्न आनाकानी गर्ने गरेको समेत पाइएको छ । सन्जिवनी नमुना माध्यमिक विद्यालय धुलिखेलमा अध्ययनरत परिक्षार्थीले लेखन सहयोगीले आफुले भनेको श्रुतीलेखन नगरी स्वयंको परिक्षासरह परिक्षार्थीलाई प्रश्न समेत नभनी आफै उत्तर लेखेको गुनासो गरे। आफुले यसरी लेख भनेर उत्तर सुझाउन खोज्दा 'बापको मत सिकाओ' भन्दै परिक्षार्थीलाई परिक्षा अवधीभर उत्तर नै भन्न नदिई लेखन सहयोगीले नै आफ्नै सुरमा लेखिदिएको उनको अनुभव छ[56] । यसबाट दृष्टिविहीण परिक्षार्थीले धेरै अंक ल्याउनु पर्दैन भन्ने मान्यता लेखनसहयोगीमा समेत गहिरोसंग गढेर बसेको स्पष्ट

56 FGD, Sanjiwani Model Secondary School, Dhulikhel, June 2025.

हुन्छ। यसले संरचनागत रुपमै दृष्टीविहीन परिक्षार्थीको विध्यमान परिक्षा प्रणालीले उनीहरूलाई हानी गरिरहेको समेत बुझ्न सकिन्छ । यसबाट परीक्षाको निष्पक्षता र परिक्षार्थीको मूल क्षमताको मूल्याङ्कनमा गम्भीर प्रभाव परेको स्पष्ट हुन्छ ।

समुहगत छलफलको क्रममा सहभागी एक परिक्षार्थीले आफुभन्दा ३ कक्षा तलको परिक्षार्थीलाई लेखन सहयोगीको रूपमा राख्दा उनको परीक्षा राम्रो हुन सकेन। १० कक्षामा अध्ययनरत निजले ७ कक्षाको परिक्षार्थीलाई लेखन सहयोगी राख्दा सहयोगीलाई नेपाली लेख्नै नआएको, र गणितको परीक्षामा सूत्रहरू लेखाउन खोज्दा सहयोगीले नबुझेको अनुभव रहेको थियो।[57] ।

गणित (Math) वा विज्ञान (Science) को परीक्षामा चिन्ह (symbols) वा चित्रहरू (diagrams) लाई लेखन सहयोगीले राम्रोसंग बताउन नसक्ने गरेको समेत पाइयो[58] । **अनलाइन सर्व्येक्षणका** ५३ सहभागि मध्य जम्मा ५ जना (९.४३%) ले मात्र लेखनसहयोगीले चित्रात्मक प्रश्न लेखन सहयोगीले धेरै राम्रोसंग बताउने प्रतिक्रिया दिएका छन्। २४ जना (४५.२८%) ले ठिकठिकै बताउने प्रतिक्रिया दिएका छन्। तर २० जना (३७.७४%) सहभागीले भने बताउन गाह्रो मान्ने उल्लेख गरेका छन्। ४ जना (७.५५%) सहभागीले भने लेखन सहयोगीले चित्रात्मक प्रश्न सही ढंगले पटक्कै बताउन नसक्ने बताएका छन्।



57 FGD, Nepal Association of the Blind, June 2025.

58 बोहरा, द. (2075, चैत 11 सोमबार). एसइई परीक्षा : पढाई ब्रेललिपि, परीक्षा सहयोगीको भरमा !. खरिबोट. Retrieved from https://www.kharibot.com/news details/30821/%E0%A4%BF

लेखन सहभागीबाट परिक्षामा सम्मिलित हुँने क्रममा आउने मुख्य समस्यामा सर्वेक्षणमा सहभागी ५३ जनामध्ये सबैभन्दा धैरै, २९ जना (५४.७८%) ले दुईवटा प्रमुख समस्या औँल्याएका छन्: पहिलो, सहयोगीले परीक्षाको विषयवस्तु नबुझ्नु र दोस्रो, सहयोगीले लेख्दा हिज्जे वा व्याकरणीय त्रुटि गर्नु। त्यसैगरी, २३ जना (४३.३९%) ले परीक्षाको गोपनीयता भङ्ग हुन सक्ने डर व्यक्त गरेका छन्। साथै, २०-२० जना (३७.७३%) ले 'आफुले भनेको कुरा हुबहु नलेखिने' र 'लेखन गति ढिलो हुने' जस्ता समस्या समेत भोगेको बताएका छन्।



लक्षित समुहसँगको छलफलमा सहभागी लेखन सहयोगीसमक्ष निर्धक्कता साथ आफ्नो उत्तर लेखाउन सङ्कोच लाग्ने कुरा कतिपय परिक्षार्थीको अनुभव छ। चिनेको लेखन सहयोगी पर्दा आफूलाई उत्तर नआए वा गलत उत्तर दिए के सोच्ला भन्ने डर रहने र लेखन सहयोगीले अरूलाई आफ्नाबारे के भन्ला भन्ने चिन्ताले मनोवैज्ञानिक दबाब महसुस हुने गरेको उनीहरूको भनाइ छ।

लेखन सहयोगी राख्ने क्रममा पुऱ्याउनुपर्ने प्रकृयागत कार्यले समेत कतिपय समयमा अप्ठ्यारो पार्ने परिक्षार्थीको अनुभव रहेको छ। SEE को परीक्षा दिएका एक परिक्षार्थीका अनुसार लेखन सहयोगी प्रमाणित गरी एक पटक सिफारिस पत्र बनाइसकेपश्चात् उक्त सहयोगी परिवर्तन गर्न अत्यन्त कठिन हुन्छ। आफ्नो लेखन सहयोगी परीक्षामा उपस्थित हुन नसकेको, र तत्काल अर्को व्यक्तिलाई प्रमाणित गरी

सिफारिस गर्न नसकिएका कारण माध्यमिक शिक्षा परिक्षाजस्तो संवेदनशील परीक्षा समेत बिग्रेको अवस्था छ । कतिपय परिक्षार्थीलाई लेखन सहयोगी राख्ने क्रममा केन्द्राध्यक्ष तथा परिक्षा निरिक्षक लगायतले दुःख दिने गरेको समेत पाइएको छ[59] ।

परिक्षामा लेखन सहयोगी राख्नु अगाडी प्रमाणीकरण गर्नुपर्ने हुन्छ । प्रचलित अभ्यासअनुसार विश्व विद्यालयको हकमा सम्बन्धित संकायको डीन तथा अन्य परिक्षाका हकमा कतिपय अवस्थामा शिक्षा विकास तथा समन्वय इकाइबाट प्रमाणिकरण गर्नुपर्ने अवस्था छ । प्रमाणिकरण गर्ने निकायले लेखन प्रमाणीकरण गरेको चिठी साथमा लिएर मात्र परिक्षामा सम्मिलित हुन जान मिल्छ । यसरी लेखन सहयोगी प्रमाणीकरण पत्र बनाउँदा दुई लेखन सहयोगीको नाम उल्लेख गर्ने व्यवस्था छैन । एक जनाको मात्र नाम उल्लेख गर्ने प्रचलन छ। कारणवश, लेखन सहयोगी परीक्षामा आउन नसके परिक्षार्थीले फेरि अर्को चिठी बनाउनुपर्छ । परिक्षाको समयमा अर्को चिठी बनाउने गरी भौतारिने कि अध्ययनमा केन्द्रित हुने? अन्यौलग्रस्त स्थिति समेत सिर्जना हुने गरेको कतिपय परिक्षार्थीको अनुभव छ[60] ।

लक्षित समुह छलफलका क्रममा कक्षा ११ र १२ अध्ययनरत अधिकांश परिक्षार्थीले परिक्षामा सम्मिलित हुनका लागी स्वयम आफैले नै लेखन सहयोगी को ब्यवस्था गर्नुपर्ने स्थिति रहेको बताएका छन् । अन्य सहपाठी परिक्षार्थीले परीक्षाको तयारी गरिरहेका बेला आफु भने लेखन सहयोगी नपाएर खोज्न भौँतारिरहनुपर्ने उनीहरूको बाध्यता छ ।

परीक्षा प्रणाली पहुँचयुक्त नभएका कारण लेखन सहयोगी राख्नुपर्दा थप अतिरिक्त आर्थिक भार समेत वहन गर्नुपर्ने अवस्था देखिन्छ । लेखन सहयोगीलाई धेरथोर आर्थिक रकम उपलब्ध गराउनुपर्ने तर त्यसको ब्यवस्थापन स्वयं आफैले गर्नुपर्ने छलफलमा सहभागिको गुनासो छ । अधिकांशले घरबाट आर्थिक सहयोग मागेर नै लेखन सहयोगीलाई पैसा दिने गरेको पाइन्छ । यसका बाबजुद लेखन सहयोगी प्राप्त गर्न निकै दुख हुने गरेको अधिकांशको भनाइ छ । कतिपय अवस्थामा लेखन सहयोगी नपाइने अवस्थाले पढाइ छोड्नेबारे सोच्नुपरेको लक्षित समुह छलफलमा सहभागी परिक्षार्थीको गुनासो छ । पृथ्वी नारायण क्याम्पसमा अध्ययनरत एक दृष्टिविहीन परिक्षार्थीले एक दृष्टिविहीन व्यक्तिमार्फत एउटा विषयको परिक्षाको लेखनमा सहयोग गरेबापत प्रतीदिन रू १०००/- (अक्षरुपी एक हजार मात्र) लेखन सहयोगीलाई ज्यालाबापत उपलब्ध गराउने सर्तमा लेखन सहयोगी ब्यवस्था गरेको तर, एउटा विषयको परिक्षा दिएपश्चात "भोलीबाट एउटा परिक्षाको दुई हजार दिनुपर्ने" भनी आफुलाई सम्पर्क गरिएको

59 वाग्ले सौगात र पोखरेल, रोजिना. (२०८१ भदौ २२). म पढ्छु, मै लेख्छु । उकालो। https://www.ukaalo.com/news/20125/

60 Ebid.

बताइन । आफु परिक्षार्थी भएको र आफुसंग त्यतिका पैसा ब्यवस्था गर्ने आर्थिक हैसियत नरहेको जवाफ दिँदा "त्यसोभए भोलीदेखी तिम्रो लेखन सहयोगी आउँदिनन् । तिमी जे गरे गर, अर्को सहयोगी खोज" भन्ने जवाफ लेखन सहयोगीको ब्यवस्था गरिदिने ब्यक्तिबाट पाएको र आफु लेखनसहयोगीका लागी प्रतिदिन रू २०००।– (दुई हजार) तिर्न बाध्य हुनुपरेको उनको अनुभव छ[61] ।

पुर्वाञ्चल ज्ञानचक्षु विद्यालयले कक्षा दसका परिक्षार्थीबाट लेखन सहयोगी शुल्क बापत एकमुस्ट रुपमा रू ७,००० (अक्षरुपी सात हजार मात्र) लिने र त्यसबाटै विद्यालयले मंग्सिर देखी लेखन सहयोगीलाई परिक्षार्थीको परिक्षाप्रणालीसंग अब्यवस्त बनाएबापत आवतजावत यातायात खर्च तथा एसईईको अन्तिम परिक्षामा परिक्षार्थीलाई सहयोग गरेबापत एकमुस्ट रू ३५००/- (पैँतीस सय रुपैँया मात्र) पारिश्रमिकको रुपमा उपलब्ध गराउने गरेको पाइएको छ । प्रत्येक परिक्षार्थीको लेखन सहयोगीमा भएको खर्चको ब्यवस्थित हिसाब राखिने र सम्पुर्ण खर्च कटाएपश्चात फरफार गरी बाँकी रकम विद्यार्थीलाई नै फिर्ता गरिँदै आइएको देखिन्छ । विद्यालयसंग प्रयाप्त स्रोत तथा साधनको अभावका कारण लेखनसहयोगी शुल्क बापतको रकम विद्यार्थीबाटै संकलन गर्न बाध्य हुनुपरेको विद्यालयका प्रधान अध्यापक प्रमोद भण्डारीको भनाइ छ[62] ।

सर्वेक्षणका कुल सहभागीमध्ये अत्याधिक बहुमत अर्थात् ४० जना (७५.४७%) ले लेखन सहयोगीद्वारा दिइने परीक्षाले आफ्नो वास्तविक क्षमताको सही मापन गर्न नसक्ने उत्तर दिएका छन् । केवल १३ जना (२४.५३%) ले मात्र यो प्रणाली आफ्नो क्षमता मापनका लागि पर्याप्त रहेको विश्वास व्यक्त गरेका छन् ।



61 Focus group discussion conducted by the authors via Google Meet with participants studying in Pokhara, July 2025.

62 KII, Principal Pramod Bhandari, Gyanchakshu Secondary School, July 2025.

३.३.५ कम्प्युटर प्रयोग गरी दिइने परीक्षा

प्रविधिमा पहुँच रहेका केही विद्यालयले दृष्टिविहीन परीक्षार्थीलाई कम्प्युटरमा लेखेर परीक्षा दिन लगाएको देखिन्छ । स्थानीय तह बाट सञ्चालन हुने कक्षा ८ को BLE, कक्षा १० को SEE तथा कक्षा १२ को अन्तिम परीक्षामा बाहेक अन्य सम्पूर्ण आन्तरिक तथा अन्तिम परीक्षा दृष्टिविहीन परीक्षार्थीले कम्प्युटरमा लेखेर नै दिने गरेको सिमित विद्यार्थीको अनुभव छ । सर्वेक्षणमा सहभागी विद्यार्थीमध्ये निर्णयात्मक वा निर्माणात्मक परिक्षामा स्क्रिन रिडर/कम्प्युटर प्रयोग गरेर परिक्षा दिनेको संख्या जम्मा ६ जना (११.३२%) रहेको पाइयो ।

आदर्श माविमा कक्षा १२ को अन्तिम परीक्षामा लेखन सहयोगी राख्नुपरेको, र बाँकी कक्षा ५ देखि माथिका सबै आन्तरिक परीक्षा कम्प्युटरमार्फत दिइएको समुह लक्षित छलफलमा सहभागी सो विद्यालयमा अध्यानरत पूर्णदृष्टिविहीन परिक्षार्थीको भनाई छ । त्यसरी परीक्षा दिंदा ल्याबको कम्प्युटर प्रयोग नगरी आफ्नो व्यक्तिगत ल्यापटप लिएर जानुपर्ने व्यवस्था रहेको देखिन्छ । त्यस विद्यालयमा अध्ययनरत ३४ परिक्षार्थीलाई विद्यालयले नभई दाताको सौजन्यमा छात्रावासले नै व्यक्तिगत ल्यापटप उपलब्ध गराएको उनले उल्लेख गरेका थिए । धेरै परिक्षार्थी एकै परीक्षा हलमा बसी परीक्षा दिंदा कम्प्युटरको स्क्रिन रिडरको आवाजले समस्या पर्ने हुँदा उनीहरूले हेडफोनको प्रयोग गर्ने गरेको उल्लेख गरेका थिए। कास्की स्थित अमरसिंह माविका परिक्षार्थीले आफूले ८ कक्षाको आन्तरिक परीक्षा मात्र कम्प्युटरमा दिएको उल्लेख गरे ।

दृष्टिविहीनका निम्ति नेपालको एक मात्र विशेष विद्यालयको रुपमा रहेको धरान स्थित पुर्वाञ्चल ज्ञानचक्षुले शैक्षिक सत्र २०८२ को प्रथम त्रैमासिक परिक्षा देखी कम्प्युटर मार्फत दिइने परिक्षालाई नमुना परिक्षणको रुपमा अगाडी बढाएको विद्यालयका प्रधान अध्यापक प्रमोद भण्डारीको भनाई छ । प्रदेश सरकारले ब्यवस्था गरेको बजेट बाट ३८ थान डेस्क टप कम्प्युटरको ब्यवस्था गरी सबै दृष्टिविहीन विद्यार्थिलाई पर्याप्त कम्प्युटर प्रशिक्षणको ब्यवस्था मार्फत सञ्चालन गरिएको परिक्षाको पाइलटिङ सफल भएकोले यसलाई थप सुधारसहित निरन्तरता दिँदै जाने विद्यालयको योजना छ । बिगत केही वर्ष यता विद्यालयका आन्तरिक गृहकार्य कम्प्युटर प्रणालीमार्फत नै गराउँदै आएको सो विद्यालयमा सञ्चालित कम्प्युटरआधारित परिक्षामा कक्षा ६ देखी १० सम्म अध्ययनरत ३२ जना विद्यार्थीको सहभागीता रहेको थियो ।

कतिपय परिक्षार्थी विश्व विद्यालयका आन्तरिक परिक्षामा नियमित रुपमा कम्प्युटर मार्फत नै सहभागी हुने गरेको देखिएता पनि बोर्ड परिक्षामा सम्मिलित हुने परिक्षार्थीहरू भने निकै कम मात्र रहेको पाइएको

छ। काठमाण्डौं विश्व विद्यालयमा यस्तो अभ्यास रहेको देखिन्छ । काठमाण्डौं विश्व विद्यालय स्कुल अफ ल मा सन् २०२१ पश्चात दृष्टिविहीन विद्यार्थी कम्प्युटरमा आधारित परिक्षामार्फत बोर्ड परिक्षामा सम्मिलित भएको देखिन्छ भने काठमाण्डौं विश्व विद्यालयबाट सम्बन्धन प्राप्त धुमबाराही स्थित नेस्नल कलेजमा सन् २०२३ बाट यो अभ्यास सुरु भएको पाइन्छ । केन्द्रीय क्याम्पस परिसर धुलिखेल स्थित स्कुल अफ. ल. का विद्यार्थीलाई विश्व विद्यालयले परिक्षा प्रयोजनका निम्ति उपलब्ध गराएको इन्टर्नेट जडान गर्न नमिल्ने डेस्क टप वा ल्यापटप कम्प्युटर मार्फत सेमेस्टरको अन्तिम निर्णयात्मक परिक्षामा सम्मिलित हुने ब्यवस्था गरिएको पाइयो । नेस्नल कलेजका विद्यार्थीले भने आफ्नै व्यक्तिगत ल्यापटप प्रयोग गरी परिक्षामा सम्मिलित हुने गरेको देखिन्छ । नेस्नल कलेजले होम सेन्टर मार्फत नै परिक्षा सञ्चालन गर्ने भएकाले विद्यार्थीलाई विद्यालयको छुट्टै कोठामा राखी परिक्षामा सम्मिलित हुने ब्यवस्था मिलाएको देखिन्छ ।

काठमाण्डौं विश्व विद्यालय स्कुल अफ ल मा अध्ययनरत विद्यार्थीका अनुसार ल क्याम्पसमै परिक्षा केन्द्र तोकिएको अवस्थामा उनलाई छुट्टै कोठामा राखी परिक्षामा सम्मिलित गराउने गरेको पाइयो । तर परिक्षा केन्द्र अन्य क्याम्पस वा निश्चित हलमा भएको अवस्थामा निज विद्यार्थी समेत अन्य विद्यार्थी सरह हलमै बसेर परिक्षामा सम्मिलित हुनुपर्ने ब्यवस्था रहेको देखिन्छ ।

ब्रेल लिपि/लेखन सहयोगी राखेर/कम्प्युटरमा आधारित मध्ये आफूलाई कम्प्युटरबाट परीक्षा दिन सजिलो लाग्ने कम्प्युटर परिक्षामा सम्मिलित परिक्षार्थीको भनाइ थियो। तर कम्प्युटरमा परीक्षा दिन लगाउनुपूर्व आवश्यक स्रोत-साधनको सुनिश्चित हुनुपर्ने र कम्प्युटर सिकाउनु पर्ने तथा परीक्षामा सहभागी गराउनुपूर्व आवश्यक जानकारी दिनुपर्ने उनीहरूको भनाइ छ । कम्प्युटरबाट परीक्षा दिँदा ३० अङ्कभारको चित्रात्मक प्रश्न कम्प्युटरमा हल गर्न नसकी छोड्नुपरेको छलफलमा सहभागी परिक्षार्थीको अनुभव छ । सञ्जीवनी लगायतका अधिकांश स्कुलका परिक्षार्थीले आफूलाई कम्प्युटर चलाउन नआउने भएकाले कम्प्युटर आधारित परिक्षामा सम्मिलित हुन नसक्ने बताए । समुह छलफलमा सहभागी सबैजसो परिक्षार्थीले कम्प्युटरको प्रयाप्त तालिम भएको अवस्थामा भने कम्प्युटर आधारित परिक्षामा सम्मिलित हुन सक्ने जस्तो लाग्ने उल्लेख गरे ।

३.४ परिक्षामा उपलब्ध हुने उपयुक्त अनुकुलता

पछिल्लो पल्ट निर्णयात्मक परिक्षामा सम्मिलित भएका सहभागीमध्ये सबैभन्दा बढी ३८ जनालाई (७१.७ %) लेखन सहयोगी प्रयोग गर्नुपरेको थियो। उनीहरूलाई परीक्षा दिनका लागि छुट्टै कोठा प्रदान

गरिएको थियो। ३० जना (५६.६०%) परिक्षार्थीलाई मात्र परिक्षाका क्रममा थप अतिरिक्त समय उपलब्ध गराइने गरेको पाइएको छ।

दृश्यात्मक प्रश्नको सट्टामा वैकल्पिक प्रश्न पाउने परिक्षार्थीको संख्या जम्मा ७ जना अर्थात: (१३.२१%) मात्र रहेको छ। यिमध्य अधिकांशले राष्ट्रिय परिक्षा बोर्डले लिने कक्षा १० को परिक्षामा मात्र यस किसिमको अनुकुलता प्राप्त गरेको देखिन्छ।

६ जना (११.३२%) सहभागीले प्रश्नपत्र पढ्ने मानव वाचकको सहयोगमा परिक्षा दिनुपरेको बताएका थिए। विज्ञान तथा गणितका लागि ट्याक्टाइलमा आधारित स्पर्शयोग्य रेखाचित्र/ग्राफिक्स नपाउने गरेको अधिकांश परिक्षार्थीको गुनासो छ। स्क्रिन रिडर/कम्प्युटर प्रयोग गरेर परिक्षा दिनेको संख्या ६ जना (११.३२%) रहेको छ भने एबाकसको प्रयोग १ जनाले (१.८८%) गरेका थिए भने बोल्ने क्याल्कुलेटरको प्रयोग 3 जनाले (५.६६%) गरेका थिए। कुनै किसिमको अनुकुलता वा सुविधा उपलब्ध नरहेको जवाफ दिने ५ जना (९.४३%) रहेका छन्। लगभग १०% सहभागीले आफुले परिक्षाका क्रममा कुनै किसिमको उपयुक्त अनुकुलता नै नपाउने गरेको प्रस्ट हुन्छ।

सर्वेक्षणमा सहभागी जम्मा ५३ जनामध्ये १४ जनाका लागि (२६.४२%) विद्यालयले स्वत: रूपमा उपयुक्त अनुकुलताको व्यवस्था गरेको थियो, ३१ जनाले (५८.४९%) आफैले अनुरोध गरेपश्चात वा स्वेयं आफैले ब्यवस्था गरेर उपयुक्त अनुकुलताको उपभोग गरेका थिए। ६ जनाका लागि (११.३२) अभिभावक वा संरक्षकले उपयुक्त अनुकुलता प्रदान गर्नका लागी सम्बन्धित निकायमा अनुरोध गर्नुपरेको थियो, बाकी २ जनाले (३.७७%) ले अन्य माध्यमबाट अनुकुलता प्राप्त गरेको बताएका छन्।



३.४.१ उपयुक्त अनुकुलतामा असन्तुष्टि

परीक्षाका क्रममा आफुले प्राप्त गर्ने गरेको विद्यमान उपयुक्त अनुकुलताका व्यवस्थाप्रति सहभागीको सन्तुष्टि स्तरको विश्लेषण गर्दा सन्तुष्टि भन्दा असन्तुष्टि निकै बढी देखिन्छ। कुल ५३ जनाले सहभागिता जनाएको सर्वेक्षणमा केवल ३ जना (५.६६%) सहभागीले धेरै सन्तुष्ट रहेको बताएका छन्, जबकि १३ जनाले (२४.५३%) सन्तुष्ट रहेको प्रतिक्रिया दिएका छन्। यस्तै, सबैभन्दा बढी १७ जनाले (३२.०८%) असन्तुष्ट रहेको जनाएका छन्। तटस्थ प्रतिक्रिया दिने सहभागीको संख्या १५ (२८.३०% रहेको छ। ५ जना (९.४३%)) सहभागीले धेरै असन्तुष्ट रहेको बताएका छन्[63]।

३.५ सहायक प्रविधीको पहुँच

४२ जना (७९.२४%) सहभागीले आफ्नो अध्ययनका लागि सहायक प्रविधि नियमित वा कहिलेकाही प्रयोग गर्छन्, प्रविधि प्रयोग नगर्नुको मुख्य कारण 'पहुँचको अभाव' भनि ९ जना (१६.९८%) ले उजागर गरेका छन्। प्रविधि प्रयोग गर्ने ४२ जना सहभागीमध्ये, सबैभन्दा प्रमुख प्रविधि 'स्क्रिन रिडर सफ्टवेयर' रहेको छ, जसको प्रयोग ३० जना (७१.४२%) ले गर्दछन्। 'डिजिटल पुस्तक वा प्रश्नपत्र' १५ जना (३५.७१%) र 'स्क्यानर तथा ओसीआर प्रविधि' १३ जना(३०.९५%)को प्रयोग समेत उच्च छ, ब्रेल नोट-टेकर वा डिस्प्ले' को प्रयोग केवल ३ (७.१४%)जनामा सीमित छ। 'म्याग्निफिकेसन सफ्टवेयर वा उपकरण (CCTVs)' को प्रयोग शून्य छ। यसबाट न्युन दृष्टियुक्त परिक्षार्थी आफुलाई उपलब्ध हुने संभावित सहायक प्रविधीबारे खासै जानकार नरहेको बुझ्न सकिन्छ।

अध्ययनका क्रममा सहायक प्रविधिको भरपुर उपयोग गर्ने भए तापनि परिक्षाका क्रममा भने त्यसको प्रयोग निकै सिमित मात्रामा हुने गरेको पाइएको छ। कुल ५३ सहभागीमध्ये, बहुमत अर्थात् ३९ जना (७३.५८%) ले परीक्षामा कहिल्यै सहायक प्रविधि प्रयोग नगरेको बताएका छन्। केवल १४ जना (२६.४१%) ले मात्र परीक्षाको क्रममा प्रविधि प्रयोग गर्ने अवसर पाएका छन्।

[63]Survey conducted by the authors using Google Forms, June 2025.



परीक्षामा सहायक प्रविधि प्रयोग गर्ने अवसर पाएका सीमित १४ जना प्रयोगकर्ता मध्ये बहुसंख्यक अर्थात् ११ जना (७८.५७%) ले सहायकक प्रविधी प्रयोग गर्दाको आफ्नो समग्र अनुभवलाई 'धेरै राम्रो' रहेको बताए। यसबाट सहायक प्रविधिको प्रयोगले परिक्षार्थीको परिक्षा एवं मुल्यांकन अनुभव राम्रो रहने गरेको देखिन्छ । तथ्याङ्कअनुसार, परीक्षामा प्रयोग गरिएको सहायक प्रविधि सबै प्रयोगकर्ताका लागि प्रभावकारी साबित भएको छ । १४ जनामध्ये, बहुमत अर्थात् १२ जना (८५.७१%) ले प्रविधिलाई 'धेरै प्रभावकारी' रहेको बताएका छन्।

यसरी परिक्षामा सहायक सामग्रीको प्रयोग गर्ने प्रयोगकर्ता अधिकांशलाई भने कुनै किसिमको सहायक सामग्री सञ्चालनसम्बन्धी तालिम नदिइएको पाइएको छ । १० जना प्रयोगकर्ता (७१.४२%) ले परीक्षा अगाडि आफूहरूलाई 'कुनै पनि तालिम वा जानकारी नदिइएको' स्पष्ट पारेका छन्। केवल ४ जना (२८.५७%) ले मात्र 'पर्याप्त तालिम पाएको' बताएका छन्।



३.६ अतिरिक्त समयको एकरुपताको अभाव

अध्ययनमा सम्मिलित परिक्षार्थीलाई उपलब्ध गराइने अतिरिक्त समयको बिचमा एकरुपता नरहेको पाइएको छ। अध्ययनमा सहभागी कुल ५३ जनामध्ये फरक-फरक मात्रामा अतिरिक्त समय प्राप्त गरेको देखिन्छ। सर्वेक्षणमा सहभागी विद्यार्थीमध्य ३० जना (५६.६०%) परिक्षार्थीलाई मात्र परिक्षाका क्रममा थप अतिरिक्त समय उपलब्ध गराइने गरेको पाइएको छ। यस्तै १० जनाले (१८.८७%) कुनै अतिरिक्त समय नपाएको बताएका छन्। समावेशी मुल्यांकनको आधारभुत स्तम्भको रुपमा रहेको समयमा लचकताको सिद्दान्तबिपरित उनीहरूलाई अतिरिक्त समय उपलब्ध नगराउँदा आफुले सबै प्रश्नावलीको हल गर्न नभ्याउने र त्यसकै कारण आफ्नो क्षमताका बाबजुद नतिजामा आफ्नो वास्तविक ज्ञानको मापन प्रतिबिम्बन नहुने उनीहरूको भनाई छ। ३० मिनेट अतिरिक्त समय प्राप्त गर्ने सहभागीको संख्या १६ (३०.१९%) छ। १ घण्टा अतिरिक्त समय प्राप्त गर्ने ९ जना (१६.९८) रहेका छन् भने १ घण्टाभन्दा बढी अतिरिक्त समय पाउने ५ जना (९.४३%) मात्र रहेका छन्। यस्तै, १३ जनाले (२४.५३%) अतिरिक्त समयबारे निश्चित नहुने र परिक्षा केन्द्रका केन्द्राध्यक्ष र परिक्षाको गार्डको मुडमा निर्भर रहने बताएका छन्।



लक्षित समुह छलफलमा अतिरिक्त समयको उपलब्धतामा एकरुपता पाउन सकिएन। विद्यालयहरूले आ-आफ्नो तरिकाले अतिरिक्त समयको व्यबस्था गरेका छन्। उच्च शिक्षा अध्ययन गर्ने सहभागिले थप समयका लागि परीक्षा निरीक्षकको तजबिजी वा निगाहमा भर पर्नुपरेको बताएका थिए। अध्ययनका क्रममा परिक्षार्थीलाई सबैभन्दा धेरै अतिरिक्त समय उपलब्ध गराउने विद्यालय पाल्पाको दमकडा नमुना

माध्यमिक विद्यालय रहेको पाइयो । सो विद्यालयले दृष्टिविहीन परिक्षार्थीलाई पचास प्रतिशत अर्थातः तीन घण्टाको परिक्षाका लागी जम्मा चार घण्टा तीस मिनेटको समय उपलब्ध गराउने पाइयो[64] ।

सञ्जीवनी विद्यालयमा परीक्षामा तीन घण्टा बापत थप १ घण्टा समय प्रदान गरिने पाइएको छ । अमरसिंह माविमा अध्ययनरत परिक्षार्थीका अनुसार परीक्षार्थीलाई १ घण्टा बराबर १५ मिनेटको अनुपातमा समय थपिने गरेको पाइयो ।

होम सेन्टर भन्दा बाहिर गइ परिक्षामा सम्मिलित हुने कक्षा १०, १२ तथा उच्च शिक्षामा अध्ययनरत परिक्षार्थीले अतिरिक्त समय प्राप्त गर्नका लागी अधिकांशले आफुले केन्द्राध्यक्षसंग अनावश्यक रुपमा बाझ्नुपरेको बताएका थिए। अतिरिक्त समयको माग गरेबापत कतिपयलाई केन्द्राध्यक्षले उत्तरपुस्तिकामा रातो कलमले काटिदिने र परिक्षा रद्द गरिदिने भनी धम्काएको समेत सहभागीको अनुभव रहेको पाइयो । छलफलमा सहभागी एक परिक्षार्थीलाई कक्षा १२ को परीक्षामा सुरुमा आधा घण्टा अतिरिक्त समय प्रदान गरिने जानकारी गराइएकाले सोहीअनुसार समय व्यवस्थापन गरी उत्तर लेखाइरहेको अवस्थामा अन्तिममा समय थप गर्न नमिल्ने भनी उत्तरपुस्तिका खोसिएको थियो । यसबारे निरिक्षकसंग कुरा गर्दा बढी बोले उत्तरपुस्तिका रातो मसीले काटिदिने भनी धम्क्याइएको पाइएको थियो[65] ।

कतिपय विद्यालयमा भने अतिरिक्त समय उपलब्ध नगराइने तर मापन गर्न खोजिएको मूल संरचना नै कटौती गरिएको पाइयो । दृष्टिविहीन परिक्षार्थीलाई समावेशी शिक्षाको सुरुआत गरेको ल्याब्रेटोरी माध्यमिक विद्यालयमा अध्ययनरत परिक्षार्थीका अनुसार उनीहरूलाई उपलब्ध गराइने प्रश्नपत्रको अंकभार अन्य परिक्षार्थीलाई उपलब्ध गराइने प्रश्नको अंकभारको तुलनामा पचास प्रतिशतले कम हुने गरेको पाइयो। ३ घण्टामा समाधान गरिसक्नुपर्ने १०० पुर्णाङ्कको प्रश्नपत्र दृष्टिविहीन परिक्षार्थीका हकमा पचास अंकको प्रश्नहरू हटाइ ५० पुर्णांक कायम गरी सोही ३ घण्टाकै समयावधीमा हल गर्न लगाइन्थ्यो । परिक्षार्थीले प्राप्त गरेको अंकलाई दुई ले गुणन गरी नतिजा प्रकाशन गर्ने गरेको पाइयो[66] ।

सिकाइको सर्वाकुलित मापदण्डले प्रश्नको मूल संरचनामा परिवर्तन गर्न ननहुने कुरामा जोड दिन्छ । दृष्टिविहीन परिक्षार्थीका हकमा समयमा लचकता तर सकेसम्म मूल संरचनाको अपरिवर्तनशीलता बरू समायोजन यसको सैद्दान्तिक आधार हो। तर यसरी मापन गर्न खोजिएको प्रश्नको मूल संरचनामा कमी ल्याउँदा सिकाइको वास्तविक मापन हुन नसक्ने विज्ञहरू बताउँछन्[67] ।

64 Survey conducted by the authors using Google Forms, June 2025.

65 FGD, Madan Rokaya, July 2025.

66 FGD, Laboratory School participants, July 2025.

67 Key informant interview conducted by the authors with Mr. Ramesh Baral, UDL expert, July 2025.

३.७ दृष्टिविहीन परिक्षार्थीका हकमा चित्रात्मक तथा ज्यामितीय प्रश्न

लक्षित समुह छलफलमा सहभागी सबै परिक्षार्थीले SEE को परीक्षामा गणितमा ज्यामितीय, र अन्य विषयका चित्रात्मक तथा नक्सात्मक प्रश्नको विकल्पमा फरक प्रश्न आएको बताएका थिए । तर त्यसबाहेक अन्य कक्षाका परीक्षामा विद्यालय स्तरमा चित्रात्मक प्रश्नको सवालमा अभ्यासमा एकरूपता पाइँदैन । अधिकांश विद्यालयका परिक्षार्थीले गणितमा ज्यामितीय (geometry) का प्रश्न र विज्ञानका चित्रात्मक प्रश्न परीक्षामा आउने र त्यस्ता प्रश्नको विकल्पमा अन्य प्रश्न नदिइने कुरा उल्लेख गरेका थिए। उनीहरूले चित्र बनाउन नआएर त्यस्ता प्रश्न छाड्नुपर्दा आफ्नो अङ्क (number) काटिने गरेको बताए । कक्षा ८ को अन्तिम परीक्षा (BLE) मा ज्यामितिका प्रश्न लेखन सहयोगीले नै लेखिदिने गरेको केही परिक्षार्थीको भनाइ थियो । ललितपुर महानगरपालिकाको सामाजिक विषयको परीक्षामा नक्साको प्रश्नको ठाउँमा वैकल्पिक प्रश्न आउने र अन्य विषयमा समेत चित्रात्मक प्रश्न नआउने गरेको परिक्षार्थीले बताए । ललितपुरको एक स्कुलमा पूर्ण दृष्टिविहीण विद्यार्थिलाई केवल अंक गणीत मात्र राम्रोसंग सिकाइने तथा अंकगणीत बाहेकका विजगणीतीय विषय नसिकाइने र परिक्षामा समेत नसोधिने उनीहरूको अनुभव छ[68] ।

सिकाइको सर्वांकुलित ढाँचा तथा मुल्यांकनको विश्वब्यापी ढाँचाअनुसार मुल्यांकनका क्रममा मापन गर्न खोजिएको मूल संरचना परिवर्तन गर्नु हुँदैन । अन्य विद्यार्थीलाई बिजगणीतको समेत प्रश्न सोधिने, तर दृष्टिविहीन विद्यार्थीका हकममा सो प्रश्न नसोधिने र अंकगणीतीय प्रश्न मात्र सोधिने कार्यलाई मूल संरचनामा गरिएको परिवर्तन मान्न मिल्ने विज्ञहरू बताउँछन् । यसबाट मापन गर्न खोजिएको विषयवस्तु नै फरक फरक हुने र विद्यार्थीको सिकाइको सही मुल्यांकन हुन नसक्ने देखिन्छ ।

दृष्टिविहीन परिक्षार्थीलाई चित्रात्मक तथा ज्यामितीय प्रश्न सम्भव हुने वा नहुने भनी गरिएको प्रश्नमा सञ्जीवनी विद्यालयका परिक्षार्थीले आफूहरूले ज्यामितिका प्रश्न गर्न सक्ने जस्तो लाग्ने बताएका थिए । उनीहरूका अनुसार दृष्टिविहीन परिक्षार्थीले ज्यामिति तथा चित्र बनाउन सकिने सामग्री आफ्नो विद्यालयमा रहेको भए तापनि उक्त सामग्री प्रयोग गर्न सिकाउने कोही व्यक्ति नभएकाले ती सामग्री प्रयोगमा नआएका बताए । "म १२ कक्षामा पढ्छु, व्यवस्थापन अन्तर्गत अर्थशास्त्र विषयको परीक्षामा चित्रहरू बनाउनुपर्ने हुन्छ, लेखन सहयोगीलाई भनेर रेखाचित्र बनाउनुपर्ने हुन्छ, म आफूलाई नै Figure कस्तो हुन्छ भन्ने थाहा हुँदैन, लेखन सहयोगीलाई कसरी सिकाउने"। सञ्जीवनीमा अध्ययनरत एक परिक्षार्थीको भनाई छ ।

68 FGD, Nepal Association of the Blind, June 2025.

सर्वेक्षणमा सहभागीमध्ये सबैभन्दा ठूलो समुह, २४ जना (४५.२८%) ले परीक्षामा आउने चित्र (Diagrams), नक्सा (Maps) वा ग्राफ (Graphs) भएका प्रश्नका लागि कुनै खास व्यवस्था नहुने र समाधान गर्न धेरै गाह्रो हुने' बताएका छन्। त्यसैगरी, १७ जना (३२.०७%) ले 'लेखन सहयोगीले चित्रबारे वर्णन गर्ने' अभ्यासमा निर्भर रहनुपरेको बताएका छन्। सहभागी मध्य १२ जना (२२.६४%) ले परिक्षामा त्यस्ता प्रश्नको सट्टामा अन्य प्रश्न गर्न दिइने बताएका छन्।



समुह लक्षित अध्ययनका क्रममा छामेर थाहा पाउने खालको चित्र वा नक्सा (Tactile Graphics) को व्यवस्था शून्य रहेको पाइएको छ।

राष्ट्रिय परिक्षा बोर्डले लिने माध्यमिक शिक्षा परिक्षामा दृष्टिविहीन विद्यार्थीका लागी चित्रात्मक प्रश्नको सट्टा समान ज्ञान परिक्षण गर्ने वैकल्पिक प्रश्न सोध्ने ब्यवस्था मिलाइएको बोर्डका अध्यक्ष महाश्रम शर्माको भनाई छ[69]। यसरी दृष्टिविहीनका निम्ति सोधिएको वैकल्पिक प्रश्न कतिपय अवस्थामा दृष्टियुक्त परिक्षार्थी समेतले दिएको पाइएकोले गणित विषयका हकमा यस वर्षदेखी केन्द्राध्यक्षसंगको सहकार्यमा दृष्टिविहीनका निम्ति गणीतको प्रश्नपत्र छुट्टै दिइएको छ। यस्तो छुट्टै प्रश्नपत्रमा मूल संरचना भने परिवर्तन गरिएको छैन।

69 Key informant interview conducted by the authors with Mahashram Sharma, President, National Education Board, July 2025.

एसईई परिक्षामा वैकल्पिक प्रश्न को उत्तर दिएका कतिपय दृष्टिविहीन विद्यार्थीले आफ्नो वैकल्पिक उत्तरको जाँच नभएको समेत अनुभव गरेको बताएका छन् । समुह लक्षित छलफलमा सहभागी एक विद्यार्थीले 'आफुले गणितको सबै प्रश्नको हल गरेको र चित्रात्मक प्रश्नको सट्टा वैकल्पिक प्रश्न समाधान गरेकोमा आफुले गरेको वैकल्पिक प्रश्नबापतको अंक प्राप्त नभएको बताए। रिटोटलीङको लागी निवेदन दिएकोमा समेत सो विषय सम्बोधन नभएको उनको भनाइ छ'। यसबाट उत्तरपुस्तिका परिक्षकलाई दृष्टिविहीन परिक्षार्थीले समाधान गर्ने वैकल्पिक प्रश्नबारे या त ज्ञान नभएको देखिन्छ, या त मनोवृत्तीगतत अबरोधको बिध्यमानताका कारण वैकल्पिक प्रश्नको उत्तरलाई अंक प्रदान नगरिएको देखिन्छ ।

३.८ न्युन दृष्टियुक्त परिक्षार्थीका सवाल

लक्षित समुह छलफलका क्रममा न्यून दृष्ट्रियुक्त विध्यार्थीहरु मध्य कतिपयलाई लार्ज प्रिन्टबारे कुनै जानकारी नहुने गरेको पाइएको छ । छापा प्रश्नपत्र प्रयोग गर्नेहरू मध्य अधिकांशले प्रश्नपत्र ठूलो छापा र समुचित कलर कन्ट्रास्टमा उपलब्ध नगराइने बताएका थिए । अध्ययनका क्रममा प्रयोग गरिने म्याग्निफिकेसन लेन्स, टेलिस्कोप जस्ता सहायक प्रविधि (Assistive Technology) का सम्बन्धमा आफूलाई कुनै पनि जानकारी नभएको कतिपयको भनाइ थियो । परीक्षाका विषयवस्तुमा भन्दा बढी चिन्ता मौसम सफा नहोला, घाम नलाग्ला, परिक्षा दिने स्थानमा प्रयाप्त प्रकाश नपाइएला, उत्तरपुस्तिकाको लाइन नदेखिएला र परिक्षा बिग्रिएला भन्ने डर मात्र रहने कतिपय सहभागीको भनाइ छ। यसबाट न्युन दृष्टियुक्त परिक्षार्थीले परिक्षाहलमा आफु अनुकुल प्रकाशको उपयोग गर्न नपाउनुका साथै बिभिन्न सहायक समाग्रीको प्रयोगबाट समेत वञ्चित रहेको देखिन्छ ।

भक्तपुरस्थित आदर्श माविले न्यून दृष्टियुक्त परिक्षार्थीलाई ठूलो फन्टमा प्रश्न उपलब्ध गराउने गरेको त्यहाँ अध्ययन गरेका एक परिक्षार्थीले उल्लेख गरेका थिए[70] । यस्तै एक विद्यालयका परिक्षार्थीले ८ कक्षासम्म सामान्य सानो फन्ट हेरेर परीक्षा दिएको, र ८ कक्षापछि उनले आफैँले ठूलो फन्ट बनाउन लगाएर परीक्षा दिएको बताएका थिए। सञ्जीवनी विद्यालयका कक्षा ८-९ मा अध्ययनरत परिक्षार्थीले आफूले मसिले नै लेखेर परीक्षा दिने गरेको बताए । उनीहरू अन्य दृष्टिविहीन साथीहरूलाई राखिने परीक्षा हलमा उज्यालो आउने झ्याल नजिक बसी परीक्षा दिने गरेका छन् । तर प्रश्नपत्र ठूलो छापामा कलर कन्ट्रास्ट मिलाई नदिइने हुँदा प्रश्न हेर्न समस्या पर्ने गरेको उनको भनाइ थियो । न्यून दृष्टियुक्त व्यक्तिले अध्ययनका क्रममा प्रयोग गर्ने सहायक प्रविधि (Assistive Technology) का सम्बन्धमा आफूलाई कुनै जानकारी नभएको उनको भनाइ थियो ।

70 FGD, Nepal Association of the Blind, June 2025.

न्यून दृष्टियुक्त परिक्षार्थीमध्य कतिपयले लेखन सहयोगी तथा कतिपयले आफै लेख्ने बिकल्पलाई आफु अनुकुल हुने बताउँछन् । आफैँले लेखेर परीक्षा दिँदा प्रश्नपत्र पढ्दा तथा उत्तरपुस्तिकामा उत्तर लेख्दा नजिकबाट हेर्नुपर्ने भएकाले निहुरिन गाह्रो हुने, सानो-सानो शब्द हेर्दा आँखा दुख्ने, प्रश्नपत्रमा रहेका साना आकारका अक्षर पढ्न र उत्तर लेख्न अन्य परिक्षार्थीको तुलनामा समय धेरै लाग्ने र ढिलो लेख्ने हुँदा प्रश्न सबै समाधान गर्न नसकिने भएकाले लेखन सहयोगीको उपलब्धता उत्तम हुने कतिपयको अनुभव थियो । तर सन्जिवनी माविमा अध्ययनरत न्यून दृष्टियुक्त परिक्षार्थीका अनुसार उनलाई उज्यालो कक्षा कोठा तथा , ठुलो छापामा आधारित प्रश्नपत्रको ब्यवस्था भएमा आफैँले मसिले लेखेर परीक्षा दिन सजिलो हुने बताएका थिए । सो क्रममा आफूलाई थप समयको व्यवस्था जरुरत पर्ने उनको भनाइ थियो । यसबाट न्युन दृष्टियुक्त विद्यार्थीका हकमा लेखन सहयोगी उपलब्ध गराउने वा स्वयंले लेखेर नै परिक्षा दिने विषय वैयक्तिक छनौट र सहजतामा भर पर्ने गरेको देखिन्छ ।

लक्षित समुह छलफलमा सहभागी न्युन दृष्टियुक्त परिक्षार्थीले आफ्नो लागी छुट्टै शान्त वातावरण नहुने गरेको बताएका छन् । या त उनीहरू अन्य परिक्षार्थीसरह सिट प्लानिङ अन्तर्गत परिक्षामा सम्मिलित हुनुपर्छ, यसले उनीहरूको दृष्टीअनुसारको प्रकाश ब्यवस्थापनमा समस्या हुँदा परिक्षा लेखनमा जटिलता हुन्छ, या त उनीहरू दृष्टिविहीन परिक्षार्थीसंगै बसेर परिक्षा मा सम्मिलित हुनुपर्छ । यसले गर्दा ब्रेलमा लेख्दा सिर्जना हुने हल्ला, तथा मानव वाचकलाई प्रश्न सोध्दा उत्पन्न हुने कोलाहलले आफुलाई परिक्षामा ध्यान केन्द्रित गर्न गार्हो हुने उनीहरूको गुनासो छ । धेरै परिक्षार्थीका लागी एउटा मात्र मानव वाचक उपलब्ध गराउने वा धेरै परिक्षार्थीलाई एउटै कक्षामा राखी ब्रेलमार्फत उत्तर लेखन गराउँदा होहल्लाका कारण परिक्षामा ध्यान केन्द्रित गर्न गार्हो हुने अधिकांश दृष्टिविहीन तथा न्युन दृष्टियुक्त परिक्षार्थीको गुनासो रहेको छ ।

३.९ अन्य चुनौती

सर्वेक्षणका कुल सहभागि मध्य २७ जनाले (५०.९४%) लेखन सहयोगीसँग तालमेल नमिल्ने चुनौती सामना गरेको बताएका छन् । २३ जनाले (४३.९%) रेखाचित्र, नक्सा वा ग्राफहरूमा पहुँच नहुने समस्या रहेको जनाएका छन् । अतिरिक्त समय भए तापनि सो समय आफ्नो लागी अपर्याप्त रहेको प्रतिक्रिया दिने २१ जना अर्थात (३९.६२%) रहेका छन् । यस्तै १९ जनाबाट (३५.८५%) ले अतिरिक्त समय नहुने वा विध्यमान अतिरिक्त समयको मोडालिटीमा समस्या रहेको बताएका छन् । यस्तै, कोलाहलपूर्ण वा ध्यान भङ्ग गर्ने परीक्षा वातावरण समेत परिक्षार्थीले सामना गर्ने अर्को गंभीर चुनौती रहेको पाइएको छ । अध्ययनमा सहभागी २० जना अर्थातः (३७.७४%) ले यो समस्या भोगेको बताएका छन् । ठूलो

छापा स्पष्ट वा पर्याप्त ठूलो नहुने गरेको समस्या भोग्ने न्युन दृष्टियुक्त परिक्षार्थीको संख्या ९ जना (१६.९८%)को रहेको छ।



३.१० परिक्षार्थीको रोजाइको परिक्षाको माध्यमः कम्प्युटर आधारित परिक्षा

सर्वेक्षणमा सहभागी मध्ये, अत्यधिक बहुमत अर्थात् ४९ जना (९२.४५%) ले परीक्षामा कम्प्युटर प्रयोग गर्न आफू 'धेरै इच्छुक' रहेको बताएका छन्। त्यसका लागी समुचित तालिमको पुर्वप्रवन्ध भने हुनुपर्ने उनीहरूको सुझाव छ। आफूले चाहेअनुसारको माध्यममा परीक्षामा सहभागी हुन पाउने खण्डमा सर्वेक्षणमा सहभागीमध्ये बहुमत, अर्थात् २८ जना (५२.८३%) ले 'स्क्रिन रिडरसहितको कम्प्युटरमा आधारित परीक्षा' लाई आफ्नो सबैभन्दा रुचाइएको माध्यमको रूपमा छनोट गरेका छन्। यसको तुलनामा, हाल अभ्यासमा रहेका परम्परागत विधि, जस्तै 'ब्रेल लिपिमा परीक्षा' ८ जना (१५.०९%) र 'लेखन सहयोगीद्वारा परीक्षा' लाई निकै ७ जना (१३.२७%) ले मात्र प्राथमिकता दिएका छन्। सहभागी न्युन दृष्टियुक्त मध्य ५ जनाले 'ठूलो छापामा आधारित प्रश्नपत्र' उपलब्धतामार्फत परिक्षामा सहभागी हुन चाहेको बताएका छन्। 'मौखिक परीक्षा' ३ जना (५.६६%) को मात्र रोजाइमा परेको छ।

कम्प्युटर आधारित परिक्षाको सबैभन्दा महत्त्वपूर्ण फाइदाको रूपमा 'स्वतन्त्र रूपमा परीक्षा दिन पाइने' कुरा रहेको ४६ जना (८६.७९%) ले बताएका छन्। त्यसैगरी, 'आफ्नो उत्तर आफैँ सम्पादन गर्न पाइने' ४४ जना (८३.०१%) 'गोपनीयता कायम हुने' ४३ जना (८१.१३%) र 'आधुनिक प्रविधिसँग अभ्यस्त हुन पाइने' ४३ जना (८१.१३%), तथा लेख्ने गति छिटो हुने' ४० जना (७५.४७%) को भनाई छ।

अधिकांश सहभागीले कम्प्युटर आधारित परिक्षाका एकभन्दा बढी फाइदा रहेको औँलाएका छन् । परिक्षाको प्रभावकारीताका लागी कम्प्युटर आधारित मुल्यांकन प्रणाली बिकास गर्नुपर्ने कुराको अपरिहार्यता रहेको देखिन्छ ।

कम्प्युटर आधारित परिक्षाका बिभिन्न किसिमका चुनौतीमध्य 'कम्प्युटर र सफ्टवेयरको तालिमको कमी' सबैभन्दा प्रमुख चुनौतीको रुपमा देखा परेको छ । ४६ जना (८६.७९%) लाई सबैभन्दा प्रमुख चुनौती नै यही लाग्दछ । यस्तै 'विद्यालय/कलेजमा पर्याप्त कम्प्युटरको अभाव'को चुनौती रहने ४२ जना (७९.२४%)को मत रहेको छ। यस्तै 'भरपर्दो बिजुली र इन्टरनेटको अभाव'लाई चुनौतीको रुपमा लिने तथा 'सफ्टवेयर नेपाली भाषामा पहुँचयोग्य नहुने ' विषयलाई चुनौती मान्ने ३४ जना (६४.१५ %) रहेका छन् । तुलनात्मक रूपमा कम भए तापनि, २० जना (३७.७३%) ले 'परीक्षाको निष्पक्षतामा शङ्का हुने विषय' लाई समेत एक चुनौती मानेका छन् ।



लक्षित समुह छलफलमा कम्प्युटर प्रणालीमार्फत परिक्षा दिएका भक्तपुर स्थित आदर्श मा.वि.का परिक्षार्थीको अनुभवमा परिक्षार्थीले कम्प्युटरमार्फत दिइएको परिक्षाको निस्पक्षतामाथी प्रश्न उठाउने गरेको अवस्था समेत आएको थियो । ‘तिमीहरूले कम्प्युटरबाट कपी पेस्ट गरेर, चोरेर लेखेको हो’ भन्ने अवधारणागत अबरोध परिक्षकमै समेत रहने संभावना रहेको उनको भनाई छ । परिक्षाको निस्पक्षता कायम गर्नका लागी अपनाउन सकिने बिभिन्न तरिका: जस्तो परिक्षाको समयमा इन्टर्नेटको उपलब्धता बन्द गरिदिने, जुन विषययको मूल संरचना Construct मापन गर्न खोजिएको हो, परिक्षाको समयमा कम्प्युटरको सो फिचर बन्द गरिदिने, प्रश्नावली र उत्तरपुस्तिकाबाहेक अन्यत्र न्याभिगेट गर्न मिल्ने अवस्था परिक्षाको समयमा बन्द गरिदिने, परिक्षा निरिक्षणलाई प्रभावकारीता अभिवृद्दी गर्ने लगायतका

कार्यमार्फत कम्प्युटर आधारित परिक्षामा हुन सक्ने संभावित परिक्षा मर्यादा बिपरितका कार्य सहजै रोक्न सकिने भएता समेत यसको अभ्यास नेपालका विद्यालयले नगरेको पाइएको छ ।

३.११ नतिजामा समस्या

परिक्षा दिइसकेपश्चात नतिजा प्राप्त गर्ने प्रकृयामा समेत परिक्षार्थीले चुनौतीको सामना गर्नुपर्ने स्थिति पाइएको छ। २९ जना (५४.७१%) सहभागीले 'सहायक प्रविधिको सहायताले परिक्षाको नतिजा आफैँ जानकारी लिने' गरेको बताएका छन् । २१ जना (३९.६२%) परिक्षार्थी आफ्नो नतिजा थाहा पाउन हालसम्म समेत अरूमाथि निर्भर छन् । उनीहरू: 'साथी' १० जना(१८.८६%), 'शिक्षक' ७ जना(१३.२०%) वा 'घरका सदस्य' ४ जना (७.५४%) को भर पर्न बाध्य छन् । साथै, ३ जनाले (५.६६%) नतिजा थाहा पाउन 'गाह्रो हुने' बताएका छन् । विशेषतः प्रतियोगितात्मक परिक्षाको नतिजा तथा विश्व विद्यालय स्तरीय परिक्षाको नतिजा थहा पाउन परिक्षार्थीलाई कठिनाइ भएको देखिन्छ । छवी आधारित पिडिएफमा नतिजा प्रकाशन गरिने, नेपाली भाषाका पिडिएफ पहुँचयुक्त नहुने तथा पिडिएफ प्रचलित मापदण्ड बमोजिम पहुँचयुक्त नबनाइने गरेकाले नतिजा हेर्न अन्य ब्यक्तिको भर पर्नुपरेको लक्षित समुह छलफलमा सहभागी परिक्षार्थीले बताएका छन् । यसबाट दृष्टिविहीन परिक्षार्थीलाई आफ्नो नतिजाका लागी समेत अन्य व्यक्तिमा निर्भर रहन बाध्य पार्ने संरचनागत बिभेद को बिध्यमानता रहेको देखिन्छ ।

३.१२ दृष्टिविहीन परिक्षार्थीका हकमा विद्यालयका प्रयोगात्मक परीक्षा

लक्षित समुह छलफलमा सहभागी सबैजसो परिक्षार्थीले प्रयोगात्मक परीक्षा (Practical exam) मा आफ्नो उचित मूल्याङ्कन नगरी सोझै शिक्षकको तजविजी अनुसार अङ्क प्रदान हुने गरिएको बताए। कतिपय विद्यालयमा चित्र बनाउनु नपर्ने विषयका प्रयोगात्मक परीक्षामा मौखिक प्रश्न सोधिने परिक्षार्थीको अनुभव छ । कुनै विद्यालयका परिक्षार्थीले विषय शिक्षकलाई आफूहरूलाई समेत प्रयोगात्मक परीक्षामा समावेश गराउन अनुरोध नगरेसम्म शिक्षकले वास्ता नगर्ने, तर अङ्क प्रदान गरिदिने परिक्षार्थीको अनुभव छ । कुनै विद्यालयमा भने त्यस्ता विषयका परीक्षामा परिक्षार्थीलाई लेख्न लगाउने गरेको परिक्षार्थीको भनाइ थियो । आफूहरूलाई विद्यालयको प्रयोगशाला (Lab) मा नलगिने गरेको र लगिए तापनि विषयवस्तु नबुझाइदिने हुँदा आफू त्यस्ता ल्याबमा जाने नगरेको अधिकांश परिक्षार्थीले बताए ।

पाल्पाको दमकडा माध्यमिक विद्यालयका परिक्षार्थीले भने विज्ञान विषयको समेत अनिवार्य रुपमा प्रयोगात्मक कार्य गर्नुपर्ने अनुभव रहेको बताए । कक्षा १० को विज्ञान विषयका विषय शिक्षकले अन्य

परिक्षार्थीलाई प्रयोगात्मक कार्यको रुपमा सम्पादन गर्न दिएको कार्य आफुहरूले समेत गर्नुपर्ने उनीहरूको भनाइ छ। लक्षित समुह छलफलका सहभागी एक परिक्षार्थीले अन्य परिक्षार्थीसरह आफुले समेत जडीबुटी संकलन गरी ब्रेलमा तिनको कार्यहरू लेखी कक्षामा प्रस्तुतीकरण गरेको अनुभव बताइन्[71] । केही समय अगाडी सो बिद्यालय उत्तीर्ण गरीसकेका अर्का परिक्षार्थीले कक्षा १० को विज्ञान विषयको परिक्षामा आफुले काठको प्रयोग गरी घरेलु हाते औजारको नमुना प्रयोगात्मक कार्यको रुपमा निर्माण गरेको बताएका थिए ।

३.१३ परिक्षामा होम सेन्टर

दृष्टिबिहिन परीक्षार्थीलाई आफू अध्ययन गरिरहेको विद्यालयबाटै एसईई परीक्षा दिन पाउने ब्यवस्था मिलाइएको छ [72]। परीक्षा नियन्त्रण कार्यालयका अनुसार दृष्टिविहिन स्रोत कक्षा सञ्चालन भएका विद्यालयका विद्यार्थीहरुका लागि सोही विद्यालयबाट परीक्षा दिने व्यवस्था मिलाइएको छ । दृष्टिविहीन परीक्षार्थीको लागि स्रोत कक्षा सञ्चालन भइरहेको विद्यालयमा नै उपकेन्द्र कायम गरेर परीक्षा सञ्चालन गर्न थालिएको छ । यसबाट दृष्टिविहीन विद्यार्थीहरू अपरिचित विद्यालयमा गई परिक्षा दिनुपर्ने अवस्थाबाट भने मुक्त भएका छन् । अपरिचित विद्यालयको भौतिक संरचना, शौचालय र अन्य आधारभुत संरचनाको अभिमुखीकरण नहुदा भोग्नुपर्ने सास्तीबाट भने मुक्ति मिलेको छ । राष्ट्रिय परिक्षा बोर्डले यसबारेमा सबै जिल्लालाई परिपत्र गरेर आवश्यक ठाउँमा व्यवस्थापन गर्न अनुरोधसमेत गरेको जनाएको छ ।

71 FGD, Google Meet, alumni of Damkada, July 2025.

72 अनलाइन खबर. (२०८०, चैत ८). एसईई परीक्षाको तयारी पूरा, दृष्टिविहीन विद्यार्थीले आफू अध्ययनरत विद्यालयबाटै परीक्षा दिन पाउने. अनलाइन खबर. https://www.onlinekhabar.com/2023/03/1280933/%E0%A4%8F%E0%A4%B8%E0%A4%88%E0%A4%88-%E0%A4%AA%E0%A4%B0%E0%A5%80%E0%A4%95%E0%A5%8D%E0%A4%B7%E0%A4%BE%E0%A4%95%E0%A5%8B-%E0%A4%A4%E0%A4%AF%E0%A4%BE%E0%A4%B0%E0%A5%80-%E0%A4%AA%E0%A5%82%E0%A4%B0

अध्याय-४

राष्ट्रिय तथा अन्तराष्ट्रिय अभ्यास

४.१ दृष्टिविहीन विद्यार्थीको शैक्षिक मुल्यांकनमा प्रचलित अन्तराष्ट्रिय अभ्यास

४.१.१ संयुक्त राज्य अमेरिका

तीन अमेरिकी संघीय कानुनले अपाङ्गता भएका व्यक्तिका लागि परीक्षामा अनुकुलताको कानुनी मापदण्ड प्रदान गरेका छन् ।

क. Americans with Disabilities Act of 1990

ADA मा परीक्षा र पाठ्यक्रमसँग सम्बन्धित एक विशेष दफा (§ 12189) रहेको छ: जसको प्रावधानबमोजिम, माध्यमिक वा उत्तर-माध्यमिक शिक्षा, व्यावसायिक, वा व्यापारिक प्रयोजनका लागि आवेदन, इजाजतपत्र, प्रमाणीकरण, वा योग्यतासँग सम्बन्धित परीक्षा वा पाठ्यक्रम प्रस्ताव गर्ने कुनै पनि व्यक्तिले त्यस्ता परीक्षावा पाठ्यक्रम अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयोग्य स्थान र तरिकामा प्रस्ताव गर्नुपर्छ वा त्यस्ता व्यक्तिका लागि वैकल्पिक पहुँचयोग्य व्यवस्था प्रस्ताव गर्नुपर्छ । यस कानुनको कार्यान्वयन गर्ने विनियम 28 C.F.R. § 36.309(b)(1)(i) मा प्रदान गरिएको मापदण्ड, अनुकुलताका निम्ति एक उच्च मापदण्ड मानिन्छ । जसको प्रावधान बमोजिम,जब इन्द्रीय, हात-सञ्चालन, वा वाक् सीपमा सीमिततायुक्त अपाङ्गता भएका व्यक्तिलाई परीक्षा दिन लगाइन्छ, तब परीक्षाको परिणामले व्यक्तिको अशक्ततायुक्त इन्द्रीय, हात-सञ्चालन, वा वाक् सीपलाई प्रतिबिम्बित गर्नुको सट्टा, उसको वास्तविक योग्यता वा उपलब्धि स्तर वा परीक्षाले मापन गर्ने अन्य कुनै कुरालाई नै उत्तम रूपमा प्रतिबिम्बित हुने गरी परीक्षा छनोट र सञ्चालन गरिनुपर्छ । तर यदि ती इन्द्रीयसम्बन्धी सीप नै परीक्षाले मापन गर्न खोजेको तत्त्व रहेको खण्डमा यो प्रावधान लागु हुँदैन ।

ADA ले अपाङ्गता भएका व्यक्तिले अनुरोध गरेकै सहजीकरण प्राप्त गर्नैपर्छ भन्ने कुरा आवश्यक ठान्दैन । यसको प्रावधानबमोजिम व्यक्तिको अनुरोधलाई "प्राथमिकताका साथ विचार" (Primary Consideration) गरिनुपर्छ, र निर्णय व्यक्ति र परिस्थितिजन्य सन्दर्भमा आधारित हुनुपर्छ ।

ख. अपाङ्गता भएका व्यक्तिको शिक्षा ऐन (IDEA)

यो ऐन केवल प्राथमिक र माध्यमिक शिक्षामा मात्र लागु हुन्छ। यस कानुनबमोजिम, अन्य कुराका अतिरिक्त सबै अपाङ्गता भएका बालबालिकालाई निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (Free Appropriate Public Education) प्रदान गरिनुपर्छ। २००४ मा IDEA को सबैभन्दा पछिल्लो संसोधनले जिल्ला र राज्यव्यापी सबै मूल्याङ्कनमा सम्बन्धित व्यक्तिगत शैक्षिक कार्यक्रम (Individualized Education Programs) मा उल्लेख भए बमोजिम आवश्यक उपयुक्त अनुकुलता र वैकल्पिक मूल्याङ्कन सहित अपाङ्गता भएका बालबालिकाको सहभागिता अनिवार्य गरेको छ। यस विनियमअनुसार प्रदान गरिएका परिक्षाका अनुकुलता विद्यार्थीले दैनिक रूपमा प्राप्त गर्ने अनुकुलता जस्तै हुनुपर्छ। यसमा उल्लेखित वैकल्पिक मूल्याङ्कन अनुकुलता सहित स्तरिकृत मूल्याङ्कनमा भाग लिन नसक्ने विद्यार्थीका लागि हो। अनुकुलताका साथ स्तरिकृत मूल्याङ्कनमा भाग लिने दृष्टिविहीन विद्यार्थीका निम्ति होइन।

ग. पुनर्स्थापना ऐन

यस ऐनको दफा ५०४ ले संघीय कोष प्राप्त गर्ने राज्य सरकार, सार्वजनिक र निजी विश्वविद्यालय तथा शिक्षण संस्थाद्वारा अपाङ्गता भएका व्यक्तिविरुद्ध विभेद गर्न निषेध गर्दछ। IDEA ले प्राथमिक र माध्यमिक शिक्षालाई मात्र समेट्छ भने पुनर्स्थापना ऐन 'दफा ५०४' ले उत्तर-माध्यमिक शिक्षालाई समेत समेट्छ।

४.१.१.१ दृष्टिविहिनको परिक्षासम्बन्धि अमेरिकी प्रिन्टिङ् हाउसको मार्गनिर्देशन

अमेरिकामा अमेरिकन प्रिन्टिङ् हाउस् फर द ब्लाइन्ड् (American Printing House for the Blind) द्वारा (Making Tests Accessible for Students With Visual Impairments A Guide for Test Publishers, Test Developers, and State Assessment Personnel) नामको मार्गनिर्देशन जारि गरिएको छ। यस मार्गनिर्देशनले परिक्षा सामाग्रि वा प्रश्नपत्र निर्माता, परिक्षा सञ्चालक, मूल्याङ्कनकर्ता लगायतलाई विभिन्न मार्गदर्शन गरेको छ। यस मार्गनिर्देशनमा पहुँचयोग्य परीक्षण ढाँचाका लागि सामान्य दिशानिर्देश, ब्रेल र स्पर्श रेखाचित्र, ठूलो छापाको परीक्षण तथा ग्राफिक्स, रङ्गसम्बन्धि दृष्टिमा समस्या भएका व्यक्तिले हेर्नका लागि सङ्केत, ग्राफिक्स, र रङ्गको प्रयोग, परीक्षणको श्रव्य संस्करणका लागि दिशानिर्देश, मौखिक परीक्षा वा साङ्केतिक प्रस्तुतिकरणका लागि दिशानिर्देश, दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थीको परीक्षणमा अनुकुलता, ब्रेल र ठूलो छापाको परीक्षण र उत्तर उल्था (ट्रान्सक्रिप्सन) का लागि दिशानिर्देश, दृष्टिसम्बन्धी अपाङ्गता भएका

विद्यार्थीको परीक्षा परिणाम रिपोर्टिङ र वैकल्पिक मूल्याङ्कन जस्ता विषयमा विस्त्रित रूपमा मार्गनिर्देश गरिएको छ।

४.१.२ भारत

भारतको सर्वोच्च अदालतले श्री विकास कुमार विरुद्ध संघीय सार्वजनिक सेवा आयोग (UPSC) समेत को मुद्दामा २०२१ मा आदेश जारि गर्दै सामाजिक न्याय तथा सशक्तीकरण मन्त्रालय अन्तर्गत अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण विभागलाई अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि ऐन, २०१६ को दफा २(ध) को परिभाषा अन्तर्गत पर्ने उम्मेदवारलाई उनिहरूको अपाङ्गताको प्रकृतिले परीक्षा लेख्नमा बाधा उत्पन्न हुने व्यक्तिलाई सहयोगी लेखकको सुविधा प्रदान गर्ने कार्यलाई नियमित र सहजीकरण गर्न उचित दिशानिर्देश तर्जुमा गर्न निर्देशन दिएको थियो। उक्त दिशानिर्देशले केवल वास्तविक र आवश्यकता भएका उम्मेदवारले मात्र त्यस्तो सुविधा प्राप्त गर्ने गरी उम्मेदवारको अवस्थालाई तोकिए बमोजिमको सक्षम चिकित्सा प्राधिकारीद्वारा विधिवत् प्रमाणित गरेको सुनिश्चित गर्न उपयुक्त मापदण्ड समेत तोक्नुपर्ने भनी आदेश गरेको थियो।

अदालतको सोही आदेशबमोजिम भारतको सामाजिक न्याय तथा सशक्तीकरण मन्त्रालय अन्तर्गत अपाङ्गता भएका व्यक्तिको सशक्तीकरण विभाग ले बेन्चमार्क र स्पेसल गरी दुवै प्रकृतिका अपाङ्गता भएका व्यक्तिको परिक्षा सम्बन्धि दिशानिर्देश जारि गरेको छ। भारतमा ४० प्रतिशत वा सो भन्दा बढि अपाङ्गतालाई बेन्चमार्क अपाङ्गता, र सो भन्दा कमलाई विशेष भनिन्छ। यसरी बेन्चमार्क अपाङ्गताका साथै ४०% भन्दा कम अपाङ्गता भएका र लेखनमा कठिनाइ भएका तोकिएका अपाङ्गता भएका व्यक्तिका लागि लिखित परीक्षा सञ्चालन गर्ने सम्बन्धी दिशानिर्देश जारि गरेको छ। उल्लिखित दुवै निर्देशिकाका केहि प्रावधान उल्लेख गरिएको छ।

- सहयोगी लेखक वा वाचक वा प्रयोगशाला सहायकको सुविधा अपाङ्गता भएका व्यक्तिको अधिकार ऐन, २०१६ को दफा २(द) अन्तर्गत परिभाषित गरिएका र लेखन गति समेतमा सीमितता भएका कुनै पनि बेन्चमार्क अपाङ्गता भएका व्यक्तिले निजले चाहेमा, प्रदान गरिनेछ।
- दृष्टिविहीनता, शारीरिक अपाङ्गता (दुवै हात प्रभावित-BA) र सेरेब्रल पाल्सी (cerebral palsy) को श्रेणीमा पर्ने बेन्चमार्क अपाङ्गता भएका व्यक्तिको हकमा, निजले चाहेमा सहयोगी लेखक/वाचक/प्रयोगशाला सहायकको सुविधा प्रदान गरिनेछ।
- अन्य श्रेणीका मानक अपाङ्गता भएका व्यक्तिहरूको हकमा, सम्बन्धित व्यक्तिलाई लेख्नमा शारीरिक सीमितता रहेको र आफ्नो तर्फबाट परीक्षा लेख्न सहयोगी लेखक अत्यावश्यक रहेको

व्यहोराको प्रमाणपत्र, कुनै सरकारी स्वास्थ्य संस्थाको प्रमुख चिकित्सा अधिकृत/सिभिल सर्जन/मेडिकल सुपरिटेन्डेन्ट बाट पेश गरेमा सहयोगी लेखक/वाचक/प्रयोगशाला सहायकको सुविधा प्रदान गर्न सकिनेछ।

- सहयोगी लेखक र/वा क्षतिपूर्ति समयको सुविधा सम्बन्धित व्यक्तिलाई लेख्नमा सीमितता रहेको र आफ्नो तर्फबाट परीक्षा लेख्न सहयोगी लेखक अत्यावश्यक रहेको व्यहोराको प्रमाणपत्र सरकारी स्वास्थ्य संस्थाको सक्षम चिकित्सा प्राधिकारीबाट पेश गर्ने लेखनमा कठिनाइ भएका अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरिनेछ।
- परिक्षाका उम्मेदवारलाई आफ्नो सहयोगी लेखक आफैँ छनोट गर्ने वा त्यसका लागि परीक्षा निकायलाई अनुरोध गर्ने स्वविवेकको अधिकार हुनेछ । परीक्षा निकायले परीक्षाको आवश्यकता अनुसार जिल्ला/डिभिजन/राज्य स्तरमा सहयोगी लेखकको सूची तयार गर्न सक्नेछ। त्यस् अवस्थामा सहयोगी लेखक उपयुक्त रहे नरहेको जाँच्ने र प्रमाणित गर्ने मौका प्रदान गर्न उम्मेदवारलाई परीक्षाको दुई दिन अगाडि सहयोगी लेखकसँग भेट्न अनुमति दिइनुपर्छ
- यदि परीक्षा निकायले सहयोगी लेखक उपलब्ध गराएको खण्डमा सहयोगी लेखकको योग्यता परीक्षाको न्यूनतम योग्यता मापदण्डभन्दा बढी नहुने सुनिश्चित गरिनुपर्छ । यद्यपि सहयोगी लेखकको योग्यता सधैँ म्याट्रिक तह वा सोभन्दा माथि हुनुपर्छ।
- यदि उम्मेदवारलाई आफ्नै सहयोगी लेखक ल्याउन अनुमति दिएमा सहयोगी लेखकको योग्यता परीक्षा दिने उम्मेदवारको योग्यताभन्दा एक तह मुनिको हुनुपर्छ। आफ्नै सहयोगी लेखक छनोट गर्ने व्यक्तिले आफ्नो सहयोगी लेखकको विवरण पेश गर्नुपर्नेछ।
- आपतकालीन अवस्थामा सहयोगी लेखक परिवर्तन गर्नुपरेमा सो विषयलाई समायोजन गर्न लचकता अपनाउनुपर्छ। उम्मेदवारलाई परिक्षाका विभिन्न पत्र, विशेष गरी भाषाका लागि लेख्न फरक-फरक सहयोगी लेखक लिन अनुमति दिइनुपर्छ । यद्यपि प्रति विषय एक जना मात्र सहयोगी लेखक हुन सक्नेछ।
- सहयोगी लेखक पाउन योग्य व्यक्तिका लागि परीक्षाको प्रति घण्टा न्यूनतम २० मिनेटको क्षतिपूर्ति समय प्रदान गरिनुपर्छ । यदि परीक्षाको अवधि एक घण्टाभन्दा कम भए क्षतिपूर्ति समयको अवधि आनुपातिक आधारमा प्रदान गरिनुपर्छ। क्षतिपूर्ति समय ५ मिनेटभन्दा कम हुनुहुँदैन र ५ को गुणनमा हुनुपर्नेछ।

- बेन्चमार्क अपाङ्गता भएका व्यक्तिलाई यथासम्भव ब्रेल वा कम्प्युटर वा ठूलो छापा वा उत्तर रेकर्ड गरेर समेत परीक्षा दिने माध्यम छनोट गर्ने विकल्प दिइनुपर्छ। परीक्षा निकायले प्रविधिको प्रयोग गरी प्रश्नपत्रलाई ठूलो छापा, ई-टेक्स्ट, वा ब्रेलमा सजिलै रूपान्तरण गर्न सक्छन् र ब्रेल पाठलाई अंग्रेजी वा क्षेत्रीय भाषामा समेत रूपान्तरण गर्न सक्छन्।
- बेन्चमार्क अपाङ्गता भएका व्यक्तिलाई कम्प्युटर प्रणालीमा परीक्षा दिन अनुमति दिएमा उनीहरूलाई एक दिन अगाडि नै कम्प्युटर प्रणाली जाँच्न अनुमति दिइनुपर्छ ताकि सफ्टवेयर/प्रणालीमा कुनै समस्या भएमा त्यसलाई सच्याउन सकियोस्। परीक्षा दिनका लागि आफ्नो कम्प्युटर/ल्यापटप प्रयोग गर्न अनुमति दिइने छैन। यद्यपि, कम्प्युटरमा आधारित परीक्षाका लागि किबोर्ड, अनुकूलित माउस (Customized Mouse) जस्ता सहयोगी उपकरणलाई अनुमति दिइनुपर्छ।
- सहयोगी लेखकको सुविधा प्राप्त गर्ने प्रकृयालाई सरलीकरण गरिनुपर्छ र आवश्यक विवरणफारम भर्ने समयमै रेकर्ड गरिनुपर्छ। सो पश्चात परीक्षा निकायले उम्मेदवारले रोजेको ढाँचामा प्रश्नपत्रको उपलब्धताका साथै परीक्षा दिनका लागि उपयुक्त बसाइ व्यवस्था सुनिश्चित गर्नुपर्छ।
- उम्मेदवारलाई क्याल्कुलेटर प्रयोग गर्न अनुमति रहेको परिक्षामा बोल्ने क्याल्कुलेटर (Talking Calculator) टेलर फ्रेम, ब्रेल स्लेट, एबाकस, ज्यामिति किट, ब्रेल नाप्ने टेप र संवर्धनात्मक सञ्चार उपकरणहरू (Augmentative Communication Devices) जस्तै सञ्चार चार्ट र इलेक्ट्रोनिक उपकरणलगायतका सहायक सामग्री प्रयोग गर्न अनुमति दिइनुपर्छ।
- सकभर परीक्षा निकायले खुला किताब परीक्षा (Open Book Examination) का लागि ब्रेल वा ई-टेक्स्टमा वा उपयुक्त स्क्रिन रिडिङ सफ्टवेयर भएको कम्प्युटरमा पठन सामग्री समेत उपलब्ध गराउनुपर्छ। त्यसैगरी, अनलाइन परीक्षापहुँचयोग्य ढाँचामा हुनुपर्छ। अर्थात् वेबसाइट, प्रश्नपत्र र अन्य सबै अध्ययन सामग्रीयस सम्बन्धमा स्थापित अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पहुँचयोग्य हुनुपर्छ।
- यथासम्भव यस्ता व्यक्तिको परीक्षा भुइँ तल्लामा सञ्चालन गरिनुपर्छ। परीक्षा केन्द्र अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयोग्य हुनुपर्छ।
- यी दिशानिर्देशकेन्द्रीय भर्ना निकायका साथै शैक्षिक संस्थाद्वारा सञ्चालन गरिने लिखित परीक्षामा लागु हुनेछन्।

४.२ अतिरिक्त समयसम्बन्धि केहि अन्तराष्ट्रीय अभ्यास

परीक्षाको क्रममा अतिरिक्त समय धेरैजसो देशमा उपलब्ध गराइएको पाइन्छ । यद्यपि त्यसरी उपलब्ध अतिरिक्त समय गणना गर्ने प्रकृयामा निकै भिन्न भिन्न अभ्यास रहेको पाइन्छ। उदाहरणका लागि नेदरल्याण्ड्स र चेक रिपब्लीकमा द्रिष्टि सम्बन्धि अपाङ्गता भएका परिक्षार्थीलाई नियमित समयको १०० प्रतिशत वा दोब्बर अतिरिक्त समय उपलब्ध गराइन्छ। आयरल्याण्ड र फ्रान्सले ३३ प्रतिशत अतिरिक्त समय उपलब्ध गराउछन्। धेरै देशले अतिरिक्त समयको गणना दृष्टिको स्तर वा पढ्ने ढाँचा जस्ता आवश्यकताको आधारमा गर्ने गरेको देखिन्छ। यसैअनुरूप क्यानडा, जर्मनी, र स्कटल्याण्ड जस्ता केही देशमा आवश्यक परेमा अतिरिक्त समयको आवश्यकता प्रत्येक मामिलाको आधारमा छलफलबाट टुंगाउने गरिन्छ। जस्तै ईङ्गल्याण्ड र वेल्समा मानक अतिरिक्त समय २५ प्रतिशत हो तर व्यक्तिलाई आवश्यकता रहेको प्रमाणको आधारमा १०० प्रतिशतसम्म अनुरोध गर्न सकिन्छ।[73]

४.२.१ संयुक्त अधिराज्य बेलायत

संयुक्त अधिराज्य बेलायतमा GCSE, A-Level, Scottish SQA जस्ता परीक्षा बोर्डले दृष्टिविहीन तथा न्यून दृष्टियुक्त परीक्षार्थीका निम्ति परिमार्जित प्रश्नपत्र उपलब्ध गराउँछन्। यसमा A3 मा करिब 14pt को ठूलो अक्षरको प्रश्नपत्र, A4 मा १८–२४pt वा बढी आकारको परिमार्जित ठूलो अक्षर को सजिलो लेआउटसहितको प्रश्नपत्र, Grade-2 (Unified English Braille मा प्रश्नपत्र प्रदान गरिन्छ । साथै चित्रलाई स्पर्श चित्रमा पुनरउत्पादन वा त्यस्ता चित्रलाई पाठ्य विवरणमा रूपान्तरण गरिन्छ । साथै, स्क्रिन रिडर वा कम्प्युटर प्रयोग गर्ने परीक्षार्थीका लागि इलेक्ट्रोनिक (PDF) संस्करण उपलब्ध गराइन्छ।

UK को Joint Council for Qualifications अन्तर्गत विद्यार्थीको सामान्य कार्य प्रणालीमा आधारित सहायक प्रविधि (electronic magnifiers, Braille notetakers, OCR scanners, CCTV, आदि) परीक्षामा प्रयोग गर्न पाइन्छ।

73 SARAH NDUME MUYOMA, GRADE TWELVE NATIONAL EXAMINATION ASSESSMENTS PRACTICES FOR LEARNERS WITH VISUAL IMPAIRMENTS IN SELECTED SCHOOLS IN MWENSE AND LUSAKA DISTRICTS, ZAMBIA, The University of Zambia, 2019, p. 19

४.२.२ अष्ट्रेलिया

अष्ट्रेलिया मा ब्रेल वा ठूलो अक्षरको प्रश्नपत्र, ट्याक्टाइल ग्राफ, scribe/reader, स्क्रिन रिडरयुक्त कम्प्युटर, र दोब्बर समय वा निर्धारित विश्रामसहित परीक्षा सञ्चालन गरिन्छ।

४.२.३ दक्षिण अफ्रिका

शिक्षा विभागको "Accommodations and Concessions Manual" अन्तर्गत दृष्टिविहीनका लागि ब्रेल, न्यून दृष्टियुक्तका लागि ठूलो अक्षरको प्रश्नपत्र, आवश्यक सहायक प्रविधि प्रयोग, र अतिरिक्त समय (प्रति घण्टा ३० मिनेटसम्म) उपलब्ध गराइन्छ।

४.३ दृष्टिविहीन विद्यार्थीको मुल्यांकन सम्बन्धी नेपालमा प्रचलित अभ्यास

क. कम्प्युटर प्रणालीमार्फत लिइने परिक्षा सम्बन्धमा

दृष्टिविहीन विद्यार्थीलाई विशेष शिक्षा प्रदान गर्ने नेपालको एकमात्र विद्यालय पुर्वाञ्चल ज्ञान चक्षु विद्यालयले विद्यालयमा अध्ययनरत सम्पुर्ण दृष्टिविहीन विद्यार्थीको परिक्षा यस वर्षदेखी कम्प्युटर प्रणालीमार्फत लिन सुरु गरेको छ। कम्प्युटरमा दक्षता हासिल गर्न नसकेका सिमित एकाध विद्यार्थी बाहेक कक्षा ६ देखी १० सम्म अध्ययनरत ३२ जना दृष्टिविहीन विद्यार्थी यस शैक्षिक सत्र २०८२ को प्रथम त्रैमासिक परिक्षामार्फत पहिलो पल्ट कम्प्युटर प्रणालीमार्फत सञ्चालित परिक्षामा सम्मिलित भएका थिए।

विद्यालयले आन्तरिक गृहकार्य तथा पठनपाठनमा समेत कम्प्युटरलाई अन्तरआबद्द गरेको छ। विद्यार्थीलाई ओएलई नेपालद्वारा (OLE Nepal) ब्यवस्था गरिएको ई-पुस्तकालय नामक अनलाइन लाइब्रेरीमार्फत पाठ्यपुस्तक र सन्दर्भसामग्री पहुँचयुक्त डिजिटल माध्यममा उपलब्ध गराइएको छ। सो विद्यालयले शिक्षण सिकाइ क्रियाकलापका लागी विद्यार्थी अध्ययनरत कक्षा कोठामै कम्प्युटरको व्यवस्थापन गरेको छ। विद्यार्थीले कम्प्युटरमा लेखेको उत्तरपुस्तिका प्रिन्ट गरेर विषयशिक्षकले जाँच गर्ने ब्यवस्था मिलाएको छ। यस विद्यालयले कक्षा ६ देखि कक्षा १० सम्मका सबै आन्तरिक तथा एस.ई.ई. बाहेकका सम्पूर्ण परीक्षा कम्प्युटरबाट सञ्चालन गर्ने योजना बनाएको छ। यस वर्ष सञ्चालित पाइलट परियोजनाका समस्याबाट सिक्दै थप परिमार्जन गर्ने विद्यालयको योजना छ। परिक्षाका क्रममा वैकल्पिक पावर सप्लाईको जरुरत हुने महसुस गरेकाले आगामी परिक्षामा त्यसको समेत ब्यवस्था गर्दै जाने विद्यालयको योजना छ।

काठमाण्डौं विश्व विद्यालयले दृष्टिविहीन विद्यार्थीलाई सेमेस्टरको अन्तिममा लिइने बोर्ड परिक्षा समेतमा कम्प्युटरमार्फत टाइप गरी सम्मिलित हुने ब्यवस्था मिलाएको छ । काठमाण्डौं विश्व विद्यालय स्कुल अफ ल ले सन् २०२१ देखी यस किसिमको परिक्षा प्रणाली लागु गरेको छ । दृष्टिविहीन परिक्षार्थीले छुट्टै कोठामा विद्यालयले उपलब्ध गराएको इन्टर्नेट जडान नगरिएको कम्प्युटरको माध्यमबाट परिक्षामा सम्मिलित हुन्छन् । विश्व विद्यालयको हलमा सबै विद्यार्थीलाई एकैठाउँ राखेर परिक्षा सञ्चालन गरिने अवस्थामा दृष्टिविहीन विद्यार्थी समेत सोही हलको विद्युतको ब्यवस्था भएको छुट्टै निर्दिष्ट स्थानमा बसी परिक्षामा सम्मिलित हुने ब्यवस्था छ । अस्थायी रुपमा विद्युत आपुर्ति नहुँदा वा पावर सप्लाई बिच्छेदनको समस्यालाई युपिएसको उपलब्धतामार्फत समाधान गरिएको पाइयो ।

काठमाण्डौं विश्व विद्यालयबाट सम्बन्धन प्राप्त नेस्नल कलेजमा अध्ययनरत दृष्टिविहीन परिक्षार्थी सन २०२३ देखी विश्व विद्यालयले लिने सेमेस्टरको अन्तिम परिक्षामा कम्प्युटरमार्फत सहभागी हुने गरेका छन् । दृष्टिविहीन परिक्षार्थीका लागी छुट्टै परिक्षा कक्ष ब्यवस्थापन गरेको कलेजले इमेलमार्फत विद्यार्थीलाई प्रश्नपत्र पठाउने गरेको छ । परिक्षामा सम्मिलित विद्यार्थीका अनुसार परिक्षामा आफ्नै ल्यापटप कम्प्युटर प्रयोग गर्ने सुविधा छ भने इन्टर्नेट बिच्छेदन गर्नुपर्ने ब्यवस्था समेत रहेको छैन ।

भक्तपुर स्थित आदर्श माध्यमिक विद्यालयले कम्प्युटरको आधारभुत ज्ञान भएका तथा कम्प्युटर बाट परिक्षामा सम्मिलित हुन चहाने विद्यार्थीका हकमा ल्यापटपको प्रयोग गरी आन्तरिक परिक्षामा सहभागी हुन सक्ने ब्यवस्था गरेको देखिन्छ । विद्यालयले दाताको सहयोगबाट प्राप्त आन्तरिक स्रोतबाट विद्यार्थीका लागी उपलब्ध गराइएको ल्यापटप कम्प्युटरमार्फत नै परिक्षा दिन सक्ने ब्यवस्था गरेको देखिन्छ । यद्यपी यसमा नियमितता भने नहुने गरेको पाइएको छ ।

(ख) लेखन सहयोगीका सम्बन्धमाः

माध्यमिक शिक्षा परिक्षा एस.ई.ई सम्म अधिकांश विद्यालयहरूले लेखन सहयोगीको ब्यवस्थापन स्वेयं विद्यालयले नै गरिदिने गरेको पाइएको छ । एस.ई.ई. परीक्षामा लेखन सहयोगी राखेर परीक्षा दिनुपर्ने बाध्यात्मक परिस्थितिलाई समाधान गर्न ज्ञान चक्षु विद्यालयले नजिकैका विद्यालयमार्फत कक्षा ९ मा अध्ययनरत विद्यार्थीलाई सो विद्यालयमा बोलाई मंसिर महिनादेखि नै आवश्यक प्रशिक्षण प्रदान गर्ने गरेको पाइयो । अधिकांश विद्यार्थीले आफु भन्दा तल्लो कक्षामा अध्ययनरत विद्यार्थीलाई लेखन सहयोगी राख्ने गरेको पाइन्छ ।

क्याम्ब्रिज विश्व विद्यालयको ए लेबल्स अध्ययनरत विद्यार्थीलाई आफुभन्दा सिनियर तहको लेखन सहयोगी उपलब्ध गराइने ब्यवस्था रहेको पाइयो । ब्रिटिस काउन्सिलले सञ्चालन गर्ने EILTS

परिक्षामा परिक्षामा सहभागीताको माध्यम विद्यार्थीले नै रोज्न पाउने गरेको देखियो । सो परिक्षामा लेखन सहयोगीमार्फत सहभागीता जनाउने दृष्टिविहीण विद्यार्थीका हकमा विद्यार्थीले भनेको कुरा सहजै लेख्न सक्ने सिनियर ब्यक्तिलाई लेखन सहयोगी उपलब्ध गराइने गरेको पाइयो । यसरी उपलब्ध गराइएका सिनियर लेखन सहयोगीले परिक्षार्थीलाई कुनै अनुचित सहयोग नगर्ने, तथा परिक्षार्थीले भने बमोजिमको विषय जस्ताको त्यस्तै उत्तरपुस्तिकामा उतारिदिने गरेको पाइयो ।

(ग) ब्रेलमार्फत दिइने परिक्षाका सम्बन्धमा

ब्रेल लिपीमै परिक्षाको प्रश्नपत्र निकै सिमित विद्यालयमा मात्र पुग्ने गरेको देखिन्छ । काठमाण्डौंस्थित ल्याब्रेटोरी माध्यमिक विद्यालय, कास्की स्थित अमरसिंह नमुना माध्यमिक विद्यालय, धुलिखेल स्थित सन्जिवनी माध्यमिक विद्यालय, भक्तपुर स्थित आदर्श माध्यमिक विद्यालय लगायतले ब्रेल प्रिन्टरको प्रयोग गरी प्रश्नपत्र छापी विद्यार्थीलाई उपलब्ध गराउने गरेको पाइएको छ । कतिपय विद्यालयमा ब्रेल प्रिन्टर चलाउने जनशक्तीको अभावमा बिगतमा ब्रेल लिपीमा प्रश्नपत्र आएको तर वर्तमानमा भने मानव वाचकद्वारा प्रश्न वाचन गरेको सुनी विद्यार्थीहरू परिक्षामा सम्मिलित हुने गरेको पाइएको छ ।

शिक्षाको अधिकार स्थानीय तहलाई हस्तान्त्रण गरिएपश्चात ललितपुर महानगरपालिकाद्वारा सञ्चालित परिक्षाका हकमा दृष्टिविहीन विद्यार्थीले अध्ययन गर्ने आफ्नो महानगरपालिका मातहतका विद्यालयमा ब्रेलमै प्रश्नपत्रको ब्यवस्था गर्ने गरेको पाइएको छ । नेपाल नेत्रहीन संघमा प्रश्नपत्र प्रिन्ट गरी विद्यालयसम्म पुर्याउने ब्यवस्था गरिएको पाइन्छ । परिक्षाको दिन मात्र प्रश्नपत्र प्रिन्टका लागी पठाउने भएकाले कतिपय अवस्थामा विद्यार्थीले प्रश्नपत्र तोकिएको समयभन्दा ढिला पाउने गरेको अवस्था समेत छ ।

(घ) प्रयोगात्मक परिक्षाका सम्बन्धमा

विद्यालयले दृष्टिविहीन विद्यार्थीलाई प्रयोगात्मक परिक्षामा अनिवार्य रुपमा सहभागी बनाउने बाध्यकारी संरचना निर्माण गरेको देखिएन । पाल्पा स्थित दमकडा नमुना माविका विद्यार्थीलाई विज्ञानको प्रयोगात्मक परिक्षामा सिमित अनुकुलताको ब्यवस्था सहित अन्य विद्यार्थी सरह सहभागी गराइने गरेको पाइन्छ । सो विद्यालयमा कक्षा ११/१२ मा कम्प्युटर विषय अध्ययनका लागी दृष्टिविहीनलाई प्रोत्साहन गरिने र कक्षा ११-१२ मा कम्प्युटर अध्ययनरत विद्यार्थी समेत अन्य विद्यार्थीसरह कम्प्युटर प्रयोगशालामा गरिने प्रयोगात्मक क्रियाकलापमा सहभागी हुने गरेको पाइयो ।

(ङ) परिक्षामा ब्यवस्था गरिने अतिरिक्त समयका सम्बन्धमा

पाल्पा स्थित दमकडा नमुना माध्यमिक विद्यालयले तोकिएको समयभन्दा पचास प्रतिशत समय अतिरिक्त थप गरी उपलब्ध गराउने गरेको पाइयो । तीन घण्टाको समयमा विद्यार्थीहरूले एक घण्टा तीस मिनेट अतिरिक्त समय प्राप्त गर्ने गरेका छन् । Home Center मार्फत माध्यमिक शिक्षा परिक्षा (SEE) तथा माध्यमिक शिक्षा उत्तीर्ण (कक्षा १२) परिक्षामा सम्मिलित हुने विद्यार्थीलाई समेत सोही पचास प्रतिशत अतिरिक्त समय उपलब्ध गराइने गरेको देखिन्छ । यस्तै सन्जिवनी नमुना माध्यमिक विद्यालयले निर्धारित परिक्षा समयमा ३३% अतिरिक्त समय उपलब्ध गराउने गरेको पाइन्छ । सो विद्यालयले तीन घण्टाको परिक्षाका लागी प्रत्येक एक घण्टाको बीस मिनेट बापत जम्मा एक घण्टा अतिरिक्त समय उपलब्ध गराउने गरेको देखिन्छ । अमर सिंह नमुना माध्यमिक विद्यालय लगायतका विद्यालयले एक घण्टाको दस मिनेटका दरले थप अतिरिक्त समय उपलब्ध गराउने गरेको पाइन्छ ।

(च) चित्रात्मक प्रश्नको वैकल्पिक ब्यवस्थाका सम्बन्धमा

ज्ञान चक्षु माध्यमिक विद्यालय विशेष विद्यालय भएको हुनाले परिक्षार्थीलाई चित्रद्वारा हल गर्नुपर्ने प्रश्न परिक्षामा नसोध्ने गरेको पाइन्छ । दमकडा नमुना माविका विद्यार्थीलाई चित्रात्मक प्रश्नको सन्दर्भमा संभव भएसम्म सो चित्रको ब्याख्या गर्नुपर्ने गरी उत्तर लेख्न लगाउने गरेको पाइयो। चित्र बाहेकका प्रश्नको हल गर्दा प्राप्त गरेको अंकको अनुपातमा चित्रात्मक प्रश्नको अंक प्राप्त हुने ब्यवस्था रहेको देखिन्छ । काठमाण्डौं स्थित ल्याब्रेटोरी माध्यमिक विद्यालयका परिक्षार्थीलाई पचास प्रतिशत प्रश्न मात्र हल गर्न लगाउने ब्यवस्था रहेकोले दृष्टिविहीन विद्यार्थीका निम्ति परिक्षामा हल गर्नुपर्ने प्रश्न निर्धारण गर्ने क्रममा चित्रात्मक प्रश्नको हल गर्नु नपर्ने ब्यवस्था गरिएको पाइयो । ललितपुर महानगरपालिकाद्वारा सञ्चालित महानगरपालिका स्तरीय कक्षा आठ को आधारभुत तहको परिक्षामा दृष्टिविहीन परिक्षार्थीका लागी चित्रात्मक प्रश्नको बैकल्पिक प्रश्न सोधिने गरेको देखिन्छ ।

राष्ट्रिय परिक्षा बोर्डले सञ्चालन गरेको कक्षा १० को माध्यमिक शिक्षा परिक्षामा चित्रात्मक, नक्सात्मक तथा रेखाचित्रसंग सम्बन्धित प्रश्नको बैकल्पिक प्रश्न सोध्ने गरेको पाइयो । प्रश्नले मापन गर्न खोजेको मूल संरचनामा परिवर्तन नआउने गरी गणीत विषयको प्रश्नपत्र २०८१ को माध्यमिक शिक्षा परिक्षा देखी लागु हुने गरी दृष्टिविहीन विद्यार्थीका निम्ति छुट्टै प्रश्नपत्र उपलब्ध गराइएको पाइयो। अपांगता भएका विद्यार्थीलाई परिक्षामा गर्नुपर्ने सहजीकरणलाई एकिकृत रुपमा सम्बोधन गर्न राष्ट्रिय परिक्षा बोर्डले एकिकृत निर्देशिका मस्यौदा गरिरहेको पाइन्छ ।

(छ) न्युन दृष्टियुक्त व्यक्तिलाई उपलब्ध गराइने अनुकुलताका सम्बन्धमा

भक्तपुर स्थित आदर्श माध्यमिक विद्यालयका न्युन दृष्टीयुक्त परिक्षार्थीलाई ठुलो छापा (लार्ज प्रिन्ट) मा परिक्षाका प्रश्नपत्र उपलब्ध गराउने गरेको पाइन्छ। अधिकांश विद्यालयमा न्युन दृष्टीयुक्त विद्यार्थीलाई उपयुक्त अनुकुलता प्रदान नगरिने गरेको पाइयो।

अध्याय-५

दृष्टिविहीन-मैत्री मूल्याङ्कन प्रणाली सम्बन्धी प्रस्तावित नमुना फ्रेमवर्क

मूल्याङ्कनका लागि विश्वव्यापी डिजाइन (UDA) र सिकाइका लागि विश्वव्यापी डिजाइन (UDL) का सिद्धान्तलाई मार्गदर्शकको रुपमा लिई नेपालभित्रका सम्पूर्ण शैक्षिक संस्था (विद्यालय, महाविद्यालय, विश्वविद्यालय), तालिम केन्द्र, तथा सरकारी र गैर-सरकारी निकायद्वारा सञ्चालन हुने सबै प्रकारका मूल्याङ्कनमा अनिवार्य रूपमा लागु हुने गरी एकिकृत रुपमा दृष्टिविहीन-मैत्री मूल्याङ्कन प्रणाली निर्माणका लागी यो नमुना फ्रेमवर्क तयार गरिएको छ । यस फ्रेमवर्कले दृष्टिविहीणमैत्री परिक्षा प्रणालीका लागी देहायबमोजिमका विषय प्रस्ताव गर्दछ ।

५.१ फ्रेमवर्क लागु हुने क्षेत्र

यो फ्रेमवर्क देहायका सबै प्रकारका मूल्याङ्कनमा लागु हुनेछ:

५.१.१. निर्माणात्मक मूल्याङ्कन (Formative Assessment):गृहकार्य, कक्षाकार्य, परियोजना कार्य, एकाइ परीक्षा, र सिकाइ प्रकृयाको क्रममा गरिने अन्य सबै मूल्याङ्कन ।

५.१.२. निर्णयात्मक मूल्याङ्कन (Summative Assessment):आन्तरिक, अर्ध-वार्षिक, वार्षिक, अन्तिम, तथा मानकीकृत परीक्षा (जस्तै: माध्यमिक शिक्षा परीक्षा (SEE), राष्ट्रिय परिक्षा बोर्डको कक्षा १२ को परिक्षा, विश्व विद्यालय तहका अन्तिम परिक्षा) ।

५.१.३. प्रतिस्पर्धात्मक तथा व्यावसायिक परीक्षा:लोक सेवा आयोग, शिक्षक सेवा आयोग, नेपाल बार काउन्सिल, नेपाल मेडिकल काउन्सिल, नेपाल इन्जिनियरिङ काउन्सिल तथा अन्य निकायले लिने भर्ना, पदपूर्ति तथा अनुमतिपत्र सम्बन्धी सबै परीक्षा ।

५.१.४. प्रयोगात्मक तथा कार्यसम्पादनमा आधारित मूल्याङ्कन:प्रयोगशाला कार्य, फिल्डवर्क, मौखिक परीक्षा (Viva-voce), प्रस्तुतीकरण, र अन्य कार्यसम्पादनमा आधारित मूल्याङ्कन ।

५.२ मूल्याङ्कनका मार्गदर्शक सिद्धान्त

सबै परीक्षा निकायले मूल्याङ्कन प्रणालीको योजना, विकास, सञ्चालन र पुनरावलोकन गर्दा देहायका सिद्धान्तको पालना गर्न सिफारिस गरिन्छ ।

५.२.१. क्षमताको अनुमान (Presumption of Competence):प्रत्येक परीक्षार्थीमा ज्ञान र सीप प्रदर्शन गर्ने अन्तर्निहित क्षमता छ भन्ने अनुमान गर्ने, र मूल्याङ्कन प्रणालीले सो क्षमता प्रदर्शन गर्नका लागि अवरोध सिर्जना गर्नुको सट्टा त्यसलाई उजागर गर्ने अवसर प्रदान गर्ने।

५.२.२. भेदभावरहितता र समानता (Non-discrimination and Equity):कुनै पनि परीक्षार्थीलाई निजको अपाङ्गताको आधारमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भेदभाव गर्न नपाइने। मूल्याङ्कन प्रकृयामा समान अवसर सुनिश्चित गर्नु परीक्षा निकायको कानुनी कर्तव्य हुनुपर्ने।

५.२.३. पहुँचयुक्तता (Accessibility):परीक्षा प्रकृयाका हरेक चरण, सामग्री, र वातावरण भौतिक, सूचनागत र सञ्चारगत रूपमा पहुँचयुक्त हुनुपर्ने।

५.२.४. लचकता र छनोटको अधिकार (Flexibility and Right to Choice):परीक्षार्थीलाई आफ्नो आवश्यकता, परिचितता, अनुकुलता एवं सहजताको आधारमा मूल्याङ्कनको माध्यम, स्वरूप र उपयुक्त अनुकुलता छनोट गर्ने पूर्ण अधिकार प्रदान गरिनुपर्ने।

५.२.५. मूल संरचनाको संरक्षण (Preservation of Construct): उपलब्ध गराइने अनुकुलताले मूल्याङ्कनलाई पहुँचयुक्त बनाउनु पर्ने, तर उपयुक्त अनुकुलताको उद्देश्य परीक्षार्थीलाई अनुचित लाभ दिनु नभई, अपाङ्गताका कारण सिर्जित बाधा लाई हटाउनु भएकाले मापन गर्न खोजिएको मौलिक ज्ञान वा सीपको संरचनालाई परिवर्तन गर्न नहुने।

५.२.६. गोपनीयता र सम्मान (Confidentiality and Dignity):परीक्षार्थीको अपाङ्गता सम्बन्धी जानकारी अत्यन्त गोप्य राखी परीक्षा प्रकृयाभरि निजको आत्मसम्मानको रक्षा गर्नुपर्ने।

५.२.७. संस्थागत जिम्मेवारी (Institutional Responsibility):पहुँचयुक्त मूल्याङ्कनको व्यवस्था गर्ने सम्पूर्ण जिम्मेवारी र दायित्व परीक्षा निकाय र सम्बन्धित शैक्षिक संस्थाको हुनुपर्ने। यसका लागि आवश्यक पर्ने वित्तीय, प्राविधिक, र मानवीय स्रोतको व्यवस्था गर्ने दायित्वबाट यी निकाय पन्छिन नहुने। परीक्षार्थीलाई कुनै पनि सहजीकरणको लागि आफैँ स्रोत खोज्न बाध्य पार्नुलाई यी नियमको गम्भीर उल्लङ्घन मानिनु पर्ने।

५.३ परीक्षार्थीका अधिकार

परीक्षार्थीलाई देहायका अधिकार प्रत्याभुत गरिएको हुनु पर्दछ:

५.३.१. माध्यम छनोटको अधिकार:प्रत्येक परीक्षाका लागि आफ्नो आवश्यकता र सहजता अनुसारको परीक्षाको माध्यम (ब्रेल, ठूलो छापा, कम्प्युटर, लेखन सहयोगी) स्वतन्त्र रूपमा छनोट गर्ने अधिकार।

५.३.२. उपयुक्त अनुकुलताको अधिकार:यस नीतिपत्रमा सिफारिस भए बमोजिम अतिरिक्त समय, आरामको लागि समयको अन्तराल, छुट्टै कोठा, र अन्य आवश्यक उपयुक्त अनुकुलता स्वतः प्राप्त गर्ने अधिकार।

५.३.३. वैकल्पिक प्रश्नको अधिकार:दृश्यात्मक सामग्रीमा आधारित प्रश्नको सट्टामा समान कठिनाइ, अङ्क भार र मूल संरचना परीक्षण गर्ने वैकल्पिक प्रश्न प्राप्त गर्ने अधिकार।

५.३.४. सहायक प्रविधि प्रयोगको अधिकार:आफूले प्रयोग गर्ने र अभ्यस्त भएका सहायक प्रविधि परीक्षामा बिना रोकटोक प्रयोग गर्न पाउने अधिकार।

५.३.५. गुनासो सुनुवाइको अधिकार:परीक्षा प्रकृयामा कुनै पनि प्रकारको भेदभाव, दुर्व्यवहार वा असहयोग भएमा गुनासो दर्ता गर्ने र त्यसको निष्पक्ष, समयमै र प्रभावकारी सुनुवाइ हुने अधिकार।

५.३.६. अभ्यास र अभिमुखीकरणको अधिकार:कम्प्युटर-आधारित परीक्षा वा नयाँ प्रकारको उपयुक्त अनुकुलता प्रयोग गर्नुपर्ने अवस्थामा, परीक्षा निकायबाट पर्याप्त अभ्यास र अभिमुखीकरणको अवसर प्राप्त गर्ने अधिकार।

५.३.७. गोपनीयताको पूर्ण अधिकार:आफ्नो अपाङ्गता सम्बन्धी जानकारी गोप्य राख्न पाउने र सो जानकारी निजको स्पष्ट अनुमतिविना कुनै तेस्रो पक्षलाई उपलब्ध नगराइने तथा उत्तरपुस्तिका वा प्रमाणपत्रमा कुनै पनि हिसाबले उल्लेख नगरिने अधिकार।

५.३.८. क्षमताको आधारमा मूल्याङ्कन गरिने अधिकार:आफ्नो अपाङ्गताको कारणले नभई आफ्नो वास्तविक क्षमताको आधारमा मूल्याङ्कन गरिने अधिकार।

५.३.९. पुनरावलोकनको अधिकार:आफ्नो मूल्याङ्कनको परिणामबारे जानकारी पाउने र प्रचलित कानून बमोजिम उत्तरपुस्तिकाको पुनरावलोकनका लागि निवेदन दिने अधिकार।

५.४ संस्थागत संयन्त्र तथा जिम्मेवारी

५.४.१. पहुँचयुक्तता एकाइ (Accessibility Unit)

५.४.१.१. स्थापना:प्रत्येक परीक्षा निकायले तत्कालैदेखी समर्पित "पहुँचयुक्तता एकाइ" (Dedicated Accessibility Unit) स्थापना गर्ने।

५.४.१.२. जनशक्ति:अपाङ्गता अधिकार, समावेशी शिक्षा वा सम्बन्धित क्षेत्रमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी अनुभव हासिल गरेको व्यक्तिलाई "प्रमुख पहुँचयुक्तता अधिकृत" नियुक्त गरी सो एकाइमा आवश्यकताअनुसार अन्य प्राविधिक तथा प्रशासनिक कर्मचारी रहने ब्यवस्था मिलाउने।

५.४.१.३. बजेट:परीक्षा निकायले पहुँचयुक्तता एकाइको प्रभावकारी सञ्चालनका लागि आफ्नो वार्षिक बजेटमा एक निश्चित र पर्याप्त रकम छुट्याउने।

५.४.१.४. कार्य:पहुँचयुक्तता एकाइले देहायका कार्य गर्नुपर्ने:

(क) दृष्टिसम्बन्धी अपाङ्गता भएका परीक्षार्थीका लागि एक-द्वार सम्पर्क बिन्दुको रूपमा कार्य गर्ने।

(ख) सहजीकरणका लागि प्राप्त निवेदनको मूल्याङ्कन गरी स्वीकृत गर्ने र सोको कार्यान्वयनका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने।

(ग) दृष्टिविहीन परिक्षार्थीको माग बमोजिम लेखन सहयोगी, ब्रेल प्रश्नपत्र, उत्तरपुस्तिका अनुवादन लगायत परिक्षासंग सम्बन्धित सम्पुर्ण कार्य गर्ने।

(घ) परीक्षा सामग्री (प्रश्नपत्र, उत्तरपुस्तिका) तोकिएको पहुँचयुक्त स्वरूपमा तयार भए/नभएको सुनिश्चित गर्ने।

(ङ) परीक्षा केन्द्रलाई आवश्यक निर्देशन दिने।

(च) परीक्षार्थीबाट प्राप्त गुनासोको प्रारम्भिक छानबिन र सम्बोधन गर्ने।

(छ) पहुँचयुक्त मूल्याङ्कन सम्बन्धी उत्कृष्ट अभ्यासको अनुसन्धान गरी लागु गर्न सिफारिस गर्ने।

५.४.२. परीक्षा निकायको जिम्मेवारी

राष्ट्रिय परिक्षा बोर्ड, विश्व विद्यालयअन्तर्गतका परिक्षा बोर्ड, लगायतका अन्य परीक्षा निकायको जिम्मेवारी:

५.४.२.१. मूल्याङ्कनका लागि विश्वव्यापी डिजाइन (UDA) को सिद्धान्त अनुरूप परीक्षाको डिजाइन, विकास र सञ्चालन गर्ने।

५.४.२.२. प्रत्येक शैक्षिक सत्रको सुरुमा उपलब्ध उपयुक्त अनुकुलता, आवेदन प्रकृया र समयसीमा स्पष्ट उल्लेख गरी आफ्नो वेबसाइट मार्फत एक वार्षिक "पहुँचयुक्तता योजना" (Accessibility Plan) प्रकाशन गर्ने।

५.४.२.३. परीक्षाको कम्तीमा एक (१) महिना अगावै परीक्षा तालिका, पाठ्यक्रम, र नमुना प्रश्नपत्र पहुँचयुक्त स्वरूपमा आफ्नो वेबसाइटमा प्रकाशन गर्ने।

५.४.२.४. परीक्षार्थीले रोजेको माध्यम (ब्रेल, मौखिक, लेखनसहयोगीद्वारा हस्तलेखन, कम्प्युटर टाइपिङमार्फत लेखन तथा अनुवादकद्वारा त्यसको हस्तलेखन) लगायतका माध्यममा परीक्षा दिने व्यवस्था मिलाउने।

५.४.२.५. दृश्यात्मक सामग्री (चित्र, ग्राफ, नक्सा) मा आधारित प्रश्नको लागि सो प्रश्नले मापन गर्न खोजेको मूल संरचना (construct) परिवर्तन नहुने गरी वैकल्पिक प्रश्न तयार गर्ने।

५.४.२.६. परीक्षा सञ्चालनमा संलग्न हुने सबै कर्मचारी (केन्द्राध्यक्ष, निरीक्षक, प्राविधिक) का लागि दृष्टिविहीनमैत्री परिक्षा प्रणालीका सम्बन्धमा अनिवार्य तालिमको व्यवस्था गर्ने।

५.४.२.७. परीक्षाका लागि प्रयोग गरिने कुनै पनि सफ्टवेयर वा डिजिटल प्लेटफर्म खरिद वा विकास गर्दा, सो प्रविधि तोकिएबमोजिम पहुँचयुक्तता मापदण्ड अनुरूप रहेको सुनिश्चित गर्नुपर्ने।

५.४.३. शैक्षिक संस्थाको जिम्मेवारी

५.४.३.१. आफ्ना परिक्षार्थी लाई दृष्टिविहीन परिक्षार्थीले प्राप्त गर्ने अधिकार र प्रकृयाबारे नियमित रूपमा जानकारी गराउने।

५.४.३.२. परिक्षार्थी लाई उनीहरूले रोजेको परीक्षाको माध्यम (विशेष गरी कम्प्युटर र सहायक प्रविधि) मा अभ्यस्त हुनका लागि पर्याप्त तालिम र अभ्यासको अवसर प्रदान गर्ने।

५.४.३.३. परिक्षार्थी लाई परीक्षाका लागि आवश्यक पर्ने सहजीकरणको माग गर्न सहयोग गर्ने र सो माग परीक्षा निकायको पहुँचयुक्तता एकाइमा समयमै पुऱ्याउन समन्वय गर्ने।

५.४.३.४. परीक्षा केन्द्र आफ्नो संस्थामा तोकिएको अवस्थामा पहुँचयुक्त वातावरण सुनिश्चित गर्ने।

५.४.४. पाठ्यक्रम विकास केन्द्र तथा प्रकाशकको जिम्मेवारी

५.४.४.१. पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम विकास वा परिमार्जन गर्दा सिकाइको सर्वांकुलित ढाँचा (UDL) तथा मुल्यांकनको सर्वांकुलित ढाँचा(UDA)का सिद्दान्तलाई अनिवार्य रूपमा अवलम्बन गर्नु पर्ने।

५.४.४.२. नेपालमा शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न स्वीकृति प्रदान गरिने कुनै पनि पाठ्यपुस्तक वा सन्दर्भ सामग्रीका प्रकाशकले त्यस्ता सामग्रीको छापा संस्करण सार्वजनिक गरेकै मितिमा सो सामग्रीको पहुँचयुक्त डिजिटल संस्करण (जस्तै: EPUB, संरचना मिलाइएको DOCX) तोकिएको मापदण्ड बमोजिम अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने।

५.४.४.३. पहुँचयुक्त संस्करण उपलब्ध नगराउने प्रकाशकको सामग्रीलाई पाठ्यक्रम विकास केन्द्रले प्रयोगको लागि स्वीकृति दिन नहुने।

५.४.५. शिक्षक, प्राध्यापक तथा निरीक्षकको भूमिका

५.४.५.१. परीक्षा सञ्चालनमा संलग्न हुने सबै शिक्षक, प्राध्यापक, केन्द्राध्यक्ष, निरीक्षक, लेखन सहयोगी, मानव वाचकतथा प्राविधिकले दृष्टिविहीनमैत्री परिक्षा प्रणाली, UDL/UDA का सिद्धान्त, र दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्ति प्रति सम्मानजनक व्यवहार गर्ने तरिकाबारे अनिवार्य अभिमुखीकरण तालिम लिनु पर्ने।

५.४.५.२. परीक्षा निकायले दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिको संस्था/सङ्गठनसँगको सहकार्यमा यस्तो तालिमको पाठ्यक्रम विकास र सञ्चालन गर्नुपर्ने।

५.४.५.३. शिक्षक तथा प्राध्यापकले परीक्षार्थीको क्षमतामाथि विश्वास राखी सम्मानजनक र सहयोगी व्यवहार प्रदर्शन गर्ने।

५.४.५.४. निरीक्षकले परीक्षार्थीलाई प्रदान गरिएका सबै स्वीकृत अपयुक्त अनुकुलता (जस्तै: अतिरिक्त समय, छुट्टै कोठा) बिना कुनै बाधा-अवरोध उपलब्ध गराएको सुनिश्चित गर्ने।

५.४.५.५. परीक्षाको समयमा परीक्षार्थीलाई बाह्य हल्ला र अन्य अवरोध बाट जोगाउने।

५.५ मूल्याङ्कनको माध्यम, स्वरूप तथा सहजीकरण

५.५.१. माध्यम छनोटको स्वतन्त्रता र प्रकृया

५.५.१.१. परीक्षार्थीले परीक्षा आवेदन फारम भर्दा नै आफूले परीक्षा दिन चाहेको प्राथमिक र वैकल्पिक माध्यम स्पष्ट रूपमा उल्लेख गर्ने ब्यवस्था मिलाउनुपर्ने।

५.५.१.२. परीक्षार्थीले देहायका कुनै एक वा एकभन्दा बढी माध्यमको संयोजनबाट परीक्षा दिन पाउने ब्यवस्था मिलाउने:

(क) ब्रेल: परीक्षार्थीको निपुणता एवं छनोटमा आधारित संकुचित (Contracted/Grade) वा असंकुचित (Uncontracted/Grade) ब्रेल।

(ख) ठूलो छापा (Large Print): तोकिएको मापदण्डअनुसारको ठूलो छापामा छापिएको प्रश्नपत्र र उत्तरपुस्तिका प्रयोग गरी मसीले लेखेर।

(ग) कम्प्युटर तथा सहायक प्रविधि: स्क्रिन रिडर, स्क्रिन म्याग्निफायर वा अन्य सहायक प्रविधि जडित कम्प्युटर प्रयोग गरी।

(घ) लेखन सहयोगी (Scribe/Writer): लेखन सहयोगीलाई उत्तर श्रुतीलेखन गराएर।

(ङ) अडियो स्वरूप: प्रश्न अडियोमा सुनेर र उत्तर अडियो रेकर्ड गराएर (विशेष गरी मौखिक परीक्षा वा विशिष्ट अवस्थामा पहुँचयुक्तता एकाइको सिफारिसमा)।

५.५.२. अतिरिक्त समयको व्यवस्था

५.५.२.१. कुनै पनि प्रकारको उपयुक्त अनुकुलता (पहुँचयुक्त स्वरूप, मानव सहायता, वा सहायक प्रविधि) प्रयोग गर्ने सबै परीक्षार्थी लाई प्रति घण्टा न्यूनतम बीस (२०) मिनेटको दरले अतिरिक्त समय स्वतः प्रदान गर्नुपर्ने। तीन घण्टाको परीक्षाका लागि न्यूनतम एक घण्टा थप समय हुनुपर्ने। अपाङ्गताको प्रक्रिति तथा परिक्षाको ढाँचालाई मध्यनजर गरी अतिरिक्त समय बढाउँन सकिने।

५.५.२.२. जटिल गणना, सूत्रको प्रयोग वा स्पर्शीय रेखाचित्रको व्याख्या गर्न आवश्यक पर्ने गणित, विज्ञान, इन्जिनियरिङ, वा अन्य प्राविधिक विषयका लागि प्रति घण्टा न्यूनतम तीस (३०) मिनेटको दरले अतिरिक्त समय प्रदान गर्नुपर्ने। अपाङ्गताको प्रक्रिति तथा परिक्षाको ढाँचालाई मध्यनजर गरी अतिरिक्त समय बढाउँन सकिने।

५.५.२.३. केन्द्राध्यक्ष वा निरीक्षकले अतिरिक्त समयको कार्यान्वयनमा कुनै बाधा-अवरोध गर्न वा सो सम्बन्धमा परीक्षार्थीलाई अवरोध सिर्जना गर्ने वा हैरानि दिने गरी सोधपुछ गर्न नपाउने।

५.५.२.४. परीक्षार्थीको लेखन गति अत्यन्त सुस्त भएमा वा बहु-अपाङ्गता भएको अवस्थामा, वा यस्तै किसिमको अन्य विशेष परिस्थितिमा माथी तोकिएको भन्दा बढी थप समय प्रदान गर्न सकिने।

५.५.३. दृश्यात्मक सामग्रीको वैकल्पिक व्यवस्था

५.५.३.१. प्रश्नपत्रमा समावेश भएका कुनै पनि चित्र, नक्सा, ग्राफ, तालिका, ज्यामितीय आकृति वा अन्य कुनै पनि दृश्यात्मक जानकारीमा आधारित प्रश्नको लागि, सोही ज्ञान, सीप र कठिनाइको स्तर परीक्षण गर्ने वर्णनात्मक वा वैकल्पिक प्रश्न अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने।

५.५.३.२. दृश्यात्मक सामग्रीको अवधारणा बुझ्न अत्यावश्यक हुने विज्ञान, गणित, इन्जिनियरिङ, अर्थशास्त्र जस्ता विषयका सामग्रीलाई मापदण्ड बनाइ सो मापदण्ड अनुसारको उच्च गुणस्तरको स्पर्शीय रेखाचित्र (Tactile Graphics) मा रूपान्तरण गरी उपलब्ध गराउनु पर्ने। स्पर्शीय रेखाचित्रसँगै त्यसको ब्रेल वा ठूलो छापामा संक्षिप्त विवरण समेत समावेश हुनुपर्ने।

५.५.३.३. वैकल्पिक प्रश्न वा स्पर्शीय रेखाचित्रको अभावमा कुनै पनि परीक्षार्थीलाई दृश्यात्मक प्रश्न हल गर्न बाध्य नपारिने तथा त्यस्तो प्रश्न छोड्नुपर्ने अवस्थामा, परीक्षाको अङ्कन सोहीअनुसार समायोजन गरी परीक्षार्थीलाई कुनै हानि नहुने कुरा सुनिश्चित गर्नुपर्ने।

५.५.४. सहायक प्रविधिको प्रयोग

५.५.४.१. परीक्षार्थी लाई परीक्षाको समयमा आफ्नो परिचित र अभ्यस्त सहायक प्रविधि (जस्तै: स्क्रिन रिडर, स्क्रिन म्याग्निफायर, बोल्ने क्यालकुलेटर, बोल्ने घडी, अबेकस, ब्रेल नोट-टेकर) प्रयोग गर्न पूर्ण अनुमति दिनुपर्ने। परीक्षा निकायले परीक्षार्थीलाई अपरिचित उपकरण प्रयोग गर्न बाध्य पार्न नपाउने।

५.५.४.२. परीक्षा निकायले आफ्नो डिजिटल परीक्षा प्लेटफर्म प्रचलित सहायक प्रविधि (जस्तै: NVDA, JAWS) सँग पूर्ण रूपमा अनुकूल (Compatible) छ भनी सुनिश्चित गर्ने र सोको परीक्षण गराउने जिम्मेवारी लिनुपर्ने।

५.५.४.३. परीक्षाको मूल संरचना (construct) लाई नै परिवर्तन गर्ने प्रविधि वा सफ्टवेयरको सुविधा (जस्तै: हिज्जे परीक्षणमा स्पेल-चेकर, व्याकरण परीक्षणमा ग्रामर-चेकर, वा गणितमा सिम्बोलिक क्यालकुलेटर) प्रयोग गर्न भने रोक लगाउन सकिने। यस्तो सुविधालाई परीक्षाको समयमा सो फिचर बन्द (Disable) गरिएको हुनुपर्ने।

५.५.४.४. परीक्षार्थीले आफ्नो सहायक प्रविधि ल्याउने अवस्थामा, परीक्षा सुरु हुनु अगाडि निरीक्षकले सो उपकरणमा कुनै अनाधिकृत सामग्री (Unauthorized Material) नरहेको यकिन गर्न सक्ने।

५.५.५. न्यून दृष्टियुक्त परीक्षार्थीका लागि विशेष व्यवस्था

५.५.५.१. न्यून दृष्टियुक्त परीक्षार्थीको अनुरोधमा परीक्षा कोठामा प्रकाशको स्रोत (झ्याल वा बत्ती) निजको अनुकूलताअनुसार मिलाउनुपर्ने।

५.५.५.२. आवश्यक परेमा परीक्षा केन्द्रले अतिरिक्त टेबल ल्याम्पको व्यवस्था गर्नु पर्ने।

५.५.५.३. परीक्षार्थीले आफ्नो आवश्यकता अनुसार म्याग्निफाइङ ग्लास, मोनोकुलर वा अन्य अप्टिकल उपकरण प्रयोग गर्न पाउने ब्यवस्था मिलाउने।

५.५.६. अभिमुखीकरण तथा विशेष सहजीकरण

५.५.६.१. परीक्षा केन्द्र अभिमुखीकरण:परीक्षार्थीलाई परीक्षाको तनाव कम गर्न र अपरिचित वातावरणमा सहज बनाउन, निजले अनुरोध गरेमा, परीक्षा सुरु हुनुभन्दा कम्तीमा एक दिन अगाडि परीक्षा केन्द्र र आफूलाई तोकिएको परीक्षा कोठाको भ्रमण गरी अभिमुखीकरण गर्ने अवसर प्रदान गर्नुपर्ने । यस किसिमको अभिमुखीकरणका लागि परीक्षा केन्द्रले एकजना कर्मचारीलाई मार्गनिर्देशन गर्न खटाउनु पर्ने। सो क्रममा परीक्षार्थीलाई परीक्षा कोठा, शौचालय, पानी पिउने ठाउँ, र आकस्मिक निकास जस्ता महत्त्वपूर्ण स्थानको जानकारी गराउनु पर्ने।

५.५.६.२. बहु-अपाङ्गता भएका परीक्षार्थी:दृष्टिसम्बन्धी अपाङ्गताका साथै अन्य प्रकारको अपाङ्गता (जस्तै: शारीरिक, श्रवणसम्बन्धी, बौद्धिक, अटिजम) भएका परीक्षार्थीको हकमा, निजको विशिष्ट र बहुआयामिक आवश्यकतालाई सम्बोधन गर्न थप विशेष उपयुक्त अनुकुलता स्वीकृत गर्नुपर्ने।

५.६. मानव तथा प्राविधिक सहायताको व्यवस्थापन

५.६.१. मानव सहायता बैंकको संस्थागत व्यवस्थापन

५.६.१.१. संस्थागत जिम्मेवारी: योग्य लेखन सहयोगी तथा मानव वाचकको व्यवस्था गर्ने, उनीहरूलाई तालिम दिने, पारिश्रमिक उपलब्ध गराउने र परिचालन गर्ने सम्पूर्ण जिम्मेवारी परीक्षा सञ्चालन गर्ने परीक्षा निकायको हुनुपर्ने र यो जिम्मेवारी कुनै पनि हालतमा परीक्षार्थी वा शैक्षिक संस्थामाथि पन्छयाउन पाइने छैन। लेखन सहयोगी वा मानव वाचकको व्यवस्था गर्नका लागि परीक्षार्थीलाई कुनै पनि प्रकारको व्यक्तिगत, प्रकृयागत वा आर्थिक भार बोकाउन नपाइने तथा परिक्षार्थीलाई सहयोगी आफैँ खोज्न बाध्य पार्न नपाइने।

५.६.१.२. स्थापना:प्रत्येक परीक्षा निकायका पहुँचयुक्तता एकाइले पूर्व-प्रमाणीकरण गरिएका र तालिमप्राप्त व्यक्तिको एक "मानव सहायता बैंक"(Human Support Bank) स्थापना र सञ्चालन गर्ने।

५.६.१.३. छनोट र अभ्यस्तता:सहयोगी लेखन आफैले ब्यवस्था गर्न नमिल्ने परिक्षाका हकमा परीक्षार्थीलाई परीक्षा सुरु हुनुभन्दा कम्तीमा १५ मिनेट अगाडि तोकिएको लेखन सहयोगी वा मानव वाचकसँग भेटघाट गरी अभ्यस्त हुने र अनुकूलता सुनिश्चित गर्ने अवसर प्रदान गर्नुपर्ने। यदि परीक्षार्थीले सहयोगीसँग असहज महसुस गरेमा, मनासिब कारणसहित अर्को सहयोगी माग गरेमा केन्द्राध्यक्षले तत्काल अर्को व्यवस्था मिलाउनु पर्ने।

५.६.१.४. योग्यता र छनोट:

(क) विद्यालय तह (कक्षा १२ सम्म): लेखन सहयोगीको न्यूनतम शैक्षिक योग्यता परीक्षार्थी अध्ययनरत कक्षाभन्दा कम्तीमा एक कक्षा तलको हुनुपर्ने । उदाहरणका लागि, कक्षा १० को परीक्षा दिने परीक्षार्थीका लागि लेखन सहयोगीले कक्षा ९ उत्तीर्ण गरी नसकेको हुनुपर्ने।

(ख) उच्च शिक्षा (स्नातक तथा स्नातकोत्तर तह): स्नातक वा सोभन्दा माथिल्लो तहको परीक्षाका लागि, लेखन सहयोगीको न्यूनतम शैक्षिक योग्यता स्नातक तह उत्तीर्ण भएको हुनुपर्ने । तर, लेखन सहयोगी परीक्षार्थीको मुख्य विषय (major subject) वा सङ्कायको हुन नहुने। यसको उद्देश्य लेखन सहयोगीमा विषयवस्तुको ज्ञान नभई भाषागत र लेखन दक्षता सुनिश्चित गर्नु हो।

(ग) मानव वाचक: निजको पठन स्पष्ट, शुद्ध र उचित गतिमा हुनुपर्ने र निजलाई विषयवस्तुको ज्ञान हुन आवश्यक नपर्ने।

(घ) स्वार्थको द्वन्द्व: लेखन सहयोगी वा मानव वाचकपरीक्षार्थीको नातेदार, शिक्षक वा नजिकको मित्र हुन नहुने र स्वार्थको द्वन्द्व (Conflict of Interest) नहुने कुरा सुनिश्चित गरिनुपर्ने।

(ङ) तालिम: छनोट भएका सबै लेखन सहयोगी तथा मानव वाचकले तोकिएबमोजिमको अभिमुखीकरण तालिम अनिवार्य रूपमा लिनु पर्ने।

५.६.१.५. पारिश्रमिक तथा सुविधा:

(क) परीक्षा निकायले मानव सहायता बैंकमा सूचीकृत लेखन सहयोगी तथा मानव वाचकका लागि एक मानकीकृत र सम्मानजनक पारिश्रमिक दर निर्धारण गर्ने।

(ख) उक्त पारिश्रमिक दर प्रत्येक दुई वर्षमा मुद्रास्फीति र बजार दर अनुसार पुनरावलोकन गर्ने ।

(ग) पारिश्रमिकको भुक्तानी परीक्षा सम्पन्न भएको १५ दिनभित्र परीक्षा निकायले सोझै सम्बन्धित व्यक्तिको बैंक खातामा गर्ने ।

(घ) पारिश्रमिकको भार प्रत्यक्ष वा अप्रत्यक्ष दुबै किसिमले परिक्षार्थीमा पार्न नपाइने ।

५.६.१.६. कर्तव्य:

(क) लेखन सहयोगी: लेखन सहयोगीको मुख्य कर्तव्य: परीक्षार्थीले श्रुतीलेखन गराएको कुरालाई कुनै पनि परिवर्तन, सम्पादन, व्याख्या वा थपघट नगरी जस्ताको तस्तै (verbatim) लेख्नु वा टाइप गर्ने । परीक्षार्थीको निर्देशन अनुसार हिज्जे, व्याकरण र अनुच्छेद संरचनाको पालना गर्ने ।

(ख) मानव वाचक: मानव वाचकले प्रश्नपत्र र परीक्षार्थीले अनुरोध गरेको पाठलाई कुनै पनि भाव वा सङ्केतविना तटस्थ रूपमा पढेर सुनाउनुपर्ने ।

५.६.२. प्राविधिक सहायक (Technical Assistant) को व्यवस्था

५.६.२.१. अनिवार्यता:कम्प्युटर-आधारित वा सहायक प्रविधि प्रयोग हुने कुनै पनि परीक्षामा सहभागी हुने प्रत्येक परीक्षार्थीका लागि, परीक्षा केन्द्रमा एकजना योग्य प्राविधिक सहायक अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने ।

५.६.२.२. योग्यता:प्राविधिक सहायकको न्यूनतम योग्यता देहाय बमोजिम हुनुपर्ने:

(क) कम्प्युटर विज्ञान, सूचना प्रविधि वा सम्बन्धित क्षेत्रमा कम्तीमा डिप्लोमा वा सो सरह उत्तीर्ण भएको।

(ख) नेपालमा प्रचलित स्क्रिन रिडर (NVDA, JAWS), स्क्रिन म्याग्निफायर, र नवीकरणीय ब्रेल डिस्प्ले जस्ता सहायक प्रविधिको सञ्चालन, कन्फिगरेसन र सामान्य समस्या निवारणमा दक्ष भएको ।

(ग) अभिमुखीकरण तालिम अनिवार्य रूपमा प्राप्त गरेको ।

५.६.२.३. भूमिका र कर्तव्य:प्राविधिक सहायकको भूमिका र कर्तव्य देहाय बमोजिम हुनुपर्ने:

(क) परीक्षा सुरु हुनुभन्दा कम्तीमा एक घण्टा अगाडि परीक्षा केन्द्रमा उपस्थित भई परीक्षार्थीका लागि तोकिएको कम्प्युटर, सफ्टवेयर, र सबै सहायक प्रविधि ठीकसँग काम गरिरहेको छ भनी विस्तृत रूपमा जाँच गर्ने ।

(ख) परीक्षाको दौरान उत्पन्न हुने कुनै पनि प्राविधिक समस्या (जस्तै: सफ्टवेयर फ्रिज हुनु, सहायक प्रविधिले काम नगर्नु, इन्टरनेट विच्छेद हुनु) आदिको तत्काल समाधान गर्ने ।

(ग) परीक्षार्थीलाई सफ्टवेयर वा हार्डवेयर सञ्चालनमा विशुद्ध प्राविधिक सहयोग गर्ने, तर कुनै पनि हालतमा प्रश्नको उत्तर वा विषयवस्तुमा सहयोग नगर्ने ।

५.७ पहुँचयुक्त परीक्षा सामग्रीको मापदण्ड र व्यवस्थापन

५.७.१. ब्रेल प्रश्नपत्र, उत्तरपुस्तिका तथा मूल्याङ्कन

५.७.१.१. उत्पादन र मापदण्ड:

(क) सबै परीक्षा निकायले ब्रेलमा परीक्षा दिने परीक्षार्थीका लागि अनिवार्य रूपमा ब्रेल लिपिमा प्रश्नपत्र उपलब्ध गराउनु पर्ने ।

(ख) ब्रेल प्रश्नपत्र उच्च गुणस्तरको ब्रेल इम्बोजरबाट, न्यूनतम १४० जीएसएमको ब्रेल कागजमा उत्पादन गरिएको हुनुपर्ने । डट्स स्पष्ट, उठेको र नखुइलिने हुनुपर्ने ।

(ग) हातले स्लेट र स्टाइलस प्रयोग गरी तयार पारिएको प्रश्नपत्र कुनै पनि औपचारिक परीक्षाका लागि अमान्य हुने ब्यवस्था गर्नुपर्ने ।

(घ) परीक्षार्थीले आफू अभ्यस्त भएको संकुचित (Grade) वा असंकुचित (Grade) ब्रेलमध्ये कुनै एकमा प्रश्नपत्र माग गर्न सक्ने र सोहीबमोजिम प्रश्नपत्र उपलब्ध गराउनुपर्ने ।

५.७.१.२. गणित तथा विज्ञानका लागि नेमेथ कोडको प्रयोग:

(क) गणित, विज्ञान, तथ्याङ्कशास्त्र, अर्थशास्त्र वा अन्य कुनै विषयको परीक्षामा गणितीय वा वैज्ञानिक सङ्केत कक्षा १० सम्म Unified English Braille (एकिकृत अङ्ग्रेजी ब्रेल) प्रयोग गरी तयार गरिनुपर्ने ।

(ख) (mathematical or scientific notations) समावेश भएका कक्षा नौ देखी माथीका ऐच्छिक गणितका विषय, कक्षा ११ र १२ का विज्ञान संकायका विषय लगायत उच्च शिक्षाअन्तर्गत प्रयोग गरिने विज्ञान, प्रविधि, इन्जिनियरिङ तथा गणीत विषयका ब्रेलका सन्दर्भमा प्रचलित मानकीकृत नेमेथ ब्रेल कोड (Nemeth Braille Code) प्रयोग गरी प्रश्नपत्र तयार गरिनुपर्ने । विद्यार्थीलाई टेलर्ड फ्रेमको उपलब्धतामार्फत समस्या समाधानको निम्ति प्रोत्साहन गरिनुपर्ने।

(ग) परीक्षा निकायले UEB तथा नेमेथ कोडमा प्रश्नपत्र तयार गर्न र ब्रेलमा लेखिएका नेमेथ कोडका उत्तर अनुलेखन गर्न सक्षम र तालिमप्राप्त जनशक्तिको व्यवस्था गर्ने।

(घ) UEB तथा नेमेथ कोड सम्बन्धी आधारभूत सङ्केतको सन्दर्भ तालिका संकलन गरी प्रकाशन गर्ने।

५.७.१.३. ब्रेल सर्ट ह्यान्ड मेसिनको प्रयोग:ब्रेल लिपीबाट परिक्षा दिन चाहाने परिक्षार्थीले आफुले प्रयोग गरिरहेको ब्रेल नोट टेकर, ब्रेल टाइप राइटर लगायतका माध्यमबाट परिक्षा दिन चाहेमा त्यसको ब्यवस्था मिलाउनुपर्ने।

५.७.१.४. उत्तरपुस्तिकाको अनुलेखन, परीक्षण तथा गोपनीयता:

(क) ब्रेल लिपिमा लेखिएका उत्तरपुस्तिकाको हकमा, विषय परीक्षकद्वारा मूल्याङ्कन गरिनुअघि, परीक्षा निकायले नियुक्त गरेको योग्य र तालिमप्राप्त अनुलेखक (transcriber) द्वारा छापा अक्षरमा गोप्य रूपमा अनुलेखन गराउने सम्पूर्ण जिम्मेवारी परीक्षा निकायको हुनुपर्ने।

(ख) अनुलेखन प्रकृयाको शुद्धता र विश्वसनीयता सुनिश्चित गर्न दोहोरो जाँच (double-check) को व्यवस्था मिलाउनुपर्ने। अनुलेखन गरिएको प्रतिलिपिमा मूल ब्रेल उत्तरपुस्तिकाको पृष्ठ सङ्ख्या र लाइन सङ्ख्या समेत उल्लेख गरिनुपर्ने।

(ग) कुनै पनि परीक्षार्थीलाई मूल्याङ्कनको लागि आफ्नो उत्तर आफैँ पढेर सुनाउन वा अनुलेखन गर्न लगाउन नहुने।

(घ) अनुलेखन गरिएको उत्तरपुस्तिका परीक्षण गर्ने परिक्षकलाई सम्भावित संरचनागत भिन्नताप्रति सचेत बनाउन उत्तरपुस्तिकाको शीर्षमा "ब्रेलबाट अनुलेखित" भनी स्पष्ट उल्लेख गर्न सकिने छ। तर यसले मूल्याङ्कनमा कुनै नकारात्मक असर पार्न नहुने।

५.७.१.५. ब्रेल उत्तरको मूल्याङ्कनमा लचकता र सचेतना:

(क) ब्रेलमा लेख्दा हुन सक्ने सामान्य संरचनागत भिन्नता (जस्तै: स्पेस, अनुच्छेद) वा ब्रेल कोडको सामान्य त्रुटिलाई नकारात्मक रूपमा लिन नहुने। मूल्याङ्कन पूर्ण रूपमा उत्तरको विषयवस्तु र गुणस्तरमा आधारित हुनुपर्ने।

(ख) परीक्षकलाई ब्रेलबाट अनुलेखित उत्तरपुस्तिका परीक्षण गर्दा अपनाउनुपर्ने संवेदनशीलता र वस्तुनिष्ठता बारे अभिमुखीकरण दिनुपर्ने।

५.७.१.६. ब्रेल सम्बन्धी तालिम र मानकीकरण:

(क) शैक्षिक संस्थाले दृष्टिसम्बन्धी अपाङ्गता भएका परिक्षार्थीलाई पाठ्यक्रमको आवश्यकताअनुसार देवनागरी ब्रेल र नेमेथ कोडमा निपुण हुनका लागि पर्याप्त तालिम र नियमित अभ्यासको अवसर प्रदान गर्नुपर्ने।

(ख) परीक्षा निकायले राष्ट्रिय स्तरमा ब्रेल र नेमेथ कोडका लागि मानकीकृत निर्देशिका तयार गरी प्रकाशन गर्नुपर्ने र सो निर्देशिकालाई अन्तर्राष्ट्रिय अभ्यास अनुसार समय-समयमा अद्यावधिक गर्नुपर्ने।

५.७.२. स्पर्शीय रेखाचित्रको उत्पादन र प्रयोग

५.७.२.१. दृश्यात्मक रेखाचित्र, ग्राफ, वा ज्यामितीय आकृति समावेश भएका प्रश्नको लागि, स्पर्शीय रेखाचित्र (Tactile Graphics) अनिवार्य रूपमा उपलब्ध गराउनु पर्ने।

५.७.२.२. स्पर्शीय रेखाचित्र तोकिएको मापदण्ड अनुसार उच्च गुणस्तरको ट्याक्टाइल इमेजर (जस्तै: Swell Paper/Microcapsule Paper) वा इम्बोजरबाट उत्पादन गरिनुपर्ने।

५.७.२.३. प्रत्येक स्पर्शीय रेखाचित्रमा अनावश्यक विवरण हटाई मूल संरचना मात्र देखाइएको हुनुपर्ने र त्यसका मुख्य भागलाई ब्रेलमा स्पष्ट रूपमा लेबल गरिएको हुनुपर्ने। साथै, रेखाचित्रको उद्देश्य र मुख्य जानकारी बुझाउने संक्षिप्त लिखित विवरण समेत समावेश हुनुपर्ने।

५.८ कम्प्युटर-आधारित मूल्याङ्कन सम्बन्धी विशेष व्यवस्था

५.८.१. डिजिटल पहुँचयुक्तताको मापदण्ड:परीक्षा निकायद्वारा सञ्चालन गरिने सबै कम्प्युटर-आधारित वा अनलाइन परीक्षा, परीक्षा आवेदनका लागि प्रयोग हुने वेबसाइट, र परीक्षासम्बन्धी जानकारी राखिएका सबै डिजिटल प्लेटफर्म अनिवार्य रूपमा वेब सामग्री पहुँचयुक्तता निर्देशिका (Web Content Accessibility Guidelines - WCAG) 2.1 को तह AA अनुरूप हुनुपर्ने। स्क्यान गरेर राखिएको छवि-आधारित PDF वा अन्य पहुँचविहीन ढाँचामा प्रश्नपत्र उपलब्ध गराउन पूर्णतः निषेध गरिनुपर्ने।

५.८.२. सहायक प्रविधिसँगको अनुकूलता:परीक्षा निकायले परीक्षामा प्रयोग हुने सफ्टवेयर वा प्लेटफर्म, नेपालमा सामान्यतया प्रयोग हुने स्क्रिन रिडर सफ्टवेयर (जस्तै: NVDA, JAWS), स्क्रिन म्याग्निफिकेसन सफ्टवेयर, र नवीकरणीय ब्रेल डिस्प्लेसँग पूर्ण रूपमा अनुकूल (Compatible) छ भनी

सुनिश्चित गर्नु पर्ने । परीक्षा निकायले नयाँ सफ्टवेयर लागु गर्नुअघि दृष्टिसम्बन्धी अपाङ्गता भएका प्रयोगकर्ताद्वारा अनुकूलता परीक्षण (Compatibility Testing) गराउनु पर्ने ।

५.८.३. नमुना परीक्षाको व्यवस्था:कम्प्युटर-आधारित परीक्षा सञ्चालन गर्नुअघि, परीक्षा निकायले परीक्षार्थीलाई परीक्षामा प्रयोग हुने सफ्टवेयर र प्लेटफर्मसँग अभ्यस्त हुनका लागि कम्तीमा एक पटक वास्तविक परीक्षाकै ढाँचा र समयसीमाको पूर्ण-अवधिको नमुना परीक्षा (Mock Test) दिने अवसर निःशुल्क प्रदान गर्नु पर्ने । नमुना परीक्षाको अवसर परीक्षा मितिभन्दा कम्तीमा एक महिना अगाडि उपलब्ध गराइसक्नु पर्ने ।

५.८.४. प्राविधिक सहायक तथा पूर्वाधार:कम्प्युटर-आधारित परीक्षा सञ्चालन हुने प्रत्येक परीक्षा केन्द्रमा परीक्षा सुरु हुनुअगावै कम्प्युटर, सफ्टवेयर, स्क्रिन रिडर, इन्टरनेट कनेक्सन, र पावर ब्याकअप जस्ता प्राविधिक पक्ष दुरुस्त रहेको सुनिश्चित गर्ने । परीक्षा अवधिभर प्राविधिक समस्या समाधानका लागि एकजना जानकार प्राविधिक सहायकलाई तयारी अवस्थामा राख्नु पर्ने । परीक्षा केन्द्रमा प्रयोग हुने कम्प्युटरमा परीक्षार्थीले अनुरोध गरेको स्क्रिन रिडर सफ्टवेयरको पछिल्लो/अध्यावदिक संस्करण जडान गरिएको हुनुपर्ने ।

५.८.५. प्राविधिक गडबडीको व्यवस्थापन:परीक्षाको दौरान प्राविधिक गडबडी (जस्तै: कम्प्युटर ह्याङ हुनु, सफ्टवेयर चल्न बन्द हुनु, पावर जानु, इन्टरनेट विच्छेद हुनु) का कारण खेर गएको समयको पूर्ण क्षतिपूर्ति दिनुपर्ने । खेर गएको समय निरीक्षकले आधिकारिक रूपमा रेकर्ड गरी परीक्षाको अन्त्यमा थप गर्नुपर्ने । यदि प्राविधिक गडबडीका कारण परीक्षार्थीको उत्तर सेभ नभएमा वा परीक्षा प्रकृयामा गम्भीर अवरोध उत्पन्न भई समाधान हुन नसकेमा, परीक्षार्थीलाई सोही दिन वा अर्को अनुकूल समयमा पुनः परीक्षा दिने अवसर प्रदान गर्नुपर्ने । यसका लागि परीक्षार्थीबाट कुनै अतिरिक्त शुल्क लिन नहुने ।

५.८.६. किबोर्ड पहुँच (Full Keyboard Accessibility): परीक्षाका लागि प्रयोग हुने कुनै पनि सफ्टवेयर, वेबसाइट वा एप्लिकेसनका सबै अन्तरक्रियात्मक तत्व (बटन, लिङ्क, फारम फिल्ड, मेनु) र सम्पूर्ण कार्य (उत्तर छनोट गर्ने, अर्को प्रश्नमा जाने, परीक्षा सबमिट गर्ने) अनिवार्य रूपमा किबोर्डबाट मात्र सञ्चालन गर्न सकिने हुनुपर्ने । माउसको प्रयोग अनिवार्य हुन नहुने । किबोर्ड फोकस (Keyboard Focus) सधैँ स्पष्ट रूपमा देखिने (Visible) हुनुपर्ने र तार्किक क्रम (Logical Order) मा नेभिगेट हुनुपर्ने । कुनै पनि किबोर्ड ट्र्याप (Keyboard Trap) हुन नहुने, अर्थात् प्रयोगकर्ता किबोर्ड प्रयोग गरेर कुनै तत्वमा प्रवेश गरेपछि त्यहाँबाट बाहिर निस्कन नसक्ने अवस्था हुन नहुने ।

५.८.७. डाटा सुरक्षा र गोपनीयता:परीक्षा निकायले परीक्षार्थीको व्यक्तिगत जानकारी र निजले दिएको उत्तरको सुरक्षा र गोपनीयता सुनिश्चित गर्न प्रचलित कानून बमोजिमका इन्क्रिप्शन र डाटा सुरक्षा मापदण्ड लागु गर्नुपर्ने। अनलाइन परीक्षाको क्रममा परीक्षार्थीको कम्प्युटरबाट सङ्कलन गरिने कुनै पनि डाटा (जस्तै: किस्ट्रोक, स्क्रिन रेकर्डिङ) को उद्देश्य स्पष्ट रूपमा खुलाइएको हुनुपर्ने र परीक्षाको मर्यादा कायम राख्ने प्रयोजनका लागि मात्र प्रयोग गरिनुपर्ने। परीक्षा समाप्त भएपछि, परीक्षार्थीको पहिचानसँग सम्बन्धित नहुने गरी उत्तरलाई अज्ञात (Anonymized) बनाई मूल्याङ्कनका लागि पठाइनुपर्ने।

५.८.८. अनलाइन प्रोक्टरिङ (Online Proctoring) को पहुँचयुक्तता:यदि अनलाइन प्रोक्टरिङ (निगरानी) प्रणाली प्रयोग गरिन्छ भने, सो प्रणाली सहायक प्रविधिसँग पूर्ण रूपमा अनुकूल हुनुपर्ने। प्रोक्टरिङ सफ्टवेयरले स्क्रिन रिडर प्रयोगकर्ताले गर्ने सामान्य हेड-मुभमेन्ट वा ब्रेल डिस्प्ले पढ्दा हुने गतिविधिलाई शङ्कास्पद व्यवहारको रूपमा फ्ल्याग गर्न नहुने। यस्ता सफ्टवेयरको सेटिङ समायोजन गर्न मिल्ने हुनुपर्ने।

५.८.९. डिजिटल उत्तरको सुरक्षित भण्डारण र ब्याकअप:अनलाइन परीक्षा प्रणालीमा परीक्षार्थीले दिएको उत्तरलाई स्वचालित रूपमा र नियमित अन्तरालमा (जस्तै: प्रत्येक मिनेट) सुरक्षित (Auto-Save) गर्ने सुविधा अनिवार्य रूपमा हुनुपर्ने। इन्टरनेट विच्छेद वा अन्य प्राविधिक गडबडीको अवस्थामा समेत परीक्षार्थीले दिएको उत्तर नहराउने सुनिश्चित गर्न अफलाइन ब्याकअप वा स्थानीय क्यास (Local Cache) को व्यवस्था हुनुपर्ने।

५.८.१०. डिजिटल साक्षरता:परीक्षा निकाय र शैक्षिक संस्थाले परीक्षार्थीलाई कम्प्युटर-आधारित परीक्षाका लागि आवश्यक पर्ने डिजिटल साक्षरता र सहायक प्रविधि प्रयोग गर्ने सीप विकास गर्न सहयोग र तालिम प्रदान गर्नुपर्ने। परीक्षा निकायले आफ्नो वेबसाइटमा पहुँचयुक्त भिडियो ट्यूटोरियल र लिखित निर्देशिका उपलब्ध गराई परीक्षार्थीलाई परीक्षा प्रणालीबारे जानकारी दिनुपर्ने।

५.९ प्रयोगात्मक, मौखिक तथा अन्य मूल्याङ्कन विधि

५.९.१. निर्माणात्मक मूल्याङ्कन

शिक्षकले निर्माणात्मक मूल्याङ्कनका लागि सामग्री तयार गर्दा नै पहुँचयुक्ततालाई ध्यान दिनु पर्ने तथा परिक्षार्थीले रोजेको माध्यममा उत्तर पेश गर्ने सुविधा प्रदान गर्नुपर्ने।

५.९.२. प्रयोगात्मक परीक्षा (Practical/Laboratory Exams):

५.९.२.१. प्रकृयागत सीप (Procedural Skills) मापन गर्ने उद्देश्यका प्रयोगात्मक परीक्षामा परीक्षार्थीलाई सुरक्षित र पहुँचयुक्त तरिकाले सहभागी गराउनुपर्ने । आवश्यक परेमा, निरीक्षक वा प्रयोगशाला सहायकले परीक्षार्थीको स्पष्ट निर्देशनअनुसार उपकरण चलाइदिने, रसायन मिसाइदिने वा अन्य कार्य गरिदिने व्यवस्था गर्नुपर्ने ।

५.९.२.२. अवलोकन (Observation) र व्याख्या (Interpretation) को सीप मापन गर्ने उद्देश्यका प्रयोगात्मक परिक्षाका हकमा, परीक्षार्थीलाई प्रयोगात्मक प्रकृयाको अडियो-भिडियो वा विस्तृत वर्णनात्मक विवरण उपलब्ध गराउनुपर्नेर सोको आधारमा नतिजाको विश्लेषण र व्याख्या गर्न लगाउन सकिने ।

५.९.२.३. दृश्यात्मक पहिचान अनिवार्य रहेको प्रयोगात्मक कार्यलाई पहुँचयुक्त बनाउन संभव नभएको अवस्थामा सोही अवधारणा र कठिनाइ स्तरको वैकल्पिक कार्य (Alternative Task) वा कम्प्युटर-आधारित सिमुलेसन (Simulation) प्रदान गर्नुपर्ने ।

५.९.२.४. कुनै पनि हालतमा परीक्षार्थीलाई प्रयोगात्मक परीक्षाबाट वञ्चित गर्न नहुने वा सिधै औसत अङ्क दिन नहुने । यस्तो कार्यलाई भेदभाव मान्नुपर्ने ।

५.९.३. मौखिक परीक्षा (Viva-voce) तथा प्रस्तुतीकरण (Presentation):

५.९.३.१. मौखिक परीक्षा वा प्रस्तुतीकरणका लागि मूल्याङ्कनको मापदण्ड (Rubrics) पूर्व-निर्धारित, स्पष्ट र सबै परीक्षार्थीका लागि समान हुनुपर्ने र सो मापदण्ड परीक्षार्थीलाई परीक्षा अगावै उपलब्ध गराउनुपर्ने ।

५.९.३.२. परीक्षार्थीलाई आफ्नो प्रस्तुतीकरणका लागि आफूलाई सहज हुने माध्यम (जस्तै: अडियो नोट, ब्रेल कार्ड, पहुँचयुक्त डिजिटल स्लाइड) प्रयोग गर्न दिनुपर्ने ।

५.९.३.३. मौखिक परीक्षा लिँदा निष्पक्षताका लागि एकभन्दा बढी मूल्याङ्कनकर्ता रहने व्यवस्था मिलाइ सम्पूर्ण प्रकृयाको अडियो रेकर्ड अनिवार्य रूपमा राख्नुपर्ने ।

५.९.४. फिल्डवर्क तथा बाह्य कार्य:फिल्डवर्क, शैक्षिक भ्रमण वा अन्य बाह्य कार्यमा आधारित मूल्याङ्कन भएमा, शैक्षिक संस्थाले सो स्थलको पहुँचयुक्तता पूर्व-मूल्याङ्कन गरी दृष्टिसम्बन्धी अपाङ्गता भएका परिक्षार्थीको पूर्ण र सुरक्षित सहभागिता सुनिश्चित गर्न आवश्यक पर्ने अभिमुखीकरण, मानव सहायता वा वैकल्पिक कार्य जस्ता उपयुक्त अनुकुलताको व्यवस्था गर्नु पर्ने ।

५.९.५. पोर्टफोलियो मूल्याङ्कन (Portfolio Assessment):

५.९.५.१. पोर्टफोलियो मूल्याङ्कनमा समावेश गरिने सामग्री पेश गर्न परीक्षार्थीलाई लचिलो स्वरूप (flexible formats) को विकल्प दिनुपर्ने। परीक्षार्थीले आफ्नो कार्यलाई लिखित, ब्रेल, अडियो, भिडियो, वा पहुँचयुक्त डिजिटल स्वरूपमा पेश गर्न सक्ने ब्यवस्था गर्नुपर्ने।

५.९.५.२. पोर्टफोलियो मूल्याङ्कनको मापदण्डले प्रस्तुतिको स्वरूपलाई भन्दा समेत सामग्रीको गुणस्तर, सिर्जनशीलता, र सिकाइको प्रमाणलाई जोड दिनुपर्ने।

५.९.६. समुह कार्य तथा सहयोगात्मक परियोजना:समुह कार्यमा आधारित मूल्याङ्कनमा, दृष्टिसम्बन्धी अपाङ्गता भएका परीक्षार्थीको अर्थपूर्ण र समतामूलक सहभागिता सुनिश्चित गर्नु पर्ने। समुहका सदस्य लाई दृष्टिसम्बन्धी अपाङ्गता भएका सहपाठीसँग प्रभावकारी रूपमा सहकार्य गर्ने तरिकाबारे अभिमुखीकरण गराउनुपर्ने।

५.९.७. कार्यसम्पादनमा आधारित मूल्याङ्कन:नाटक, संगीत, वा अन्य कलात्मक कार्यसम्पादनमा आधारित मूल्याङ्कनमा, परीक्षार्थीलाई आफ्नो क्षमता प्रदर्शन गर्नका लागि आवश्यक पर्ने लगायतका उपयुक्त अनुकुलता (स्टेजको अभिमुखीकरण, ब्रेलमा लेखिएको स्क्रिप्ट) अग्रिम रुपमै उपलब्ध हुनुपर्ने। दृष्टिविहीन परिक्षार्थीका हकमा मूल्याङ्कनकर्ताले कार्यसम्पादनको मूल्याङ्कन गर्दा: शारीरिक हाउभाउजस्ता दृश्यात्मक पक्षमा बढी केन्द्रित हुन नहुने।

५.९.८. सिमुलेसन तथा भूमिका निर्वाह (Simulation and Roleplay):सिमुलेसन वा भूमिका निर्वाहमा आधारित मूल्याङ्कनका लागि आवश्यक पर्ने सबै पृष्ठभूमि जानकारी र निर्देशन परीक्षार्थीलाई पहुँचयुक्त स्वरूपमा अग्रिम उपलब्ध गराउनुपर्ने।

५.१० परीक्षा केन्द्र, मूल्याङ्कन प्रकृया र नतिजा प्रकाशन

५.१०.१. पहुँचयुक्त परीक्षा केन्द्र तथा वातावरण:

५.१०.१.१. सम्भव भएसम्म दृष्टिसम्बन्धी अपाङ्गता भएका परीक्षार्थीको परीक्षा केन्द्र उनीहरूलाई परिचित वातावरण सिर्जना गर्ने उद्देश्यसहित निज परिक्षार्थी अध्ययनरत शैक्षिक संस्थामा नै तोक्नुपर्ने।

५.१०.१.२. प्रत्येक परीक्षा केन्द्रले दृष्टिविहीन परीक्षार्थीका लागि अनिवार्य रूपमा छुट्टै, शान्त, पर्याप्त प्रकाश भएको, र बाह्य कोलाहल तथा बाधा-अवरोधबाट मुक्त कोठाको व्यवस्था गर्नुपर्ने।

५.१०.१.३. एकै कोठामा धैरै परीक्षार्थी राख्दा श्रुतीलेखन गर्ने परीक्षार्थीलाई एक-अर्काको आवाजले बाधा नपुग्ने गरी पर्याप्त दूरीमा राख्नुपर्ने ।

५.१०.२. उत्तरपुस्तिकाको वस्तुनिष्ठ परीक्षण:

५.१०.२.१. उत्तरपुस्तिका परीक्षण गर्दा मूल्याङ्कन वस्तुनिष्ठ र उत्तरको विषयवस्तुमा मात्र आधारित हुनुपर्ने र प्रतिक्रियाको माध्यम (ब्रेल, टाइपिंग, हस्तलेखन) वा सहयोगीको हस्तलेखनको आधारमा कुनै पूर्वाग्रह राख्न वा अङ्क घटाउन नपाइने ।

५.१०.२.२. हिज्जे वा व्याकरणको शुद्धता परीक्षण गर्ने उद्देश्य नभएका मूल संरचना (construct)मा भएको सामान्य हिज्जे वा व्याकरणीय त्रुटिका लागि अङ्क घटाउन नहुने ।

५.१०.३. उत्तरपुस्तिकाको गोपनीयता र पहिचान:

५.१०.३.१. परीक्षार्थीले प्रयोग गरेको सहजीकरणबारे उत्तरपुस्तिकामा कुनै पनि सङ्केत वा पहिचान खुलाउन नहुने, तर निज परिक्षार्थीले वैकल्पिक प्रश्न हल गरेको अवस्थामा भने सो खुलाउन सकिने ।

५.१०.३.२. दृष्टिविहीन परिक्षार्थीमाथी हुन सक्ने संभाव्य अवधारणागत अबरोध र त्यसले सिर्जना गर्न सक्ने पुर्वाग्रहलाई न्युनिकरण गर्न दृष्टिविहीन परिक्षार्थीको उत्तरपुस्तिकाको रिचेकिङ, क्रस चेकिङ, डबल चेकिङ र भ्यालिडेसनमा ध्यान पुर्याउनुपर्ने ।

५.१०.४. परीक्षाको मर्यादा र सामग्रीको सुरक्षा:

५.१०.४.१. परिक्षामा सहजिकरणका लागी प्रदान गरिएको उपयुक्त अनुकुलताको दुरुपयोग हुन नदिन सम्पुर्ण उपयुक्त उपायको ब्यवस्था गर्नुपर्ने । परिक्षाको मर्यादा भंग गर्ने परिक्षार्थीलाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिने ।

५.१०.४.२. ब्रेल, ठूलो छापा, वा स्पर्शीय रेखाचित्र जस्ता पहुँचयुक्त स्वरूपमा तयार पारिएका प्रश्नपत्रको गोपनीयता र सुरक्षा छापा प्रश्नपत्र सरह नै कायम गर्नुपर्ने ।

५.१०.५. नतिजा प्रकाशनको पहुँचयुक्तता:

५.१०.५.१. परीक्षा निकायले परीक्षाको नतिजा प्रकाशन गर्दा स्क्रिन रिडर प्रयोगकर्ताले आफ्नो नतिजा स्वतन्त्र रूपमा हेर्न सक्ने गरी आफ्नो वेबसाइटमा WCAG 2.1 AA अनुरूप पहुँचयुक्त स्वरूपमा प्रकाशन गर्नुपर्ने ।

५.१०.५.२. नतिजा प्रकाशन गर्ने वेबपेजमा छवि-आधारित टेक्स्ट वा पहुँचविहीन PDF फाइलको प्रयोग गर्न नहुने। HTML तालिका वा पहुँचयुक्त ढाँचामा मात्र नतिजा प्रकाशनको ब्यवस्था गर्नुपर्ने।

५.१०.५.३. परीक्षार्थीलाई निजको विस्तृत अङ्क-विवरण (Marksheet) वा लब्धांकपत्र पहुँचयुक्त डिजिटल स्वरूपमा निःशुल्क उपलब्ध गराउनुपर्ने।

५.११ गुनासो सुनुवाइ, अनुगमन तथा क्षतिपूर्ति

५.११.१. गुनासो सुनुवाइ संयन्त्र:

५.११.१.१. परिक्षाका क्रममा कुनै असहजता उत्पन्न भएमा केन्द्राध्यक्ष समक्ष तुरुन्त मौखिक वा लिखित गुनासो गर्न सकिने। केन्द्राध्यक्षले सो गुनासोको तत्काल सम्बोधन गरी समाधान खोज्नु पर्ने र गरेको कारबाहीको लिखित अभिलेख राख्नु पर्ने।

५.११.१.२. परीक्षामा सम्मिलित हुनु अघी, परिक्षा समय वा परिक्षा दिएपश्चात, परिक्षा संग सम्बन्धित जुनसुकै विषयमा कुनै समस्या उत्पन्न भएमा, कुनै विवादको सिर्जना भएमा वा दृष्टिविहीन परिक्षार्थीले परिक्षाका क्रममा उपभोग गर्न पाउने अधिकारको उपयोगमा बाधा अर्चन उत्पन्न भए गराइएमा कम्तीमा दुई तह पुनरावेदन गर्न मिल्ने गरी गुनासो वा उजुरी सुन्ने निकायको ब्यवस्था गर्नुपर्ने।

५.११.२. क्षतिपूर्ति:

५.११.२.१. पहुँचयुक्त परिक्षा प्रणालीको अभाव रहेमा, लेखन सहयोगीको उपस्थिति नभएमा, परिक्षा निरिक्षक वा केन्द्राध्यक्षको अनावश्यक हस्तक्षप आदिका कारण परिक्षार्थीको परिक्षामा समस्या आएमा क्षेतीपुर्तीको ब्यवस्था गर्नुपर्ने।

५.११.२.२. विशेष परीक्षाको अवसर प्रदान गर्ने, त्यस् स्थितिमा परिक्षा शुल्क फिर्ता सहित नि:शुल्क रुपमा अर्को परिक्षा दिने वातावरण तत्काल मिलाउनुपर्ने वा अन्य मनासिब उपचार जस्ता क्षेतीपुर्ती प्रदान गर्नुपर्ने।

५.११.३. राष्ट्रिय अनुगमन समिति:

५.११.३.१. शिक्षा मन्त्रालयको मातहतमा पहुँचयुक्त मुल्यांकन प्रणालीको बिकास, अनुगमन एवं नियमनका लागी राष्ट्रिय स्तरमा एक "राष्ट्रिय पहुँचयुक्त मुल्यांकन अनुगमन समिति" गठन गर्नुपर्ने।

५.११.३.२. उक्त समितिमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय परीक्षा बोर्ड, विश्वविद्यालय अनुदान आयोग, र लोक सेवा

आयोगका प्रतिनिधि, तथा दृष्टिसम्बन्धी अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्व गर्ने संघसंस्थाबाट कम्तीमा दुई जना सहित अपाङ्गता अधिकारकर्मी र शिक्षाविद सदस्य रहने।

५.११.३.३. मुल्यांकन प्रणालीसंग सम्बन्धित नीतिगत, प्रकृयागत, भौतिक तथा डिजिटल पहुँचयुक्तताका सबै पक्षहरूलाई समेट्दै प्रत्येक दुई (२) वर्षमा कम्तीमा एक पटक राष्ट्रिय परीक्षा बोर्ड, त्रिभुवन विश्वविद्यालय, लोक सेवा आयोगजस्ता मुख्य परीक्षा निकायको आवधिक रुपमा विस्तृत पहुँचयुक्तता अडिट (Accessibility Audit) सञ्चालन गर्ने।

५.११.३.४. प्रदेश तथा स्थानीय तहका शिक्षा हेर्ने निकायसंग दृष्टिविहीन मैत्री परिक्षा प्रणाली निर्माण एवं सञ्चालनका लागी समन्वय र सहजीकरण गर्ने।

५.१२ जनचेतना, क्षमता विकास र आकस्मिक व्यवस्थापन

५.१२.१. आकस्मिक अवस्थाको व्यवस्थापन:परीक्षाको समयमा अप्रत्याशित घटना (जस्तै: लेखन सहयोगीको आकस्मिक अनुपस्थिति, प्राविधिक गडबडी) जस्ता समस्या उत्पन्न भएमा परीक्षाको मर्यादा कायम राख्दै परीक्षार्थीको हितमा हुने गरी तत्काल वैकल्पिक व्यवस्था मिलाउनु पर्ने। यस्तो अवस्थामा खेर गएको समयको पूर्ण क्षतिपूर्ति दिनुपर्ने वा आवश्यक परेमा सोही दिन वा अर्को कुनै दिन पुनः परीक्षा दिने ब्यवस्था गर्नुपर्ने।

५.१२.२. जनचेतना र क्षमता विकास:परीक्षा निकाय, शैक्षिक संस्था, शिक्षक, परिक्षार्थी, र अभिभावक माझ दृष्टिविहीण मैत्री परिक्षा प्रणाली सञ्चालनका सम्बन्धमा जनचेतना अभिवृद्धि तथा क्षमता विकासका लागि राष्ट्रिय, स्थानीय एवं प्रादेशिक स्तरमा कार्यक्रम सञ्चालन गर्ने। प्रत्येक परीक्षा निकायले आफ्नो कार्यक्षेत्रभित्रका सरोकारवालाहरूका लागि नियमित रूपमा अभिमुखीकरण र तालिम कार्यक्रम सञ्चालन गर्ने।

अध्याय-६

निकायगत कार्यमूलक सिफारिस

नेपालमा दृष्टिविहीन-मैत्री मूल्याङ्कन प्रणालीको सफल स्थापना र कार्यान्वयनका लागि सम्बद्ध सरकारी निकायका स्पष्ट भूमिका, जिम्मेवारी र समन्वयात्मक प्रयास अपरिहार्य छ । नीतिपत्रमा उल्लिखित विश्लेषण र प्रस्तावित प्रारुपका आधारमा देहायका निकायलाई अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा कार्यान्वयन गर्न सकिने देहायबमोजिमका सिफारिस प्रस्तुत गरिएको छ।

६.१ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (MOEST) का लागि सिफारिस

अल्पकालीन (१ वर्षभित्र)

१. बाध्यकारी कानूनी कार्यविधिको निर्माण: यस प्रतिवेदनमा प्रस्तावित प्रारुप र अनुसन्धानबाट प्राप्त निष्कर्षमा आधारित भई, "दृष्टिविहीन-मैत्री मूल्याङ्कन प्रणाली सञ्चालन कार्यविधि, २०८२" को मस्यौदा तत्काल तयार गरी मन्त्रीस्तरबाट स्वीकृत गरी जारी गर्ने। यो कार्यविधि सबै परीक्षा निकाय (राष्ट्रिय परीक्षा बोर्ड, विश्वविद्यालय, लोक सेवा आयोग, आदि) र शैक्षिक संस्थाहरूका लागि बाध्यकारी हुनुपर्नेछ।

२. राष्ट्रिय अनुगमन समितिको गठन: कार्यविधिको प्रभावकारी कार्यान्वयन, अनुगमन, र नियमन गर्न मन्त्रालयको नेतृत्वमा एक उच्च-स्तरीय "राष्ट्रिय पहुँचयुक्त मूल्याङ्कन अनुगमन समिति" गठन गर्ने । समितिमा राष्ट्रिय परीक्षा बोर्ड, विश्वविद्यालय अनुदान आयोग, पाठ्यक्रम विकास केन्द्र, अपाङ्गता भएका व्यक्तिका राष्ट्रिय महासंघ, तथा दृष्टिविहीनताको क्षेत्रमा कार्यरत विशेषज्ञ संस्थाका प्रतिनिधि अनिवार्य रूपमा समावेश हुनुपर्नेछ।

मध्यकालीन (१-३ वर्ष)

१. बजेट सुनिश्चितता: पहुँचयुक्त मूल्याङ्कन प्रणालीको कार्यान्वयन (जस्तै: पहुँचयुक्तता एकाइको सञ्चालन, प्रविधि खरिद, मानव स्रोत विकास, सामग्री उत्पादन) का लागि आवश्यक पर्ने वित्तीय स्रोत सुनिश्चित गर्न राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय गरी वार्षिक बजेटमा छुट्टै शीर्षकमा पर्याप्त रकम विनियोजन गर्ने व्यवस्था मिलाउने।

२. प्रदेशसँग समन्वय: प्रदेश सरकारका सामाजिक विकास मन्त्रालयसँग समन्वय गरी प्रदेश लोक सेवा आयोग, शिक्षक लाइसेन्स, र अन्य प्रदेशस्तरीय परीक्षा तथा मूल्याङ्कनमा समेत संघीय कार्यविधिमा आधारित पहुँचयुक्तताका मापदण्ड लागु गर्न सहजीकरण र प्राविधिक सहयोग प्रदान गर्ने ।

३.आगामी शिक्षा योजनाको तयारी गर्दा समावेशी शिक्षा र पहुँचयुक्त मूल्याङ्कनलाई प्राथमिकतासहित समावेश गर्ने ।

दीर्घकालीन (३-५ वर्ष)

१. ऐन संशोधनको पहल: "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४" मा पहुँचयुक्त मूल्याङ्कन सम्बन्धी प्रावधानलाई थप विशिष्ट, विस्तृत र बाध्यकारी बनाउन आवश्यक संशोधनको प्रकृया अगाडि बढाउने ।

६.२ पाठ्यक्रम विकास केन्द्र (CDC) तथा का लागि सिफारिस

अल्पकालीन (१ वर्षभित्र)

१. UDL-आधारित पाठ्यक्रम विकास: पाठ्यक्रम र पाठ्यपुस्तकको विकास वा परिमार्जन गर्दा सिकाइको सर्वांकुलित डिजाइन (UDL) तथा मुल्यांकनको सर्वांकुलित ढाँचा (UDA) का सिद्धान्तलाई अनिवार्य रूपमा अवलम्बन गर्न एक स्पष्ट निर्देशिका जारी गर्ने ।

२. पाठ्यपुस्तक प्रकाशकले छापा संस्करण सार्वजनिक गरेकै मितिमा अनिवार्य रूपमा पहुँचयुक्त डिजिटल संस्करण (जस्तै: Structured DOCX, EPUB3) उपलब्ध गराउनुपर्ने प्रावधान राखी मात्र पाठ्यपुस्तक स्वीकृति दिने प्रकृयामा कडाइ गर्ने । पहुँचयुक्त संस्करण उपलब्ध नगराउने प्रकाशकको सामग्रीलाई स्वीकृति प्रदान नगर्ने ।

मध्यकालीन (१-३ वर्ष)

१. राष्ट्रिय प्रश्न बैंकको विकास: सबै विषयका चित्रात्मक, नक्सात्मक, र ज्यामितीय सामग्रीका लागि मानकीकृत स्पर्शीय रेखाचित्र (Tactile Graphics) को डिजाइन र वैकल्पिक प्रश्नहरूको एक राष्ट्रिय "प्रश्न बैंक" विकास गर्ने ।

२. ब्रेल कोडको मानकीकरण: नेपाली देवनागरी ब्रेल र गणित तथा विज्ञानका लागि प्रयोग हुने नेमेथ कोडको मानकीकृत निर्देशिका विकास गरी प्रकाशन गर्ने र यसलाई अन्तराष्ट्रिय अभ्यासअनुसार समय-समयमा अद्यावधिक गर्ने ।

दीर्घकालीन (३-५ वर्ष)

१. राष्ट्रिय पाठ्यक्रम प्रारुपको आवधिक समीक्षा गर्दा मूल्याङ्कनको पहुँचयुक्तता र UDA का सिद्धान्तलाई पाठ्यक्रमको अभिन्न अङ्गको रूपमा समावेश गर्ने ।

६.३ शिक्षा तथा मानव स्रोत विकास केन्द्र (CEHRD) का लागि सिफारिस

अल्पकालीन (१ वर्षभित्र)

१. मानकीकृत तालिम प्याकेजको विकास: शिक्षक, विद्यालय निरीक्षक, स्रोत व्यक्ति, र स्थानीय तहका शिक्षा अधिकारीका लागि पहुँचयुक्त मूल्याङ्कनका विभिन्न माध्यम (ब्रेल, लेखन सहयोगीको सही प्रयोग, कम्प्युटर), सहायक प्रविधि, र UDA/UDL सिद्धान्तबारे एक मानकीकृत तालिम प्याकेज विकास गरी कार्यान्वयन सुरु गर्ने ।

मध्यकालीन (१-३ वर्ष)

१. विशेषज्ञ तालिमको सञ्चालन: विशेष शिक्षक र स्रोत व्यक्तिका लागि नेमेथ कोड, स्पर्शीय रेखाचित्र निर्माण, र पहुँचयुक्त डिजिटल सामग्री निर्माण सम्बन्धी गहन (Advanced) तालिम सञ्चालन गर्ने ।

२. पहुँचयुक्त सामग्री उत्पादन केन्द्र: स्थानीय स्तरमा ब्रेल, ठूलो छापा र डिजिटल सामग्री उत्पादन गर्न सहयोग पुर्याउने गरी प्रत्येक प्रदेशमा कम्तीमा एक "पहुँचयुक्त शैक्षिक सामग्री उत्पादन तथा तालिम केन्द्र" स्थापना गर्न पहल गर्ने ।

३. UDL को सिद्दान्त अनुरुप ब्रेल अनुलेखनलगायत दृष्टिविहीनमैत्री परिक्षा सञ्चालनका लागी सीपयुक्त दक्ष जनशक्ती उत्पादन गर्न डिप्लोमा/प्रमाणपत्र तहमा पाठ्यक्रम निर्माण गर्ने । Braille अनुवादक, दृष्टिविहीन शिक्षा परामर्शदाता तथा सहायक शिक्षक उत्पादन गर्ने उद्देश्यसहित विभिन्न विश्वविद्यालयसंगको सहकार्यमा क्रेडिट कोर्स सञ्चालन गर्ने ।

दीर्घकालीन (३-५ वर्ष)

१. शिक्षक सेवा आयोगसँगको समन्वयमा शिक्षकको पेशागत विकास तालिम (TPD) र विश्वविद्यालयका शिक्षा शास्त्र संकायका पाठ्यक्रममा समावेशी शिक्षा र पहुँचयुक्त मूल्याङ्कनलाई अनिवार्य विषयको रूपमा स्थायी रूपमा समावेश गर्न पहल गर्ने ।
२. विश्वविद्यालयसंगको सहकार्यमा दृष्टिविहीन शिक्षा परिक्षा अनुसन्धान नमूना कार्यक्रम संचालन गरी ब्रेलमा दक्ष जनशक्ती उत्पादन गर्ने योजनाबद्द रणनीति तय गर्ने ।

६.४ राष्ट्रिय परीक्षा बोर्ड (NEB) का लागि सिफारिस

अल्पकालीन (१ वर्षभित्र)

१. पहुँचयुक्तता एकाइको स्थापना: बोर्डमा तत्काल एक अधिकारसम्पन्न "पहुँचयुक्तता एकाइ" स्थापना गरी प्रमुख पहुँचयुक्तता अधिकृत र आवश्यक कर्मचारी (प्राविधिक र प्रशासनिक) नियुक्त गर्ने।

२. मानव सहायता बैंकको प्रारम्भ: तालिमप्राप्त लेखन सहयोगी, मानव वाचक र अनुलेखकको व्यावसायिक रोस्टर सहितको "मानव सहायता बैंक" को प्रारम्भिक चरण स्थापना गर्ने र बोर्ड स्तरीय परिक्षामा उनीहरूको पारिश्रमिक बोर्डले नै व्यहोर्ने व्यवस्था मिलाउने।

३. वैकल्पिक प्रश्नको तत्काल व्यवस्था: हालको माध्यमिक शिक्षा परीक्षा (SEE)मा उपलब्ध गराइएको चित्रात्मक, नक्सात्मक र ग्राफ-आधारित प्रश्नहरूको दायरा बृद्धि गरी कक्षा ११/ १२ को परीक्षामा सबै विषयका चित्रात्मक, नक्सात्मक र ग्राफ-आधारित प्रश्नको लागि अनिवार्य रूपमा समान कठिनाइ स्तरको वैकल्पिक प्रश्नको व्यवस्था गर्ने तथा यसलाई विद्यालयका सम्पुर्ण निर्माणात्मक तथा निर्णयात्मक परिक्षामा लागु गर्न आवश्यक पहल लिने।

मध्यकालीन (१-३ वर्ष)

१. कम्प्युटर-आधारित परीक्षाको पाइलटिङ: कम्प्युटरमा आधारित परिक्षा हुनुपर्ने परिक्षार्थीको माग लाई सम्बोधन गर्न, कम्तीमा केही प्रमुख सहरमा SEE र कक्षा १२ को परीक्षाका लागि कम्प्युटरमार्फत परिक्षा दिन चाहाने विद्यार्थीका हकमा कम्प्युटर-आधारित परीक्षा (CBA) को पाइलटिङ गर्ने।

२. ब्रेल प्रणालीको केन्द्रीकरण र व्यावसायिकरण: ब्रेल प्रश्नपत्र उत्पादन, प्याकेजिङ, वितरण, र उत्तरपुस्तिकाको गोप्य अनुलेखन प्रणालीलाई पूर्णतः केन्द्रीकृत, मानकीकृत र व्यावसायिक बनाउने।

३. परीक्षा माध्यम छनोटको व्यवस्था: परीक्षा आवेदन फारममा नै विद्यार्थीले आफूले परीक्षा दिन चाहेको माध्यम (ब्रेल, ठूलो छापा, कम्प्युटर, लेखन सहयोगी) बारे उल्लेख गर्न पाउने व्यवस्था गर्ने।

दीर्घकालीन (३-५ वर्ष)

१. सिकाइको सर्वांकुलित ढाँचाको सिद्दान्तअनुरुप पाइलटिङको सफलता र पूर्वाधार विकासको आधारमा सबै परीक्षालाई बहु-माध्यम (Multi-Modal) मा उपलब्ध गराउने, र क्रमश कम्प्युटर-आधारित परीक्षालाई प्रमुख, विश्वसनीय र स्वतन्त्र विकल्पको रूपमा स्थापित गर्न प्रोत्साहन गर्ने।

२. विद्यालय (कक्षा ८, १०, १२) र माथिल्लो शिक्षा (विश्वविद्यालय प्रवेश, तालिम र अन्य प्रतिस्पर्धात्मक परीक्षा) का सबै स्तरका परीक्षामा Braille र पहुँचयुक्त माध्यम अनिवार्य गर्ने। तदनुसार Braille प्रश्नपत्र जारी गर्ने, डिजिटली अनुकूलित मूल्याङ्कन प्रणाली सञ्चालन गर्ने र दृष्टिविहीन विद्यार्थीले आफ्नो वास्तविक क्षमता प्रदर्शन गर्न सक्ने गरी मूल्याङ्कन सुनिश्चित हुने ब्यवस्था मिलाउने।

६.५ स्थानीय सरकार (गाउँपालिका/नगरपालिका) का लागि सिफारिस

अल्पकालीन (१ वर्षभित्र)

१. आधारभूत तहको परीक्षामा तत्काल सुधार: स्थानीय तहमा सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) र अन्य आन्तरिक परीक्षामा दृष्टिविहीन विद्यार्थीका लागि लेखन सहयोगी, मानकीकृत अतिरिक्त समय, र चित्रात्मक प्रश्नको सट्टा वैकल्पिक प्रश्नको व्यवस्था अनिवार्य गर्न सबै विद्यालयलाई तत्काल निर्देशन दिने र त्यसका लागी आवश्यक सम्पुर्ण स्रोत साधनको ब्यवस्थापन गर्ने।

२. स्रोत शिक्षकको परिचालन: आफ्नो क्षेत्रभित्रका स्रोत शिक्षकलाई दृष्टिविहीन विद्यार्थीको मूल्याङ्कन सहजीकरण, पहुँचयुक्त सामग्री निर्माण, र अन्य शिक्षकलाई अभिमुखीकरण गराउन सक्रिय रूपमा परिचालन गर्ने।

मध्यकालीन (१-३ वर्ष)

१. सहायक प्रविधिमा लगानी: स्थानीय शिक्षा योजना तथा वार्षिक बजेटमा समावेशी विद्यालय वा स्रोत कक्षाका लागि कम्प्युटर, स्क्रिन रिडर सफ्टवेयर, र ब्रेल स्लेट जस्ता आधारभूत सहायक प्रविधि खरिद गर्न अनुदानको व्यवस्था गर्ने।

२. शिक्षक क्षमता विकास: CEHRD र अन्य निकायद्वारा सञ्चालित पहुँचयुक्त मूल्याङ्कन सम्बन्धी तालिमहरूमा आफ्नो क्षेत्रका शिक्षकहरूलाई अनिवार्य रूपमा पठाउने व्यवस्था मिलाउने।

दीर्घकालीन (३-५ वर्ष)

१. स्थानीय शिक्षा ऐनमा समावेश: स्थानीय शिक्षा ऐन/नियम तर्जुमा गर्दा "अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४" र दृष्टिविहीन-मैत्री मूल्याङ्कन प्रणाली सञ्चालनका ब्यवस्थालाई अनिवार्य रूपमा समावेश गरी स्थानीय स्तरमा कार्यान्वयनलाई बाध्यकारी बनाउने।

अध्याय-७

सारांश

नेपालमा माध्यमिक तथा उच्च शिक्षा तहमा अध्ययनरत दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थी को शैक्षिक मूल्याङ्कनको वर्तमान अवस्था, अभ्यास एवं अबरोधको विश्लेषण गरी यसका चुनौती र सुधारका सम्भावनामा केन्द्रित रही राष्ट्रिय एवं अन्तराष्ट्रिय असल अभ्यासको अभिलेखिकरण गर्ने , सिकाइको सर्वाङ्कुलित ढाँचा (Universal Design for Learning - UDL) को सिद्धान्तमा आधारित व्यावहारिक र कार्यान्वयनयोग्य "दृष्टिविहीन-मैत्री मूल्याङ्कन प्रणाली" को नमूना मापदण्ड र नीतिगत प्रारुप प्रस्ताव तयार पार्ने उद्देश्यले यो अध्ययन सम्पन्न गरिएको हो । शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा रहेको मूल्याङ्कन प्रकृयाले विद्यार्थीको शैक्षिक प्रगति परीक्षण गर्ने, उनीहरूको प्रतिभा पहिचान गर्ने र शिक्षकलाई उत्तम शिक्षण रणनीति बनाउन सहयोग गर्ने भए तापनि, नेपालको विद्यमान परीक्षा प्रणाली दृष्टिविहीन तथा न्यून दृष्टियुक्त विद्यार्थीका लागि समावेशी, पहुँचयुक्त र अनुकूल बन्न नसकेको देखिन्छ।

यस अध्ययनका लागि मिश्रित विधिको अवलम्वन गरिएको थियो, जसमा पुर्वकार्यको समिक्षा, बिभिन्न लेख, रचना, तथा जर्नलमा प्रकाशित अनुसन्धान प्रतिवेदनको विवेचना गरिएको थियो। यस्तै, विभिन्न विद्यालय र तहमा अध्ययनरत २६ जना दृष्टिविहीन परीक्षार्थीसँग तीनवटा छुट्टाछुट्टै लक्षित समूह छलफल सञ्चालन गरिएको थियो भने ५३ जना (३५ पूर्ण दृष्टिविहीन र १८ न्यून दृष्टियुक्त) परीक्षार्थीको सहभागितामा एक अनलाइन सर्वेक्षण तथा समावेशी शिक्षाको क्षेत्रमा कार्यरत बिभिन्न व्यक्ति संग अन्तर्वार्ता तथा छलफल पनि गरिएको थियो।

परम्परागत मूल्याङ्कनमा आधारित सबै विद्यार्थीलाई एउटै तौरतरिकामा परिक्षण गर्ने प्रवृत्तिले व्यक्तिगत आवश्यकता, विशेषतः दृष्टिविहीन विद्यार्थीका पहुँचयुक्तता र उपयुक्त अनुकुलताको अधिकारलाई उपेक्षा गरेको देखिन्छ। यसले अपाङ्गता भएका विद्यार्थी लाई प्रणालीगत तथा संस्थागत विभेदमा पारिरहेको छ। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी दस्तावेज , जस्तै नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र नियमावली २०७७, अपांगता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि आदिले समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा र मूल्याङ्कनमा उपयुक्त अनुकुलताको हक सुनिश्चित गरे तापनि व्यवहारमा उल्लेखित प्रावधानको कार्यान्वयन अत्यन्त फितलो रहेको र परीक्षा प्रणालीले नै उनीहरू विरुद्ध प्रणालीगत विभेद

कायम राखेको देखिन्छ। शिक्षा नियमावलीमा अझै पनि भेदभावपूर्ण शब्दावली प्रयोग हुनु, अतिरिक्त समय दिने कानूनी व्यवस्था भए पनि व्यवहारमा कार्यान्वयन नहुनु, लेखन सहयोगीको व्यवस्थापनमा अस्पष्टता हुनु र मूल्याङ्कनका वैकल्पिक विधि संस्थागत नहुनुजस्ता कमजोरी विद्यमान छन्। राष्ट्रिय शिक्षा नीतिले समावेशी मूल्याङ्कनलाई नीति तहमा अंगीकार गरे पनि पाठ्यक्रम, परीक्षा संरचना र मूल्याङ्कन प्रणालीमा पर्याप्त सुधार हुन सकेको छैन।

अध्ययनबाट प्राप्त नतिजाले दृष्टिविहीन विद्यार्थी ले परीक्षाका क्रममा भोग्नुपरेका बहुआयामिक र गम्भीर चुनौती लाई सतहमा ल्याएको छ। हाल नेपालमा विद्यालय तथा विश्वविद्यालय तहमा दृष्टिविहीन विद्यार्थीका लागि मूलतः मौखिक, ब्रेल, लेखन सहयोगी र कम्प्युटरमा आधारित गरी चार प्रकारका मूल्याङ्कन विधि प्रचलनमा रहेको पाइएको छ। यद्यपि, यी विधि को कार्यान्वयनमा एकरूपता, मानकीकरण र पहुँचयुक्तताको चरम अभाव देखिन्छ। दृष्टिविहीन विद्यार्थीलाई परिक्षाका निम्ति केवल लेखन सहयोगीमा सीमित गर्नु र स्वयंले आत्म निर्भरतापुर्वक लेख्न सक्ने वातावरणबाट बर्जित गर्नु, ब्रेल, अडियो वा डिजिटल प्रविधिको प्रयोगलाई औपचारिक मान्यता नदिनु र मूल्याङ्कन प्रकृयामा व्यक्तिगत आवश्यकतालाई सम्बोधन नगर्नु जस्ता समस्या रहेका देखिन्छन्।

माध्यमिक शिक्षा परीक्षा (SEE) र कक्षा १२ तथा उच्च शिक्षा का निर्णयात्मक परीक्षामा लेखन सहयोगीको प्रयोग नै एक मात्र विकल्पको रूपमा बाध्यकारी रहँदा यसले कैयौँ समस्या सिर्जना गरेको छ। सर्वेक्षणमा सहभागी अधिकांश परीक्षार्थीले लेखन सहयोगीमार्फत दिइने परीक्षाले आफ्नो वास्तविक क्षमताको सही मापन गर्न नसक्ने धारणा व्यक्त गरेका छन्। यसका पछाडि अनेक कारण छन्, जसमा आफूभन्दा तल्लो कक्षाका लेखन सहयोगी उपलब्ध गराइँदा उनीहरूले भनेअनुसार छिटो र शुद्ध लेख्न नसक्नु , लेखन सहयोगीले जटिल शब्द र विषयवस्तु नबुझ्नु , लामो उत्तर लेख्न झन्झट मान्नु , र कतिपय अवस्थामा परीक्षार्थीको उत्तर इन्कार गरी आफ्नै तरिकाले उत्तर लेखिदिनु जस्ता गम्भीर समस्या रहेका छन्। यसबाहेक, लेखन सहयोगी खोज्ने, प्रमाणित गर्ने र उसलाई पारिश्रमिक उपलब्ध गराउने सम्पूर्ण आर्थिक र प्रकृयागत झन्झट विद्यार्थी आफैँले व्यहोर्नुपर्ने अवस्थाले उनीहरूमाथि थप मनोवैज्ञानिक र आर्थिक भार थपेको छ। शिक्षक र सहपाठी बाट "परीक्षा तँलाई राइटरले पास गराइदिने हो" जस्ता लाञ्छनापूर्ण र अपमानजनक व्यवहार सहनुपर्दा उनीहरूको आत्मसम्मानमा गहिरो चोट पुगेको देखिन्छ।

विद्यालय तहका आन्तरिक परीक्षा मा प्रयोग हुने ब्रेल लिपिमा आधारित परीक्षा प्रणाली पनि उत्तिकै चुनौतीपूर्ण छ। अधिकांश विद्यालयमा ब्रेल प्रिन्टर एवं अनुवादक नहुने, ब्रेलमा प्रश्नपत्र उपलब्ध

नगराइने, मानव वाचकले प्रश्न पढेर सुनाउनुपर्ने र एउटै कक्षामा धेरै परीक्षार्थी हुँदा कोलाहलपूर्ण वातावरण सिर्जना हुने गरेको पाइयो । ब्रेलमा छापिएका प्रश्नपत्र पनि अत्यन्त अशुद्ध र अस्पष्ट हुने, गणित तथा विज्ञानका सङ्केत लेख्न र जाँच गर्न कठिनाइ हुने, र ब्रेल उत्तरपुस्तिका परीक्षण गर्ने कुनै मानकीकृत र गोप्य विधि नहुँदा कहिलेकाही अन्य विद्यार्थीलाई नै उत्तरपुस्तिका पढ्न लगाएर परीक्षण गराउने जस्ता अत्यन्तै गैर-व्यावसायिक र गोपनीयता भङ्ग हुने अभ्यास समेत रहेको पाइयो । यी परम्परागत विधि को तुलनामा, प्रविधिमा आधारित कम्प्युटरद्वारा दिइने परीक्षालाई विद्यार्थी ले अत्यधिक रुचाइएको पाइएको छ । सर्वेक्षणमा सहभागी ९२ प्रतिशतभन्दा बढीले पर्याप्त तालिम पाएमा कम्प्युटर प्रयोग गरी परीक्षा दिन इच्छुक रहेको बताएका छन् । उनीहरूका अनुसार कम्प्युटर-आधारित परीक्षाले स्वतन्त्र रूपमा परीक्षा दिन पाइने, आफ्नो उत्तर आफै सम्पादन गर्न सकिने, गोपनीयता कायम हुने र लेखन गति छिटो हुने जस्ता फाइदा प्रदान गर्दछ । यद्यपि, विद्यालय मा पर्याप्त कम्प्युटरको अभाव, तालिमको कमी, र भरपर्दो बिजुली तथा इन्टरनेटको समस्या यसको कार्यान्वयनमा प्रमुख चुनौतीको रूपमा देखिएको छ । अतिरिक्त समयको व्यवस्थामा एकरूपता नहुनु, चित्रात्मक र ज्यामितीय प्रश्न को सट्टामा वैकल्पिक प्रश्नको व्यवस्था केही सीमित परीक्षा (जस्तै SEE) बाहेक अन्यमा नहुनु, र न्यून दृष्टियुक्त विद्यार्थीका लागि ठूलो छापा वा उपयुक्त प्रकाशको व्यवस्था नगरिनु जस्ता समस्या पनि व्याप्त छन् ।

नेपालको मूल्याङ्कन पद्दतीमा प्रणालीगत सुधारको आवश्यकता भए तापनि केही विद्यालय तथा निकाय ले सकारात्मक अभ्यास को सुरुवात गरेका छन् । पूर्वाञ्चल ज्ञानचक्षु विद्यालयले आफ्ना सबै दृष्टिविहीन विद्यार्थीका लागि आन्तरिक परीक्षा कम्प्युटर प्रणालीबाट लिन सुरु गरेको छ, भने काठमाण्डौं विश्वविद्यालयले सन् २०२१ देखि नै सेमेस्टरको अन्तिममा लिइने बोर्ड परीक्षामा यो सुविधा दिँदै आएजि आएको छ। यद्यपी यो राष्ट्रिय स्तरमा संस्थागत भने भएको पाइँदैन । ज्ञानचक्षु विद्यालयले परीक्षाभन्दा केही समय अघिदेखि लेखन सहयोगी विद्यार्थीलाई तालिम दिने अभ्यास गरेको छ । पाल्पाको दमकडा नमुना माध्यमिक विद्यालयले दृष्टिविहीन विद्यार्थीलाई प्रयोगात्मक परीक्षामा सक्रिय रूपमा सहभागी गराउने र परीक्षामा निर्धारित समयको ५० प्रतिशत अतिरिक्त समय उपलब्ध गराउने उदाहरणीय अभ्यास गरेको छ । ल्याब्रेटोरी मावि लगायतका विद्यालयमा ब्रेल अनुवादक पनि रहेको पाइयो। स्थानीय स्तरमा ललितपुर महानगरपालिका एवं राष्ट्रिय स्तरमा, राष्ट्रिय परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (SEE) मा चित्रात्मक तथा ज्यामितीय प्रश्न को सट्टामा समान ज्ञान परीक्षण गर्ने वैकल्पिक प्रश्न को व्यवस्था गरेको देखिन्छ। आदर्श मा.वि. अमर सिंह नमुना मावि. लगायतमा पनि

कम्प्युटर आधारित परिक्षामा जोड दिन थालिएको छ। अमर सिंह मावि मा कम्प्युटर प्रशिक्षण कार्यलाई तीब्रतापुर्वक अगाडी बढाइएको देखिन्छ [74]।

संयुक्त राज्य अमेरिकामा 'अमेमरकन्स विथ डिसेबिलिटिज एक्ट (ADA)' र 'इन्डिभिजुअल्स विथ डिसेबिलिटिज एजुकेसन एक्ट (IDEA)' जस्ता संघीय कानूनले परीक्षाको परिणामले विद्यार्थीको अपाङ्गतालाई नभई उसको वास्तविक ज्ञान र योग्यतालाई प्रतिबिम्बित गर्नुपर्ने कुरा सुनिश्चित गरेको देखिन्छ। भारतमा सर्वोच्च अदालतको आदेशपश्चात सहयोगी लेखक (Scribe) सम्बन्धी विस्तृत र प्रगतिशील दिशानिर्देश जारी गरिएको छ, जसमा परीक्षार्थीलाई आफ्नो लेखक आफैँ छनोट गर्ने अधिकार दिने, लेखकको योग्यता परीक्षार्थीको भन्दा एक तह मुनिको हुनुपर्ने प्रावधान राख्ने, र प्रतिघण्टा न्यूनतम २० मिनेट क्षतिपूर्ति समय प्रदान गर्ने जस्ता स्पष्ट व्यवस्था छन्। संयुक्त अधिराज्य (बेलायत) मा परीक्षा बोर्ड ले ठूलो छापा, ब्रेल, स्पर्शीय रेखाचित्र (Tactile Graphics) र स्क्रिन रिडर प्रयोगकर्ताका लागि विद्युतीय (PDF) संस्करण जस्ता अनुकुलित ढाँचामा प्रश्नपत्र उपलब्ध गराउने पाइन्छ। अतिरिक्त समय प्रदान गर्ने अभ्यास विश्वव्यापी रूपमा भएपनि अभ्यासको स्तरमा भिन्नता रहेको देखिन्छ। जस्तै नेदरल्याण्ड्समा आवश्यकताअनुसार १००% सम्म थप समय दिइन्छ भने आयरल्याण्डमा ३३% सम्म अतिरिक्त समय उपलब्ध गराइन्छ।

यस प्रतिवेदनले सिकाइको सर्वाकुलित ढाँचा एवं मुल्यांकनको सर्वाकुलित ढाँचा (UDL & UDA)मा आधारित भइ "दृष्टिविहीन-मैत्री मूल्याङ्कन प्रणाली सम्बन्धी नमुना फ्रेमवर्क" प्रस्ताव गरेको छ। यसका केही प्रमुख प्रस्तावमा परीक्षार्थीलाई आफ्नो सहजताअनुसार परीक्षाको माध्यम (ब्रेल, ठूलो छापा, कम्प्युटर, वा लेखन सहयोगी) छनोट गर्ने पूर्ण अधिकार प्रदान गरिनुपर्ने कुरालाई जोड दिइएको छ। लेखन सहयोगीको समस्यालाई स्थायी रूपमा समाधान गर्न, हरेक परीक्षा निकाय (जस्तै राष्ट्रिय परीक्षा बोर्ड) ले "पहुँचयुक्तता एकाइ" (Accessibility Unit) स्थापना गरी तालिमप्राप्त र व्यावसायिक लेखन सहयोगी को "मानव सहायता बैंक" (Human Support Bank) सञ्चालन गर्नुपर्ने र त्यसको सम्पूर्ण व्यवस्थापकीय तथा आर्थिक दायित्व निकाय आफैँले लिनुपर्ने सिफारिस गरिएको छ। फ्रेमवर्कले सबै प्रकारका परीक्षामा प्रति घण्टा न्यूनतम २० मिनेटको दरले मानकीकृत अतिरिक्त समय स्वतः प्रदान गर्नुपर्ने , चित्रात्मक वा दृश्यात्मक सामग्रीमा आधारित सबै प्रश्नको लागि मुल संरचना (construct) परिवर्तन नहुने गरी समान कठिनाइ स्तरको वैकल्पिक प्रश्न अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने, र कम्प्युटर-आधारित परीक्षालाई एक सुरक्षित, विश्वसनीय र स्वतन्त्र विकल्पको रूपमा विकास गर्न

74 पौडेल, अ. (2082, भाद्र 1). दृष्टिविहीनको डिजिटल पढाइ. कान्तिपुर दैनिक. Retrieved from https://ekantipur.com/gandaki-pradesh/2025/08/17/digital-reading-of-the-blind-11-48.html

चाल्नुपर्ने कदम निर्धारण गरेको छ। यसका लागि डिजिटल पहुँचयुक्तताको मापदण्ड (WCAG 2.1 AA) पालना गर्ने, नमुना परीक्षाको व्यवस्था गर्ने, र प्राविधिक समस्या समाधानको सुनिश्चितता गर्ने जस्ता विस्तृत प्रावधान समेटिएका छन्। साथै, ब्रेल प्रश्नपत्रको गुणस्तर, गणितका लागि नेमेथ कोड एवं टेलर्ड फ्रेमको प्रयोग, स्पर्शीय रेखाचित्रको उत्पादन, प्रयोगात्मक परीक्षाको अनुकूलन, र पहुँचयुक्त ढाँचामा नतिजा प्रकाशन जस्ता विषयमा समेत स्पष्ट मापदण्ड प्रस्तावित गरिएको छ। अन्तमा, प्रतिवेदनले यी सुधार लाई कार्यान्वयनमा ल्याउन शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, र स्थानीय सरकार जस्ता सरोकारवाला निकाय का लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा गर्नुपर्ने कार्यमूलक र स्पष्ट सिफारिस समेत प्रस्तुत गरेको छ।

निष्कर्षतः सिकाइ तथा मुल्यांकनको सर्वाङ्कुलित ढाँचा (Universal Design for learning and Assessment) मा आधारित मूल्याङ्कन प्रणाली विकास गर्न, दृष्टिविहीन विद्यार्थीका लागि ब्रेल, अडियो र डिजिटल ढाँचालाई औपचारिक रूपमा लागु गर्न, लेखन सहयोगी र मानव वाचक प्रणालीलाई पारदर्शी र गुणस्तरीय बनाउन, अतिरिक्त समय, परीक्षा स्थलको पहुँच, तथा सहायक प्रविधि प्रयोग सुनिश्चित गर्न अत्यावश्यक देखिन्छ। साथै, विद्यार्थीको आत्मसम्मान र गोपनीयता सुरक्षित हुने वातावरणमा मात्र मूल्याङ्कन हुनुपर्ने, र अपाङ्गता भएका विद्यार्थी को सक्रिय सहभागिता बिना नीति निर्माण र कार्यान्वयन अधूरो रहने देखिन्छ। शिक्षा क्षेत्रमा न्यायोचित, पहुँचयुक्त र समावेशी मूल्याङ्कन प्रणाली निर्माणको आवश्यकता परिपुर्तीका लागी नीति–निर्माता, विद्यालय, शिक्षक, अभिभावक र स्वयं विद्यार्थीको बहुपक्षीय भुमिका हुने देखिन्छ। यस प्रतिवेदनमा प्रस्तावित परिक्षा सम्बन्धी मापदण्डको सफल कार्यान्वयनले नेपालको मूल्याङ्कन प्रणालीलाई साँच्चिकै समावेशी र न्यायोचित बनाउने दिशामा महत्त्वपूर्ण योगदान पुर्याउने अपेक्षा गरिएको छ।

अध्याय-८

सन्दर्भ सामग्री

Allman, C. (2009). Making tests accessible for students with visual impairments: A guide for test publishers, test developers, and state assessment personnel (4th ed.). American Printing House for the Blind.

Bantekas, I., Stein, M. A., & Anastasiou, D. (2018). The UN Convention on the Rights of Persons with Disabilities: A commentary. Oxford University Press.

Burgstahler, S. (2015). Universal design in higher education: From principles to practice (2nd ed.). Harvard Education Press.

CAST. (2018). Universal Design for Learning guidelines version 2.2. http://udlguidelines.cast.org

Committee on the Rights of Persons with Disabilities. (2014). General comment No. 2 on accessibility, CRPD/C/GC/2. https://digitallibrary.un.org/record/778138

Committee on the Rights of Persons with Disabilities. (2016). General comment No. 4 (2016) on the right to inclusive education, CRPD/C/GC/4, para. 31. https://digitallibrary.un.org/record/1313836/files/CRPD_C_GC_4-EN.pdf

Diasse, M. D., & Kawai, N. (2024). Evidence-based practices for students with visual impairments in regular settings: An integrated review. International Journal of Special Education, 39(2), 75-86. https://doi.org/10.52291/ijse.2024.39.23

Douglas, G., McLinden, M., & McCall, S. (2019). Access to print literacy for children and young people with visual impairment: Findings from a systematic literature review. European Journal of Special Needs Education, 34(1), 25-38.

Hanushek, E. A., Kain, J. F., & Rivkin, S. G. (2003). New evidence about Brown v. Board of Education: The complex effects of school racial composition on achievement. Journal of Labor Economics, 27(3), 349-383.

Harley, R. K., Truan, M. B., & Sanford, L. D. (2010). Communication skills for visually impaired learners: Braille, print, and listening skills for students who are visually impaired (2nd ed.). Charles C Thomas Publisher.

Human Rights Watch. (2018, September 13). Nepal: Barriers to inclusive education. https://www.hrw.org/news/2018/09/13/nepal-barriers-inclusive-education

Iqbal, K., Ashraf, S., Shaheen, S. & Ashfaq, A. (2024). Exploring Equity in Existing Assessment Practices for Visually Impaired Students at Higher Education Level. Sustainable Business and Society in Emerging Economies, 6 (1), 29-42. DOI: https://doi.org/10.26710/sbsee.v6i1.2904

Jonathan, L. (2010). Assessment in education: Principles, policy and practice. Routledge.

Kansakar, I. (2009). Causes of vision impairment and assessment of need for low vision rehabilitation services in students of blind schools in Nepal. Nepal Medical College Journal, 11(4), 234-237.

Koutsoklenis, A., Papadopoulos, K., & Montgomery, D. (2009). University examination system for students with visual impairments. Computers & Education, 53(3), 648-655.

Lamichhane, Kamal, Disability and barriers to education: Evidence from Nepal. Scandinavian Journal of Disability Research, 15(4), 311-324, (2013). https://doi.org/10.1080/15017419.2012.703969

Lazar, J. (2019). The use of screen reader accommodations by blind students in standardized testing: A legal and socio-technical framework. The Journal of Law and Education, 48(2), 185-225.

Lorimer, P. (1996). A systematic approach to teaching braille contractions. Journal of Visual Impairment & Blindness, 90(4), 312-318.

Maćkowski, M., Brzoza, P., & Spinczyk, D. (2022). Accessible tutoring platform using audio-tactile graphics for people with blindness. Sensors, 22(22), 8705. https://doi.org/10.3390/s22228705

Mallik, P., & Mishra, S. (2021). Evaluation practices of visually impaired students at elementary school level teacher perception. Solid State Technology, 64(2). https://www.researchgate.net/publication/351657253

Meyer, A., Rose, D. H., & Gordon, D. (2014). Universal Design for Learning: Theory and practice. CAST Professional Publishing.

Muyoma, S. N. (2019). Grade twelve national examination assessments practices for learners with visual impairments in selected schools in Mwense and Lusaka districts, Zambia. The University of Zambia.

National Center on Educational Outcomes. (2016). Seven elements of universally designed assessments. University of Minnesota.

Nepal Government. (2017). The Act Relating to Rights of Persons with Disabilities, 2074 (2017). Nepal Law Commission. https://www.lawcommission.gov.np/en/archives/category/documents/prevailing-law/statutes-acts/disability-rights-act-2074

Papadopoulos, K., Koustriava, E., & Kourtessis, T. (2014). University examination system for students with visual impairments. Lecture Notes in Computer Science, 8547, 423-430. https://doi.org/10.1007/978-3-319-07440-5_39

Parveen, Z., Khan, M. A., & Shah, S. A. (2024). Exploring the accessible modes used by students with visual impairment in examination: A systematic review. Pakistan Social Sciences Review, 8(2), 456-469.

Rao, K., Ok, M. W., & Bryant, B. R. (2014). A review of research on universal design educational models. Remedial and Special Education, 35(3), 153-166.

Salvia, J., & Ysseldyke, J. E. (2009). Assessment in special and inclusive education (11th ed.). Cengage Learning.

SARAH NDUME MUYOMA, GRADE TWELVE NATIONAL EXAMINATION ASSESSMENTS PRACTICES FOR LEARNERS WITH VISUAL IMPAIRMENTS IN SELECTED SCHOOLS IN MWENSE AND LUSAKA DISTRICTS, ZAMBIA, The University of Zambia, 2019, P. 27

Stringer, E. T. (2013). Action research (4th ed.). SAGE Publications.

Thompson, S., Johnstone, C. J., & Thurlow, M. L. (2002). Universal design applied to large scale assessments (Synthesis Report 44). University of Minnesota, National Center on Educational Outcomes.

UNESCO. (1994). The Salamanca Statement and Framework for Action on Special Needs Education. UNESCO. https://unesdoc.unesco.org/ark:48223/pf0000098427

UNESCO. (2020). Towards inclusion in education: Status, trends and challenges: The UNESCO Salamanca Statement 25 years on. https://reliefweb.int/report/world/towards-inclusion-education-status-trends-and-challenges-unesco-salamanca-statement-25

United Nations. (2006). Convention on the Rights of Persons with Disabilities. United Nations Treaty Collection. https://treaties.un.org/pages/viewdetails.aspx?src=treaty&mtdsg_no=iv-15&chapter=4&clang=_en

United Nations. (2015). Transforming our world: The 2030 agenda for sustainable development. https://sdgs.un.org/goals/goal4

World Health Organization. (2021). World report on vision. World Health Organization. https://www.who.int/publications/i/item/9789241516570

Zeinullin, M. (2024). Improving exploration of tactile graphics by visually impaired users through real-time audio feedback. [Doctoral dissertation, University of Glasgow]. https://theses.gla.ac.uk/84854/

अनलाइन खबर. (२०८०, चैत ८). एसईई परीक्षाको तयारी पूरा, दृष्टिविहीन विद्यार्थीले आफू अध्ययनरत विद्यालयबाटै परीक्षा दिन पाउने. https://www.onlinekhabar.com/2023/03/1280933/

पौडेल, अ. (2082, भाद्र 1). दृष्टिविहीनको डिजिटल पढाइ. कान्तिपुर दैनिक. https://ekantipur.com/gandaki-pradesh/2025/08/17/digital-reading-of-the-blind-11-48.html

बिबिसी. (2015, मार्च 19). ब्रेल लिपीबाट परिक्षा दिन पाउनुपर्ने माग. BBC Nepali. https://www.bbc.com/nepali/news/2015/03/150319_slc_blindstudent

बोहरा, द. (2075, चैत 11). एसइई परीक्षा: पढाई ब्रेललिपि, परीक्षा सहयोगीको भरमा! खरिबोट. https://www.kharibot.com/news-details/30821/

वाग्ले, स., र पोखेल, र. (२०८१ भदौ २२). म पढ्छु, मै लेख्छु। उकालो। https://www.ukaalo.com/news/20125/